# नेपाली र मैथिली भाषाको कोटीकरणको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रा.रा.ब. क्याम्पस जनकपुर, नेपाली शिक्षण विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि

प्रस्तुत

## शोध प्रबन्ध


**शोधार्थी**

रंगीता कुमारी पाण्डेय

शैक्षिक सत्र - २०६५/०६७

त्रि.वि. रजिष्ट्रेशन नं. :- ९-२-२३०-२५-२००३

सि.नं. :- १४०१२९/०६८

त्रिभुवन विश्वविद्यालय

रा.रा.ब. क्याम्पस, जनकपुर

नेपाली शिक्षण विभाग


२०७१

शोधनिर्देशक
उप.प्रा. चन्देश्वर लाल कर्ण
नेपाली शिक्षण विभाग
रा.रा.ब. क्याम्पस, जनकपुर

# नेपाली र मैथिली भाषाको कोटीकरणको तुलनात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत रा.रा.ब. क्याम्पस जनकपुर, नेपाली शिक्षण विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-१) को
प्रयोजनका लागि
प्रस्तुत

## शोध प्रबन्ध

शोधार्थी
रंगीता कुमारी पाण्डेय
शैक्षिक सत्र - २०६५/०६७
त्रि.वि. रजिष्ट्रेशन नं. :- ९-२-२३०-२५-२००३
सि.नं. :- १४०१२९/०६८
त्रिभुवन विश्वविद्यालय
रा.रा.ब. क्याम्पस, जनकपुर
नेपाली शिक्षण विभाग
२०७१

# शोधनिर्देशकको सिफारिस पत्र

**'नेपाली र मैथिली भाषाको कोटीकरणको तुलनात्मक अध्ययन'** शीर्षकको यो शोधपत्र नेपाली स्नातकोत्तर दोस्रो वर्षका छात्रा रंगीता कुमारी पाण्डेयले तयार पार्नु भएको हो । अत्यन्त मेहनतपूर्वक तयार पारिएको उहाँको यस शोध प्रबन्ध प्रति म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निमित्त रा.रा.ब. क्याम्पस, जनकपुर, नेपाली शिक्षण विभाग समक्ष सिफारिस गर्दछु ।

मितिः २०७१/ /

..................................

उप.प्रा. चन्देश्वर लाल कर्ण
शोधनिर्देशक
त्रिभुवन विश्वविद्यालय
नेपाली शिक्षण विभाग
रा.रा.ब. क्याम्पस,
जनकपुर

# त्रिभुवन विश्वविद्यालय
# रा.रा.ब. क्याम्पस
# जनकपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रा.रा.ब. क्याम्पस, जनकपुर, नेपाली शिक्षण विभागका छात्रा रंगीता कुमारी पाण्डेयले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्र (५१०-१) को प्रयोजनका लागि तयार पार्नु भएको **'नेपाली र मैथिली भाषाको कोटीकरणको तुलनात्मक अध्ययन'** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, उप.प्रा. चन्देश्वर लाल कर्ण ....................

२. शोधनिर्देशक, उप.प्रा. चन्देश्वर लाल कर्ण ....................

३. वाह्य परीक्षक, ....................

मितिः २०७१/ /

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली वर्षको दसौं पत्रको प्रयोजनको लागि मैले आदरणीय गुरु उ.प्रा. चन्देश्वर लाल कर्णज्युको कुशल निर्देशनमा तयार पारेको हुँ । शोधपत्र लेखनको सिलसिलामा विविध व्यस्तताका बीच पनि अमूल्य समय निकाली आवश्यक सहयोग, सुझाव तथा प्रोत्साहन प्रदान गर्नु भएकोमा उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधकार्य आफैंमा एउटा जटिल कार्य हो । त्यसमा पनि भाषा विषयको शोधकार्य झनै चुनौतिपूर्ण हुने गर्दछ । यस कार्यको लागि सल्लाह तथा प्रेरणा प्रदान गर्नु हुने गुरु ध्रुव राय प्रति र "नेपाली तथा मैथिली भाषाबीच कोटिकरणको तुलनात्मक अध्ययन" को शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि आवश्यक सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत शोधकार्य गर्न अवसर जुटाइदिने रा.रा.ब. क्याम्पस, नेपाली शिक्षण विभाग प्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य निर्माणका क्रममा सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने आदरणीय श्रीमान् दिलीप कुमार मिश्र प्रति आभारी छु । त्यस्तै मैथिली भाषाको मानक लिखित रुपसम्बन्धि आवश्यक सल्लाह दिनु भएकी गुरुआमा डा. श्यामा कुमारी महतो प्रति हार्दिक आभार व्यक्त  गर्न चाहन्छु ।

जीवनका विभिन्न पीडा र कठिनाइहरुलाई पन्छाएर अध्ययन कार्यमा सधैं हौसला प्रदान गर्नुहुने पिता गजेन्द्र पाण्डेय प्रति सधैंभर ऋणी छु । शोधपत्र तयार गर्दा भाषाबारे केही सुझाउ दिइ सघाउ पुऱ्याउने गुरुजन, इष्टमित्र र टङ्कन गरिदिने माईक्रोसोफ्ट कम्प्यूटर सेन्टर जनकपुर प्रति कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र समुचित मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, रा.रा.ब. क्याम्पस, जनकपुर, नेपाली शिक्षण विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिकसत्र २०६५/०६६

क्रमाङ्कः १५

.........................

रंगीता कुमारी पाण्डेय

त्रिभुवन विश्वविद्यालय

रा.रा.ब. क्याम्पस,

नेपाली शिक्षण विभाग

जनकपुर

# विषय सूची

पृष्ठ संख्या

## अध्याय एक : शोधको परिचय


१.१ शोधशीर्षक १

१.२ शोधप्रयोजन १

१.३ शोधपरिचय १

१.४ समस्याकथन ३

१.५ शोधको उद्देश्य ३

१.६ पूर्वकार्यको समीक्षा ४

१.७ अध्ययनको औचित्य ६

१.८ अध्ययन क्षेत्र र सीमा ६

१.९ अध्ययन विधि र अध्ययन पद्धति ७

१.१० विश्लेषण विधि ७

१.११ शोधपत्रको रुपरेखा ७


## अध्याय दुई

## नेपाली भाषा र मैथिली भाषाको सामान्य परिचय


२.१ नेपाली भाषाको सामान्य परिचय ८

२.१.१ नेपाली भाषाको उद्‌भव र विकास ९

२.१.२ नेपाली भाषाको विस्तार क्षेत्र र भाषिका १०

२.१.३ नेपाली भाषाको सामाजिक भूमिका १२

२.१.४ नेपाली भाषाको साहित्यिक रूपरेखा १३

२.१.५ नेपाली भाषाका सामान्य विशेषता १५

२.२ मैथिली भाषाको सामान्य परिचय १७

२.२.१ मैथिली भाषाको उद्‌भव र विकास १८

२.२.२ भौगोलिक विस्तार र भाषिका १९

२.२.३ नेपालमा बोलिने मैथिली भाषाको भौगोलिक विस्तार र उपभाषिका २३

२.२.४ नेपालमा मैथिली भाषा र छिमेकका अन्य भाषाहरू २४

२.२.५ मैथिली भाषाको सामाजिक भूमिका २७

२.२.६ मैथिली भाषाको साहित्यक रूपरेखा २८

२.२.७ मैथिली भाषाका सामान्य विशेषता ३१

२.३ निष्कर्ष ३३

## अध्याय तीन

## नेपाली र मैथिली भाषाको व्याकरणिक शब्दवर्ग

३. भूमिका ३४

३.१ नाम ३६

३.२.१ सर्वनामका वाक्यात्मक कार्य ३९

३.२.२ सर्वनामको व्याकरणिक उपवर्ग ४१

३.२.२.१ पुरुषवाचक सर्वनाम ४१

३.२.२.२ दर्शकवाचक सर्वनाम ४२

३.२.२.३ सम्बन्धवाचक सर्वनाम ४३

३.२.२.४ प्रश्नवाचक सर्वनाम ४३

३.३ विशेषण ४४

३.३.१ गुणबोधक विशेषण ४५

३.३.२ सम्बद्धात्मक विशेषण ४५

३.३.३ भेदक ४५

३.३.४ परिमाणवाचक विशेषण ४६

३.३.५ तुलनात्मक विशेषण ४६

३.३.६ सार्वनामिक विशेषण ४७

३.३.७ संख्यावाचक विशेषण ४७

३.४ क्रियापद ४८

३.५ क्रिया विशेषण ५२

३.५.१ कालवाचक ५३

३.५.२ स्थानवाचक ५४

३.५.३ परिमाणवाचक ५४

३.५.४ रीतिवाचक ५४
३.५.५ आवृतिवाचक ५५
३.६ नामयोगी ५६
३.६.१ नामयोगीका प्रकारहरू ५६
३.६.१.१ समयवाचक ५६
३.६.१.२ स्थानवाचक ५६
३.६.१.३ रीतिवाचक ५६
३.६.१.४ हेतुवाचक ५६
३.६.१.५ अवधिकवाचक ५६
३.६.१.६ दिशावाचक ५६
३.६.१.७ सहार्थवाचक ५६
३.६.१.८ विनिमयवाचक ५७
३.६.१.९ अभाववाचक ५७
३.७ संयोजक ५७
३.८ निपात ५८
३.९ विस्मयादिबोधक ५९
३.१० निष्कर्ष ६०

## अध्याय चार

## नामिकपदका व्याकरणिक कोटि

४.२ नेपाली र मैथिली भाषाको लिङ्ग व्यवस्था ६१
४.२.१ नाममा लिङ्ग ६३
४.२.२ विशेषणमा लिङ्ग ६४
४.३ नेपाली र मैथिली भाषामा वचन व्यवस्था ६६
४.३.१ नाममा वचन ६७
४.३.२ सर्वनाममा वचन ६८
४.३.३ विशेषणमा वचन ६९
४.३.४ स्वामित्व बोधक वचन ७०
४.४ पुरुष व्यवस्था ७१

४.४.१ प्रथम पुरुषः ७१
४.४.२ द्वितीय पुरुष ७२
४.४.३ तृतीय पुरुष ७२
४.५ आदर व्यवस्था ७३
४.५.१ अनादर (आदर रहित) ७४
४.५.२ सामान्य आदर ७४
४.५.३ उच्च आदर ७४
४.५.४ उच्चतम आदर ७४
४.६ कारक विभक्ति व्यवस्था ७५
४.६.१ रुपरचनाको आधारमा कारक ७५
४.६.२ वाक्यात्मक सम्बन्धको आधारमा कारक र विभक्ति ७६
४.७ निष्कर्ष ७९

## अध्याय पाँच

## क्रियापदका व्याकरणिक कोटीहरु

५.१ परिचय ८१
५.२ काल व्यवस्था ८१
५.२.१ भूत काल ८३
५.२.२ वर्तमान काल : ८५
५.२.३ भविष्यत काल ८७
५.३ पक्ष व्यवस्था : ८९
५.३.१ सामान्य पक्ष ९०
५.३.२ अपूर्ण पक्ष : ९०
५.३.३ पूर्णपक्ष ९१
५.३.४ अभ्यस्त पक्ष ९३
५.३.५ अज्ञात पक्ष ९४
५.४ भाव ९४
५.४.१ सामान्यार्थ ९५
५.४.२ इच्छार्थ ९५

५.४.३ आज्ञार्थ ९६

५.४.४ सम्भावनार्थ ९७

५.४.५ सङ्केतार्थ : ९८

५.५ वाच्य : ९९

५.५.१ कर्तृवाच्य : १००

५.५.२ कर्मवाच्य : १००

५.५.३ भाव-कर्मवाच्य १०१

५.५.४ भाववाच्य १०२

५.६ ध्रुवीयता (करण/अकरण) १०२

५.७ निष्कर्ष १०४

## अध्याय छ

## उपसंहार तथा निष्कर्ष

६.१ सम्भाव्य शोध शिर्षक १११

सन्दर्भग्रन्थसूची ११२

## शोध प्रबन्धमा प्रयोग भएका संक्षेपीकृत शब्दसूची र लेख्य चिन्हहरु :

| **संक्षिप्त रुप** | **पूर्ण रुप** |
| --- | --- |
| ई.सं. | ईस्वी सम्वत् |
| वि.सं. | विक्रम सम्वत् |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| रा.रा.ब. | रामस्वरुप रामसागर बहुमुखी |
| पृ. | पृष्ठ |

## प्रयोग भएका लेख्य चिन्हहरु

| | **चिन्ह** |
| --- | --- |
| ; | अर्धविराम |
| , | अल्पविराम |
| । | पूर्ण विराम |
| - | योजक |
| ‘ ’ | उद्धरण |
| “ ” | उद्धरण |
| ! | विस्मयादिबोधक |
| ? | प्रश्नवाचक |

## अध्याय एक

## शोधको परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यपत्रको शीर्षक "नेपाली र मैथिली भाषाबीच कोटीकरणको तुलनात्मक अध्ययन" रहेको छ ।

### १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संङ्कायअन्तर्गत नेपाली शिक्षण विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

### १.३ शोधपरिचय

नेपाल भाषिक विविधताले भरिएको बहुभाषिक राष्ट्र हो । छपन्न हजार वर्गमाइलमा फैलिएको विश्वमानचित्रको सानो राष्ट्र संसारकै विभिन्न भाषा परिवारहरुका ९२ वटा भाषाहरु र अन्य नाम नचिनिएका भाषाहरु नेपालको जनगणना २०५८ अनुसार उल्लेख रहेका छन् । संसारमा बोलिने प्रमुख भाषा परिवार भारोपेली, चिनीयाँ-तिब्बती, आग्नेसियाली र द्रवेडेलीका साथै एक अनिर्धारित भाषा प्रकारका भाषाहरु नेपालमा प्रचलनमा रहेका छन् (गिरी, २०६३ : १६३० । यसरी नेपालमा विभिन्न भाषाका भाषाभाषिहरु आ-आफ्ना जातीय र भाषिक मान्यता बोकेर रहनु देशको लागि यो भाषिक फुलवारी, अमूल्य निधि र ज्यादै गौरवको विषय हो । यिनै भाषाहरु मध्ये नेपालभित्र नेपाली भाषा जनसंख्याको दृष्टिले अत्यधिक जनताले र संसारमा चार करोड वक्ताले बोल्ने जानकारी पाइन्छ (विकीपेडीया, नोभेम्बर २००३) । यसरी नेपाली भाषा नेपालको प्रमुख भाषाको रुपमा रहेको छ ।

नेपालमा बोलिने विभिन्न भाषा परिवारका भाषाहरुमध्ये नेपाली भाषा, भारोपेली भाषा परिवारका पर्दछ । यो भाषाउदीच्य शौरसेनी प्राकृतबाट खस अपभ्रस हुँदै विकसित भएको मान्यता रहेको छ । यसै गरी भारोपेली भाषा परिवारकै अर्को मैथिली भाषाको पनि नेपालमा दोस्रो ठूलो भाषाको रुपमा अस्तित्व देखापर्दछ । मागधी, प्राकृत र मागध अपभ्रशंबाट यो मैथिली भाषा विकसित भएको हो । बालकृष्ण पोखरेल (२०५५:९४) ले दुबै भाषालाई भारोपेलीको भारतीय शाखा अन्तर्गत उदीच्य प्राकृतबाट नेपाली मागधी प्राकृतबाट विकसित यो भाषा नेपालको तराइका भू-भाग र बढ्दो यसको प्रभावका अन्य

क्षेत्र र भारतको विहार, उत्तर प्रदेश, उत्तराञ्चल झारखण्डमा विकसित छ जसको क्षेत्रफल ५५९२० वर्गकिलोमितर रहेको छ । (झा, १९७४:२) । नेपालमा दोस्रो ठूलो एक स्वतन्त्र भाषाको रुपमा अस्तित्व बोकेको मैथिली भाषा भारतमा हिन्दीको छायाँमा दबेको छ । भारतमा यस भाषालाई हिन्दीको बाहिनी भाषाको रुपमा विद्वानहरुले राखेको पनि पाइन्छ तर ग्रियर्सन (सन् १९०३) चटर्जी (१९६३) तथा नेपाली विद्वानहरुले हिन्दी भन्दा बेग्लै भाषाको रुपमा स्वीकार गरिसकेका छन् । यस भाषामा अन्य सगोत्री भाषाहरुको प्रभाव परेको छ तापनि यसको आफ्नै स्वतन्त्र विशेषता छ । यसरी मैथिली एक स्वतन्त्र भाषाको रुपमा देखापर्दछ भने भन्न सकिन्छ कि मैथिली भारत तथा नेपालमा प्रचलित एउटा स्वतन्त्र सभ्रान्त भाषा हो । यस भाषालाई प्राचीनकालमा विविध पर्यायवाची नामाकरण तिरहुतिमा आदि प्रयोग भएको पनि पाइन्छ । प्रांचीन कालमा मिथिला एउटा प्रसिद्ध बौद्धिक केन्द्रको रुपमा स्थापित थियो । यो केन्द्र आधुनिक कालमा दुईवटा स्वतन्त्र राज्य नेपाल र भारतको बीच राजनीतिक रुपमा विभाजित छ ।

प्रत्येक भाषामा आ-आफ्नै भौगोलिक र भाषिक विशेषता विद्यमान हुनछन् साथसाथै व्याकरणात्मक विशेषता मूल रुपमा रहेका हुन्छन् । साथसाथै व्याकरणात्मक विशेषता मूल रुपमा रहेका हुनछन् । सामान्यतः भाषाका वर्ण, व्याकरण, शब्द र अर्थका तहमा बेग्लाबेग्लै व्यवस्था हुन्छन् । यी बेग्ला बेग्लै व्यवस्थाहरु भएतापनि संसारका विभिन्न भाषाका व्याकरणमा केहि समानता र केही असमानता पाइन्छन् । मूल रुपमा शुद्ध, स्तरीय र मानक रुप प्रदान गरी व्यवस्थित गराउने महत्वजपूर्ण अङ्ग व्याकरण हो । व्याकरणअन्तर्गत अनेक अङ्गहरु रहेका हुन्छन् । ती मध्ये कोटिकरणको महत्वपूर्ण स्थान रहेको हुन्छ । व्याकरणिक कोटिभित्र लिङ्ग, वचन, पुरुष, कारक, आदर, काल, पक्ष, भाव, ध्रुवियता पर्दछन् । यिनै कोटिकरणको अध्ययन गर्दै नेपाली र मैथिली भाषामा देखा परेका भिन्न भिन्न तत्वको निरुपण गर्नु यस शोधपत्रको विषय रहेको छ ।

## १.४ समस्याकथन

मैथिली भाषा नेपालमा नेपालहरुले बोल्ने भाषाहरुमध्ये दोस्रो ठूलो भाषा हो । यो भाषा उल्लेख्य रुपमा भारत र नेपालमा बोल्दछन् । हालसम्म यो भाषा औपचारिक सरकारी कामकाजको भाषा बन्न सकेको दुवै राष्ट्रमा छैन । अतः सामान्य अध्ययनमा मात्र सीमित यसको व्यापक तुलनात्मक अध्ययन भने भएको पाइँदैन । यस शोधकार्यमा नेपाली भाषाको

सापेक्षतामा मैथिली भाषाको कोटिकरणको पहिचान गर्ने कार्य गरिएको छ । यस शोधकार्यमा नेपाली र मैथिली भाषाबीच तुलनागर्दा समस्याका रुपमा यी निम्न बुँदाहरुलाई लिएको छ ।

क) नेपाली र मैथिली भाषाको सामान्य परिचय के हो ?

ख) नेपाली भाषा र मैथिली भाषाका व्याकरणात्मक शब्दवर्ग बीच के कस्ता समानता र भिन्नता पाइन्छ ?

ग) नेपाली भाषा र मैथिली भाषामा नामिक पदका व्याकरणात्मक कोटिहरुमा के कस्तो समानता र भिन्नता पाइन्छ ?

घ) नेपाली भाषा र मैथिली भाषामा क्रियापदका व्याकरणात्मक कोटिहरुमा के कस्तो समानता र भिन्नता पाइन्छ ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य शोधसमस्यामा आएका विभिद प्रश्नहरुको उचित समाधान दिँदै निष्कर्ष दिनु  रहेको छ । यस शोधकार्यको मूल उद्देश्य निम्नानुसार रहेको छ ।

क) नेपाली र मैथिली भाषाको सामान्य परिचय दिनु ।

ख) नेपाली र मैथिली भाषाका व्याकरणात्मक शब्दवर्गबीच समानता र भिन्नता देखाउनु  ।

ग) नेपाली र मैथिली भाषाका नामिक पदका व्याकरणात्मक कोटिहरुका समानता र भिन्नता देखाउनु ।

घ) नेपाली र मैथिली भाषाका क्रियापदका व्याकरणात्मक कोटिहरुका समानता र भिन्नता देखाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपालको प्रारम्भिक जनगणना देखि नै मैथिली भाषाभाषीहरुको संख्या उल्लेख गरिएको छ । नेपाली भाषा पछि धेरै जनसंख्याले बोल्ने भाषाका रुपमा र्मथिली भाषा रहेको छ ,। नेपाल तथा भारत राज्यका अंशीय भूभागमा यी भाषाहर बोलिन्छ । यस भाषामा साहित्यिक गतिविधिहरु पनि भएका छन् । नेपाली भाषाको व्याकरण लेखन जे.ए. एटन ( १८२० इ) देखि सुरु भएको  पाइन्छ । यो अध्ययन नेपाली भाषाको एक भाषिक अध्ययन नभई तुनलात्मक अध्ययन भएको हुँदा नेपाली भाषाको अध्ययनमा केन्द्रित पूर्व अध्ययनलाई यहँ चर्चा गरिएको छैन । मैथिली भाषाको प्रारम्भिक रुप आठौं शताब्दीतिर नै देखापरेको प्रमाण पाइन्छ । त्यतिबेलादेखि नै यस भाषामा रचना कार्य भई नै रहेको पाइन्छ तर यसको भाषा वैज्ञानिक अध्ययन त्यति धेरै भएको पाइँदैन । यति हुँदा हुँदै पनि यस भाषाको बारेमा

अध्ययन नभएको भने होइनन् । ती हालसम्म भएका प्रमुख अध्ययन अनुसन्धान कार्यहरुलाई निम्नलिखित रुपमा प्रस्तुत गरिएको छ ।

मैथिली भाषाको अध्ययन गर्ने क्रममा मैथिली व्याकरण परम्पराको प्रवर्तक हर्नलेलाई मानिन्छ । उनले व्याकरणिक रुपमाहरुको केही दृष्टान्तको आधारमा मैथिलीलाई हिन्दीबाट फरक वर्गमा राखेका छन् । यद्यपि मैथिली व्याकरणको गहन अध्ययनको श्रेय गियर्सन ( १९९१ इ.) जान्छ । यिनले मैथिली भाषालाई स्थापित गने कार्य गरेका छन् । साथसाथै यु भाषाको भाषिकाहरुको निर्धारण गर्दै विभिन्न भाषिकाको गद्य तथा पद्यरचनाहरुको सङ्कलन पनि गरेका छन् । यसै समयमा मैथिली व्याकरणका अन्य प्रमुख कृतिहरु गियर्सन (१८८३ ई) तथा केलौगं (१८९३ई) द्वारा लेखिएको पाइन्छ ।

त्यसैं गरी मैथिली भाषा विद्वानहरुद्वारा लिखित सबैभन्दा पुरानो व्याकरण दिनबन्धु झा को 'मिथिला भाषा विद्योतन' (सन् १९४६) लाई मानिन्छ । यसमा यिनले व्याकरणका नियमहरुलाएं संस्कृत व्याकरणका पाणिनीय शैलीमा सूत्रबद्ध रुपमा लेखेका छन् । यस पछि सुनीतिकुमार चटर्जी (सन् १९६३) ले भारतीय आर्यभाषाहरुको अध्ययन गर्ने क्रममा विछाडी भित्र मैथिली भाषालाई राख्दै व्याख्या गरेका छन् । यसै गरी पं. श्री गोविन्द झा ले मैथिली भाषाका विकास (सन् १९७४) लेखेका छन् । जसमा मैथिली भाषाको क्षेत्र, भारतीय आर्य भाषासँग मैथिली भाषाको तुलना, कालिक र क्षेत्रीय विभाजन , ध्वनिको वर्णन, शब्द सम्पदा, नामको रुपवली भित्र कारक, लिङ्ग वचन, तथा सर्वनाम, विशेषण, क्रियापद, वाक्य रचना आदि शीर्षकमा मैथिली भाषाको आधुनिक भाषा वैज्ञानिक दृष्टिकोणले विश्लेषण गर्ने प्रयास गरिएको छ। यिनले नै उच्चतर, मैथिली व्याकरण लेखेका छन, जसमा नाम विचार, शीर्षक अन्तर्गत लिङ्ग, वचन र पुरुषको चर्चा गरेको पाइन्छ ।

आधुनिक भाषा वैज्ञानिक दृष्टिकोणको आधारमा डेभिस (सन् १९७४) तथा विलियम्स (सन् १९७४) को अध्ययनलाई महत्वपूर्ण मानिएको छ । यिनीरुले नेपालको तराई क्षेत्रबाट स्थलगत निरीक्षणद्वारा मैथिली वाक्यहरुको सङ्कलन र ठैग्मेक सिद्धान्त को आधारमा त्यसको विश्लेषण गरेका छन् । डा. बालगोविन्द झा व्यथितले आधानिक मैथिली व्याकरणको रचना (१९७६) मा युगेश्वर झाले मैथिली व्याकरण आधार रचनामा व्याकरणिक कोटिहरुको बारेमा चर्चा गरेका छन् । यसै गरी उदयनारायण सिंह (सन् १९७९) द्वारा रुपान्तरण व्याकरणको ढाँचा अन्तर्गत विश्लेषण गर्ने प्रयास पनि भएको छ । यसै गरी प्रा.डा. योगेन्द्र प्रसाद यादव (सन् १८८३, १९९८) ले मैथिलीको वाक्यात्मक पक्षको अन्वेषण

गरेका छन र चोम्स्कीद्वारा प्रतिपादित रुपान्तरण व्याकरणको अधिशासन र आवद्धता माथि यसको  प्रभावको खोजी गरेका छन् ।

यसै क्रममा रामअवतार यादवले मैथिलीको सन्दर्भ व्याकरण सन् १९९६ मा वर्ण व्यवस्था, रुपव्यवस्था तथा वाक्य संरचना सहित अन्य सम्बन्धित विषयहरुको विस्तृत वर्णन प्रस्तुत गरेका छन्  लिङ्ग, पुरुष र काललाई सरल वाक्यमा प्रस्तुत गरेका छन् । यसै गरी प्रा.डा. योगन्द प्रसाद योदवले "रिडिङ्ग" इन मैथिली ल्याङ्ग्वेज एण्ड कल्चर (सन् १९९९) मा मैथिलीको भौगोलिक, साहित्यिक, भाषावैज्ञानिक अध्ययन परम्परा र व्याकरणात्मक विशेषताको विस्तृत रुपमा चर्चा गरेका छन् ।

क)	डा. योगेन्द्र प्रसाद यादवले (सन् १९८०) 'टाइम, टेन्स एण्ड आस्पेक्ट इनज इङ्गलिस एण्ड मैथिली मा चार पक्ष व्यवस्था रहेको चर्चा गरेका छन् । कालको सन्दर्भमा मैथिलीको काल व्यवस्थालाई भूत र अभूत गरी दुई भागमा विभाजन गरेका छन् र अभूत अन्तर्गत वर्तमान र भविष्यलाई राखेर अध्ययन गरेका छन् । पुरुषको सन्दर्भमा प्रथम, द्वितीय र तृतीय पुरुषको उल्लेख गरेका छन् । त्यसैगरी आदरका सन्दर्भमा तीन तहको आदरको उल्लेख गरेका छन् ।

ख)	बालकृष्ण पोखरेलले "राष्ट्रभाषा" (२०५५) मा नेपालको भाषाहरुको अध्ययन गरेका छन् । यस क्रममा भारोपेली भाषालाई तीन शाखामा विभाजन गरी मागधेली शाखा अन्तर्गत भारतवर्ग र नेपालवर्ग गरी छुट्याएका छन् । त्यमसा पनि भारतको अन्तर्गत मैथिली भाषाको अस्त्वित देखाएका छन् ।

यसैगरी सत्यनारायण गडेरीले "नेपाली र मैथिली भाषाका पदसङ्गतिको तुलना" शीर्षकमा एम.ए को शोधपत्र तयार गरेको छ । यस शोधपत्रमा पनि विविध पक्षको अध्ययन नभई केवल पदसङ्गतिगतका दृष्टिले तुलनात्मक अध्ययन मात्र भएको छ ।

मैथिली भाषासँग सम्बन्धित उल्लेखित अध्ययनहरु देखिन्छन् । यिनले समग्र मैथिली भाषाको विकासमा आवश्यक परेजति योगदान दिन नसकेपनि केही अवश्य ने दिएका छन् । मैथिली भाषा र नेपाली भाषा बीचको अर्न्तसाम्यताको अध्ययन भइनसकेकोले मैथिली भाषाको कोटिकरणको तुलनात्मक अध्ययन आवश्यक देखिन्छ ।

**१.७ अध्ययनको औचित्य**

कुनै पनि भाषाको व्याकरणात्मक पक्षको अध्ययन गर्नु भनेको सो भाषाको लागि सुधारात्मक र औचित्यपूर्ण कार्य मानिन्छ । भाषाको लागि व्याकरण महत्वपूर्ण हुन्छ ।

व्याकरणका पनि विभिन्न अङ्गहरु हुन्छन् । ती मध्ये व्याकरणात्मक कोटिहरु महत्वपूर्ण अङ्गका रुपमा रहेका हुन्छन् । नेपालको प्रमुख राष्ट्रिय भाषाहरु मध्ये मैथिली पनि एक हो । यस भाषा सम्बन्धी केही मात्रामा अध्ययन अनुसन्धान भएका छन् । नेपाली भाषासँग यसको पूर्ण रुपमा के कस्तो समानता र असमानता रहेको छ त्यसबारे अध्ययन हुन बाँकी नै छ । त्यसैले मैथिली भाषा र नेपाली भाषाका कोटिकरणको दृष्टिले तुलनात्मक अध्ययन गर्ने कार्य भएकोले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

यस अध्ययनमा नेपाली भाषा र मैथिली भाषाका व्याकरणात्मक कोटिका बीच तुलना गरिएको छ । यसबाट समानता र असमानताका साथै मैथिली भाषाका सामर्थ्य पनि देखिनेछ । यसले मैथिली भाषाको उत्थानमा सघाउ पुऱ्याउने छ । स्रोत भाषा मैथिली भएका शीक्षार्थीलाई नेपाली भाषा सिकाउँदा यस अध्ययनले महत्वपूर्ण भूमिका खेल्ने छ । यसका साथै मैथिली भाषाको बारेमा थप खोज अनुसन्धान गर्नका लागि सहयोग प्राप्त हुनेछ ।

**१.८ अध्ययन क्षेत्र र सीमा**

मैथिली भाषा दक्षिण एशियाको दुई सन्नकट राष्ट्र भारत र नेपालको तराईका जिल्लाहरुमा बोलिन्छ । ती सम्पूर्ण क्षेत्रमा गएर भाषाको वैज्ञानिक अध्ययन हुन सकेको छैन । नेपालका विभिन्न जिल्लाहरुमा यो भाषाका वक्ताहरु पाइन्छन् । ती प्रत्येक ठाउँमा पुग्न गाह्रो हुन्छ । त्यसैले यो अध्ययन नेपालको मैथिली भाषीहरुको भाषामा आधारित रहेको छ ।

यस अध्ययनमा स्तरीय नेपाली भाषामा प्रमुख व्याकरण कोटि लिङ्ग, वचन, पुरुष, आदर, कारक, काल, भाव, पक्ष, वाच्य र ध्रुवीयताका आधारमा मैथिली भाषासँग तुलना गरी दुबै भाषाका कोटिबिच समता र विषमता दर्शाइएको छ । मूलतः व्याकरणत्मक कोटिको अध्ययन रुपतत्वको आधारमा गरिएको छ र वाक्यलाई पनि थप आधार बनाइएको छ ।

**१.९ अध्ययन विधि र अध्ययन पद्धति**

भाषिक अध्ययनको मूल सामग्री त्यस भाषाका वक्ता नै हुन् । यस अध्ययनमा सम्बन्धित क्षेत्रमा गई मैथिली मातृभाषा गएका शिक्षित, अशिक्षित, बल, प्रौढ तथा वृद्धि स्त्री, पुरुषबाट सामग्र लिइएको छ ।

यस अध्ययनमा मूलतः क्षेत्रीय अध्ययनका साथै पुस्तकालीय अध्ययन पद्धतिको समेत उपयोग गरिएको छ । नेपाली भाषाको सामग्रीको लागि विभिन्न विद्वान्हरुका व्याकरणको

पुस्तकहरुको प्रयोग गरिएको छ । मैथिली भाषाका लागि मैथिली व्याकरण पं गोविन्द झा ( १९७४) र नपुग स्थलमा विद्वानको लेखलाई पनि आधार मानिएको छ ।

### १.१० विश्लेषण विधि

यस शोधकार्यमा विभिन्न अध्ययन विधिहरुको प्रयोग गरी सङ्कलित सामग्रीहरुबाट मैथिली भाषाका व्याकरणात्मक कोटिहरु पहिचान गरिएको छ । तिनको सामान्य परिचय दिने क्रममा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यसैगरी मैथिली भाषा र नेपाली भाषाका व्याकरणिक कोटिहरुको तुलना गर्ने क्रममा तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

### १.११ शोधपत्रको रुपरेखा

अध्याय एक- शोधपत्रको परिचय

अध्याय दुई- नेपाली र मैथिली भाषाको सामान्य परिचय

अध्याय तीन- नेपाली र मैथिली भाषाको व्याकरणिक शब्दवर्ग

अध्याय चार- नेपाली र मैथिली भाषाका नामिक पदको व्याकरणिक कोटिहरुको तुलना

अध्याय पाँच- नेपाली र मैथिली भाषाका व्याकरणिक कोटिहरु

अध्याय छ- उपसंहार र निष्कर्ष

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई
# नेपाली भाषा र मैथिली भाषाको सामान्य परिचय


## २.१ नेपाली भाषाको सामान्य परिचय

नेपाल बहुभाषिक, राष्ट्र भए पनि यहाँका बहुसंख्यक जनता मातृभाषाको रूपमा नेपाली भाषा बोल्दछन् । यसैगरी नेपाल भित्र बोलिने अन्य भाषाभाषीहरू पनि अन्तर्जातीय वा अन्तर्भाषी सम्पर्कका निम्ति नेपाली भाषा प्रयोग गर्दछन् (डा. व्रतराज आचार्य, २०५८ भूमिकामा) । नेपाल अधिराज्यको संविधान २०४७ को भाग एक, धारा ६ को उपधारा दुईमा नेपाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा उल्लेख गर्दै यस भाषालाई राष्ट्रभाषा र अन्य भाषालाई राष्ट्रिय भाषाको रूपमा उल्लेख गरेको पाइन्छ । यसै गरी नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ को भाग एकको धारा पाँचको उपधारा एक मा नेपाल भित्र बोलिने सबै मातृभाषालाई राष्ट्रियभाषा र देवनागरी लिपिमा नेपाली भाषा सरकारी कामकाजको भाषा मानिएको छ । यस भाषालाई गणतन्त्र भारतको आठौं अनुसूचीमा समावेस गराई भारतमा राष्ट्रिय भाषाको सम्मान पनि दिइएको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपाल अधिराज्य भरि प्रचलित विभिन्न भाषाहरू मध्ये जनसंख्या र क्षेत्रविस्तार दुबै दृष्टिले नेपाली भाषा नै सर्वप्रमुख भाषाको रूपमा देखा पर्दछ । क्षेत्रफलको दृष्टिकोणले नेपाल सानो देश भएतापनि बहुजातीय,बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषता युक्त देश हो, अन्तरिम संविधान (२०६३:२)।२०५८ को जनगणनाअनुसार ४८.६१% नेपाली मातृभाषीहरू नेपाल भित्र रहेका छन् । यस भित्र पनि पूर्वेली नेपाली भाषा नै साझा सम्पर्कको माध्यम र मानक भाषा बनेको छ ।

### २.१.१ नेपाली भाषाको उद्भव र विकास

नेपाली भाषा भारोपेली परिवारको एउटा सदस्य भाषा हो । यो भाषा भारोपेली भाषा परिवारको सतम् वर्ग अन्तर्गत पर्दछ । नेपाली भाषाको विकास कुन प्राकृत एवम् अपभ्रंशबाट भएको हो, भन्नेमा विद्वानहरू बीच एकमत पाइँदैन । यसै क्रममा डा. व्रतराज (आचार्य २०४०: पृ. ११७) ले नेपाली भाषाको उद्भव खस अपभ्रंशबाट भएको हो भन्ने उल्लेख गरेको छन् भने भाषाशास्त्री बालकृष्ण पोखरेल (२०५५: २०) ले संस्कृतबाट विकसित भएका विभिन्न अपभ्रंशहरू मध्ये खस अपभ्रंशबाट नेपाली भाषाको विकास भएको हो, भनेका छन् ।

यसरी रहेको मतान्तरलाई पोखरेल (२०५५: ५२) ले विद्वानहरु बीच जे-जस्ता मतान्तर भए पनि उद्दीच्य शाखाबाट नेपाली भाषाको उद्‌भव भारोपेली भाषा परिवारको सतम् वर्ग अन्तर्गत पर्ने भारत इरानेली शाखाको तीन प्रशाखाहरूमध्ये भारतीय आर्यभाषाबाट विकसित संस्कृत भाषा हुँदै खस प्राकृत वा चुलिका पैसाचीबाट जन्मिएको नव्य भारतीय आर्य भाषा हो भनेको छ । यसरी आधुनिक आर्य भाषाहरूको उद्‌भवका सन्दर्भमा नेपाली भाषाको उद्‌भव प्रक्रियालाई तालिकामा निम्नानुसार देखाउन सकिन्छ :




स्रोत : (आचार्य, २०४० : ११७)

नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा लेखिने सरकारी कामकाजको भाषा नेपाली भाषा हो । अन्य आर्यभाषा सरह विक्रमको एघारौं शताब्दीतिर नै नेपाली भाषाको विकास भएको मानिन्छ । कतिपय अन्वेषकले वि.सं. १०३८ को दामुपालको शिलालेखलाई सर्वप्राचीन नमूना मानेको भएपनि प्रमाणिक देखिँदैन । यसैले १३१२ को अशोक चल्लको शिलालेख नेपाली भाषाको पहिलो अभिलेखको रूपमा देखा पर्दछ । नेपाली भाषालाई भिन्न भिन्न परिस्थितिसँग गाँसेर भाषाविदहरूले विभिन्न नामहरू जस्तै : खसभाषा, पर्वती भाषा, पहाडी भाषा, गोर्खा भाषा, गोर्खाली भाषा, गोर्खे भाषा, गिरिराज भाषा, देशभाषा, स्वदेश भाषा, राज भाषा, प्रकृत भाषा आदि नामाकरण गरेको पाइन्छ तर आज नेपाली भाषाले यी सम्पूर्ण संकीर्णताहरूलाई त्यागदै सम्पूर्ण नेपालीहरूको भाषाको रूपमा वर्तमानमा पहिचान पाइसकेको छ ।

नेपाली भाषाको यस ऐतिहासिकतालाई विद्वानहरूले आ-आफ्नै किसिमले काल विभाजन गरेका छन् ।

(बालकृष्ण पोखरेल २०५५ : पृ. ३६) का अनुसार

क) प्राचीन नेपाली : ११ औं शताब्दीदेखि १६ सम्म

ख) मध्यकालिन नेपाली १६ औं शताब्दीदेखि १९ औं सम्म

ग) आधुनिक नेपाली : २० औं शताब्दीदेखि हालसम्म

नेपाली भाषा वर्तमान, समयमा आम सञ्चारको पठन- पाठन, सरकारी क्षेत्र विभिन्न भाषाभाषीहरूको सम्पर्क भाषाको रूपमा समेत प्रचलनमा देखिन्छ । विदेशी सञ्चारका माध्यमहरूले समेत नेपाली भाषामा निश्चित कार्यक्रमहरू प्रसारण गर्नुले पनि यसको विकास र महत्व देखाएको छ ।

### २.१.२ नेपाली भाषाको विस्तार क्षेत्र र भाषिका

पूर्वमेचीदेखि पश्चिममा महाकालीसम्म, उत्तरमा हिमालदेखि दक्षिणमा भारत र नेपालको दशगजा सम्म फैलिएको नेपाल अधिराज्यभरी प्रचलित विभिन्न भाषाहरू मध्ये जनसंख्या र क्षेत्र विस्तार दुबै दृष्टिले नेपाली भाषा नै प्रमुख भाषाको रूपमा देखापर्दछ, यसरी नेपालमा सबैभन्दा बढी नेपाली भाषिहरू रहेका छन् । नेपाली भाषा नेपाल अधिराज्यभरी सर्वाधिक प्राथमिकता प्राप्त भाषा हो र यो भाषा देवनागरी लिपिमा सरकारी कामकाजको भाषाको रूपमा प्रयोग भएको पाइन्छ । वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा नेपाल बाहिरका दार्जिलिङ्ग, आसाम, भूटान, वर्मा, सिक्किम, पश्चिम बङ्गाल, हङकङ आदि जस्ता प्रवासी नेपाली बस्तीहरूमा तथा नेपालीहरू पुगेका विश्वका विभिन्न परिवेशमा आफ्नो एकाधिकार देखाइ परिचित भएका छन् । आज नेपाली भाषाले अन्तराष्ट्रिय जगतमा समेत आफ्नो वर्चस्व बढाएको छ । यसरी करोडौंको संख्यामा बोलिने नेपाली भाषीहरूको बसाइको क्षेत्रगत विविधताको कारणले गर्दा नेपाली भाषा सर्वत्र एकानासले बोलिएको पाइँदैन । त्यसकारण विभिन्न भाषाशास्त्रीहरूले नेपाली भाषाको भाषिकाहरूको निर्धारण गरेका छन् र कुनै पनि भाषाको क्षेत्रगत विस्तार र सामाजिक विभेदको कारणले गर्दा कुनै निश्चित क्षेत्र विशेषमा प्रचलनमा रहेको भिन्न प्रयोगका आधारहरू नै त्यस भाषाका भाषिकाहरू हुन् । यसै क्रममा भाषा शास्त्रीहरूले नेपाली भाषाको तीनवटा भाषिका देखि चौधवटा भाषिका सम्मको निर्धारण गरेका छन् । यसै क्रममा डा. व्रतराज आचार्य (२०४०, पृ. ६-६४) ले पूर्वी, केन्द्रीय र पश्चिमी आदि गरी विभाजन गरेका छन्, भने चुडामणि बन्धु (२०५२:५६) ले नेपाली भाषाका तीन भाषिका पूर्वी, पश्चिमी र केन्द्रीय गरी विभाजन देखाएका छन् र यसैगरी विभिन्न विद्वानहरूले विविध आधारमा नेपाली भाषाको

भाषिकाको निर्धारण गरेका छन् । यी सम्पूर्ण भाषाशास्त्रीहरूले भाषिकाको संख्या र मोटामोटी स्थान मात्र निर्धारण गरेका छन् तर तुलनात्मक रूपमा भाषिकाहरूको क्षेत्रनिर्धारण, क्षेत्रगत भाषिक विशेषताको चर्चा र हरेक भाषिकाहरूको उपभाषिकाहरूको उल्लेख बालकृष्ण पोखरेलले मात्र गरेका हुनाले सबैभन्दा भरपर्दो भाषिक विभाजन यिनैको विभाजनलाई मान्न सकिन्छ । पोखरेल २०५५, पृ. ४३-७२ का अनुसार नेपाली भाषाको भाषिका र यसको चर्चा तल गरिएको छ :

क) पूर्वेली नेपाली भाषिका

ख) माझाली नेपाली भाषिका

ग) ओरपश्चिमा नेपाली भाषिका

घ) मझपश्चिमा नेपाली भाषिका

ङ) परपश्चिमा नेपाली भाषिका

**२.१.२.१** पूर्वेली : सबैभन्दा बढी विस्तार यस भाषिकाको भएको छ, यो भाषिका दैलेख, जाजरकोट र सल्यानदेखि पूर्वमा भुटान, आसाम अनि वर्मासम्म फैलिएको छ । यो भाषिका सम्पूर्ण नेपालीहरूको साझा सम्पर्कको माध्यम समेत बन्न पुगेको छ । यस वर्गको तीन उपवर्ग छन् । उपभाषिका

अ) खसानी

आ) पर्वती

इ) गोर्खाली आदि छन्

**२.१.२.२** माझाली : यो भाषिका केन्द्रीय उपभाषिकाहरूको समूह हो । यसवर्गको भाषिकालाई जुम्ली पनि भन्न सकिन्छ । यसका उपभाषिकाहरू कर्णाली अञ्चलमा बोलिन्छ । यो क्षेत्र खस जातिहरूको क्रीडाभूमि भएकोले यस वर्गका भाषामा अनेकौं उपभाषिकाहरू पाइन्छन् । जसमध्येका उपभाषिकाहरू : अ) हुम्ली, आ) तिब्रीकोटी, इ) आसीदराली, ई) गुम्की, उ) रास्कोटी,

**२.१.२.३** ओरपश्चिमा : यो भाषिकाका भाषाहरू बझाङ्ग, बाजुरा र अछाम जिल्लामा बोलिन्छ । यस वर्गका भाषिकालाई तीन उपभाषिकामा देखाएका छन् । जुन अ) बझाङ्गी, आ) अच्छामी, र इ) बाजुराली हुन् ।

२.१.२.४ मझपश्चिमा : यस वर्गका भाषाले धेरै परपच्छिमा र थोरै माझालीसँग मेलराख्दछ । यो भाषा  डोटी र डडेल्धुरामा बोलिन्छ । यसका तीन उपभाषिका १ डुम्राकोटी, २ डडेलधुरा र ३ निरोली गरी विभाजन गरेका छन् ।

३. परपच्छिमा : महाकाली अञ्चलका माथ्लो सोराङ, बैतडी, चुहुँ, मार्मा, लेकम, चुहाँगढ, पुचौडी, इत्यादि इलाकामा बोलिने भाषिकाहरू परपश्चिमा वर्गभित्र पर्दछन् । यो वर्ग कुमाउनीबाट केही मात्रामा प्रभावित छ तापनि यसमा आफ्ना विशेषताहरूको अभाव छैन ।

**२.१.३ नेपाली  भाषाको सामाजिक भूमिका**

नेपाली भाषा नेपाली समाजका बहुसङ्ख्यक नेपालीहरूले बोल्दछन् । नेपालको सर्वसाधारण जनतादेखि उच्च समुदायको मानिसहरूले समेत बोल्ने र बुझ्ने यो भाषा हरेक वर्ग समुदायको लागि माध्यम भाषाको रूपमा रहेका छन् । नेपालको संविधान (२०४७; ७) ले नेपाली भाषा राष्ट्रभाषा र अन्य भाषाहरूलाई राष्ट्रिय भाषा मानेको छ भने अन्तरिम संविधान (२०६३;१३) ले नेपाल भित्र बोलिने सबै मातृभाषालाई राष्ट्रभाषा मान्दै सरकारी कामकाजको लागि नेपाली भाषा नै व्यवहार उपयोगी ठानेको छ र नेपाल भौगोलिक दृष्टिले सानो भएपनि भाषिकदृष्टिले सानो छैन तर पनि नेपाली भाषा भिन्न भाषाभाषी समाजको बीचमा साझा सम्पर्कको भाषाको रूपमा रहेको छ । नेपाली भाषाको पूर्वेली भाषिका मानक भाषाको रूपमा स्थापित भइसकेको छ । नेपाल लगायत विश्वका अन्य सञ्चार माध्यमहरू रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन आदि र विभिन्न एफ.एम. रेडियोहरू बी.बी.सी. वर्ल्ड सर्भिस, अलइण्डिया रेडियो आदि तथा विभिन्न संचारका छापा माध्यम- गोरखापत्र, कान्तिपुर इत्यादिबाट नेपाली भाषामा कार्यक्रमहरू प्रसारित हुनु र छापिनुले पनि यस भाषाको सामाजिक  भूमिकालाई प्रष्ट पार्दछ । आज विश्वमा नेपालीहरू पुगेको हरेक भू-भागमा वा क्षेत्रमा नेपाली भाषाको माध्यमबाट आफ्नो पहिचान गराउन सङ्गठित बन्न निकै सजिलो भएको छ । यसरी नेपाली समाजमा नेपाली भाषाले खेलेको भूमिकाको कारण नेपाल भित्र रहेका जुनसुकै भाषाभाषीले आजको वैज्ञानिक युगको नयाँ आविष्कार देखि परिवर्तनका हरेक विषयवस्तुसँग आत्मसाथ गर्दै अगाडि बढ्न र तिनलाई बुझ्न सहज भएको छ । नेपाली भाषाको यी र यस्ता भूमिका कै कारण आम नेपाली समाजमा नेपाली जातित्वको भावनाको पनि विकास हुने देखिन्छ । आज देशको सामाजिक, राजनीतिक,

आर्थिक तथा राष्ट्रिय जीवनको क्रियाशीलतालाई व्यक्त गर्ने र बोध गर्ने माध्यम भाषाको रूपमा नेपाली भाषाको विकास भएको छ ।

### २.१.४ नेपाली भाषाको साहित्यिक रूपरेखा

नेपाली भाषा नेपाल भित्र बोलने अन्य भाषाहरू मध्येको एउटा आर्य भाषा हो । त्यसो भएपनि नेपाली भाषि सबै जनताहरू भने आर्य होइनन् । त्यसैले नेपाली भाषा नेपालका आर्यहरूको मात्र पेवा नभएर यो सबै नेपाली जनताको साझा भाषा हो । आजसम्म नेपाली भाषाको प्रारम्भिक स्वरूपको खोजीमा निन्तरता नै रहेपनि उपलब्ध प्रमाणिक भाषिक रूपरेखा तेह्रौ-चौधौ शताब्दी सम्मको देखिन्छ । यसरी नेपाली भाषाको साहित्यिक रूपरेखालाई नियाल्दा नेपाली भाषाले बोकेको इतिहास, नेपाली साहित्यको इतिहास भन्दा लामो पाइन्छ र नेपाली साहित्यको उपलब्ध इतिहास आधुनिक नेपालको निर्माण पछि को मात्र पाइन्छ । नेपाली भाषाको साहित्यिक रूपरेखा देखाउने क्रममा विद्वानहरूको साहित्यिक प्रतिभादेखि राजनीतिक परिवर्तन, सामाजिक धरातल, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाक्रम आदिलाई आधारमानी आ-आफ्नै किसिमले विभाजन रेखा कोरेको पाइन्छ, यसरी जे भएपनि नेपाली साहित्यको आजसम्मको उपलब्ध इतिहासको आधारमा यसलाई चार प्रमुख चरणमा विभाजन गरेर अध्ययन गरेको पाइन्छ । ती चरणहरूः

क. पृष्ठभूमि काल- प्रागैतिहासिक देखि एकीकरणपूर्व

ख. प्राथमिक काल- वीरधारा र भक्तिधारा

ग. माध्यमकि काल- शृङ्गार धारा

घ. आधुनिक काल- लेखनाथ पौड्यालदेखि आज सम्म

**२.१.४.१ पृष्ठभूमिकाल-** नेपाली साहित्यको पृष्ठभूमिकाल वा प्राचीनकाल भन्नाले लोकमा नै जीवत रहेको साहित्यिक परम्परा र वाङ्मय रचना भएको समय विन्दूलाई बुझाउँदछ । यस कालमा अभिलेख ताम्रपात्र, स्वर्णपत्र, ज्योतिष ग्रन्थ, धर्मकर्म सम्बन्धी ग्रन्थ आदि केही अनुदित र केही मौलिक रचनाहरू रचिएको पाइन्छ ।

**२.१.४.२ प्राथमिककाल-** नेपाली साहित्यको ऐतिहासिक यात्रामा साहित्यको श्री गणेश यसै कालबाट भएको हो । यसर्थ यस काललाई नेपाली साहित्यको प्रस्थान विन्दु पनि भनिएको पाइन्छ । यस कालामा वीररस वा वीर धारा र भक्तिरस वा भक्तिधारा आदिमा आधारित पद्य कविताहरू रचिएको पाइन्छ । यसकालको आज सम्म उपलब्ध भएका मध्ये सबैभन्दा पुरानो कविका रूपमा सुवानन्द दास र उनका 'पृथ्वीनारायण' शीर्षकको कविता नै पहिलो पद्यरचना मानिन्छ, (डा. ताराशर्मा २०६३ः १७) । यसैगरी प्रथम गद्याख्यानकार सदाशिव

बल्लभ अर्ज्यालको 'महाभारत विराटपर्व' १८७२ पहिलो गद्य रचना मानिन्छ , शरदचन्द्र शर्मा भट्टराई र घटराज भट्टराई (२०६१: ५०) । यसरी यस कालमा गद्य तथा पद्य दुबै किसिमको साहित्य लेखिएका छन् । यस कालखण्डमा विविध साहित्यकारहरूले वीरधारा र भक्तिधारामा राभभक्ति धारा, कृष्णभक्ति धारा, निगुर्ण भक्तिधारा आदिमा कलम चलाएको पाइन्छ । यस कालको भानुभक्तको 'रामायण' महाकाव्य, बसन्त शर्माको 'कृष्णचरित्र' खण्डकाव्य, सन्त ज्ञानदिलाहासको 'उदयलहरी' खण्डकाव्य आदि उत्कृष्ठ रचनाहरू मानिछन् । यसैगरी गद्य साहित्यमा आख्यानात्मक र आख्यानेत्तर दुबै किसिमको रचनाहरू 'हितोपदेश मित्रलाभ', 'तीन आहान', 'पिनासको कथा', 'हास्यकद्म', आदि पाइन्छ । समग्रमा यस काललाई वीरस्तुति र भगवानको उपासनाको अवधिको रूपमा चिनिन्छ । यसरी यो काल स्तुतिमा केन्द्रित रचनाहरूको प्रतिनिधित्वको समय हो । यसैले यस कालखण्डलाई स्तुतिकाल पनि भनिन्छ ।

**२.१.४.३ माध्यमिक काल-** नेपाली साहित्यको ऐतिहासिक परम्परामा माध्यमिक काललाई शृङ्गारिक धाराको नामले पनि चिनिन्छ । किनभने यसकालमा शृङ्गारिक भावधारामा आधारित भएर पद्यात्मक साथसाथै जासुसी, तिलस्मी र रोमाञ्चक कथावस्तु युक्त आख्यानात्मक कृतिहरू पनि रचिएका छन्, जसमा शृङ्गारिकताको अग्रिनी स्थान रहेको छ । यसै समायवधिमा मुद्रणको र छपाखानाको सुरुवात भयो र नेपाली साहित्यले पनि एउटा नयाँ गति लिँदै छापाखानाको युगमा प्रवेश गरेको पाइन्छ । यसै समयमा नेपाली भाषा साहित्यको विकासको लागि 'गोर्खा भारत जीवन-१९४३', 'सुधासागर' १९९५, 'गोरखापत्र' १९५८, 'माधवी' १९६५, 'सुनहरी' १९९३ आदि पत्रिकाहरूको पनि ठूलो योगदान रह्यो । यसै समायवधिमा पद्यसाहित्यका मोतीराम भट्ट, राजीव लोचन जोशी, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे आदिको कविता, गजल र गीतहरू महत्वपूर्ण मानिन्छन् भने गद्य साहित्यमा हरिहर शर्मा, सदाशीव सर्मा, गिरीश बल्लभ जोशी आदिले कलम चलाएका छन् ।

**२.१.४.४ आधुनिक काल-** नेपाली साहित्यको आधुनिककालको उठान विवादस्पद बन्न पुगेको छ । विद्वानहरूले नेपाली साहित्यको आधुनिककालको सुरुवात साहित्यको विभिन्न विधाहरूको आधारमा भिन्न भिन्न मानेका छन् । आधुनिक अन्य भाषाहरूको समकक्षी रूपमा नेपाली कविताको रचना हुनु, नेपाली भाषा साहित्यमा पाश्चात्य विभिन्न धाराहरूको आगमन हुनु तथा सहित्यकारहरू ले धेरै धारा अनुसरण गर्न पुग्न, कविहरू, लेखकहरूको संख्या बढ्दै जानु, राष्ट्रिय चेतनाको स्वर गुञ्जनु आदि प्रवृत्ति पाइएकाले गर्दा नेपाली कविताले आधुनिकता प्राप्त गरेको हो त्रिपाठी (२०६६: ११३) । यसरी १० देखि १५ वर्षको अन्तरालको बीचमा नेपाली साहित्यका सम्पूर्ण विधाले आधुनिकता प्राप्त गरेको पाइन्छ । यस समयमा लेखनाथ पौड्याल, लक्ष्मी प्रसाद देवकोटा र गोपालप्रसाद रिमाल आदि


कविहरू अनि बालकृष्ण सम, विजय मल्ल, गोपाल प्रसाद रीमाल, सरुभक्त आदि नाटककारहरू, रुद्रराज पाण्डे, भवानी भिक्षु, ध्रुवचन्द्र गौतम, विश्वेश्वरप्रसाद कोइराला, पारिजात आदि आख्यानकारहरू त्यसरी नै लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, भैरव अर्याल र श्यामप्रसाद शर्मा आदि निबन्धकारहरू मुख्य रूपमा देखा परेका छन् ।

**२.१.५ नेपाली भाषाका सामान्य विशेषता**

नेपाली भाषा जीवित भाषा हो । साथसाथै सैद्धान्तिक रूपमा एकहजार वर्षजति र प्रमाणित रूपमा सातसय पचास वर्षजति इतिहास बोकेको भाषा हो । यसरी विकसित नेपाली भाषालाई वर्तमान सन्दर्भमा लेख्य तथा कथ्य दुबै आधारमा हेर्नु पर्दछ । लेख्य रूपमा आधुनिक नेपाली भाषा अनेकताबाट एकरूपता तीर अगाडि बढेको छ भने कथ्यरूपमा चाहिँ यसका अनेक भेदोपभेद पाइन्छन्, (गौतम, २०४९: पृ. ६०) । वर्तमान सन्दर्भमा नेपाली भाषा स्तरीकृत, मानकीकृत अनि परिष्कृत,परिमाजिर्त स्वरूप, मानक व्याकरणहरूद्वारा अनुशासित साथै शब्दकोषद्वारा व्यवस्थित अनि सुनिश्चित लेख्य प्रणालीद्वारा सर्वत्र एकै किसिमले देवनागरी लिपिमा लिपीवद्ध गर्न सकिने भाषा हो । नेपाली भाषा भारतवर्षको प्राचीन ब्राह्मी लिपिबाट विकसित, बायाँबाट दायाँतर्फ लेखिँदै जाने आक्षरिक देवनागरी लिपिमा लेखन्छ (आचार्य, (२०५८: ९) । नेपाली भाषाको परम्परागत वर्णमालामा १५ वटा स्वर र ३६ वटा व्यञ्जन वर्णहरू पाइन्छन् तर वर्तमान अवस्थामा ती सबै वर्णमाला कथ्यभाषामा सुरक्षित रहन सकेका छैनन्  (पोखरेल, २०५५; ४५) नेपाली भाषाको वा सिञ्जाली लिपिको वर्ण व्यवस्थामा र देवनागरीको वर्णव्यवस्थामा न्यूनाधिक भिन्नता पाइन्छ । आज नेपाली भाषाको आफ्नै किसिमको वर्णव्यवस्था सुस्त-सुस्त प्रयोगमा आउन थालेको छ (पोखरेल, २०५५: १४७) ।

**नेपाली कथ्यवर्णहरू**

स्वरवर्णहरू- अ, आ, इ, उ, ए, ओ यी वर्णहरूलाई तालिकामा राख्दा




व्यञ्जनवर्णहरू- क, ख, ग, ध, ङ
च, छ, ज, झ
ट, ठ, उ, ढ
प, फ, ब, भ, म
त, थ, द, ध, न
य, र, ल, स, व
ह, यी वर्णहरूलाई तालिकामा राख्दा-

| स्थान प्रयत्न | | ओष्ठ्य | | दन्त्य | | वत्स्य | | तालु | | कण्ठ | | स्वरयन्त्रमूखी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्पर्श | अ.प्र. | प | ब | त | ट | द | उ | | | क | ग | | |
| | म.प्र. | फ | भ | थ | ध | ठ | ढ | | | ख | ध | | |
| स्पर्श सङ्घषी | अ.प्र. | | | | | च | ज | | | | | | |
| | म.प्र. | | | | | छ | झ | | | | | | |
| नासिक्य | अ.प्र. | म | | | | | न | | | ङ | | | |
| | म.प्र. | | | | | | | | | | | | |
| सङ्घर्षी | अ.प्र. | | | | | | | | | | | | |
| | म.प्र. | | | | | | | | | | | | |
| प्रकम्पीत | अ.प्र. | | | | | र | | | | | | | ह |
| | म.प्र. | | | | | स | | | | | | | |
| पार्श्विक | अ.प्र. | | | | | ल | | | | | | | |
| | म.प्र. | | | | | | | | | | | | |
| अर्धस्वर | अ.प्र. | | व | | | | | | य | | | | |
| | म.प्र. | | | | | | | | | | | | |

स्रोत : आचार्य, २०४०: ७ ।

यसरी नेपाली भाषाको अक्षर संरचनालाई नियाल्दा सम्पूर्ण स्वरहरू आक्षरिक व्यञ्जन वर्णहरु चाहिँ अनाक्षरिक पाइन्छ । सामान्यतः स्वरवर्ण भन्दा पहिला एउटा व्यञ्जन

वर्ण र स्वरवर्ण पछि एउटा व्यञ्जन वर्ण आउन सक्दछ । त्यसैले अर्द्धस्वर भन्दा पहिले दुईवटा व्यञ्जन वर्ण आउन सक्ने स्थिति देखिन्छ । त्यसैले संसारमा अन्य कतिपय भाषाहरू सरह नेपाली अक्षरको संरचनामा केन्द्रीय घटकको रूपमा चाहिँ एक वा एक भन्दा बढी व्यञ्जन वर्णहरू रहेका छन् । नेपाली भाषा मूलतः बहिरङ्ग आदेशात्मक भाषा हो, तथापि यसमा आगम तत्वको पनि अभाव छैन, बालकृष्ण पोखरेल (२०५५: १४७) । नेपाली भाषाको पदक्रमको व्यवस्थालाई नियाल्दा कर्ता, कर्म र क्रियाको पदक्रममा पाइन्छ । यस भाषामा वाक्य पूरा हुनको लागि एउटा समापिका क्रियाको आवश्यकता पर्दछ । त्यसरी नै यस भाषाको वाक्यमा लिङ्ग, वचन र पुरुष अनुसार क्रियाको संगति मिलाइएको हुन्छ, यसरी यो भाषा संगति प्रधान पनि देखिन्छ । त्यस्तै नेपाली भाषामा नामपदमा विभक्ति चिन्ह नामयोगी जोडिने मुख्य क्रियासँग सहायक क्रिया पनि रहने व्यवस्था पाइन्छ । यस भाषामा खुल्ला वर्ग वा मुख्य वर्गका र बद्ध वर्ग वा गौण वर्गका रूपहरू पनि पाइन्छन् । साथसाथै खुला वर्गमा आगमन हुने र त्यसमा गौण वर्गको रूप संयुक्त गरी नेपालीकरण गर्ने व्यवस्था पनि रहेको छ ।

### २.२ मैथिली भाषाको सामान्य परिचय

राजा जनकद्वारा शासित प्रागऐतिहासिक राज्य 'मिथिला' यसैगरी राजा रामको श्रीमती सीताको जन्मभूमि मिथिला क्षेत्र र सीताको पर्यायवाची नाम पनि मिथिला आदि हो, यसर्थ यस क्षेत्रमा प्रचतिल भाषलाई मैथिली भाषा भनिएको हो । झा, (ई.स.१९७४, १९) । प्राचीनकालमा मिथिला एउटा प्रसिद्ध बौद्धिक केन्द्रको रूपमा स्थापित थियो । यो केन्द्रद्वारा मानवीय चिन्तनको इतिहासमा केही उच्चतम बौद्धिक अन्तरक्रियाको आतिथ्य प्रदान गरिएको तथ्यको उल्लेख पाइन्छ तर हाल यो दक्षिण एशियाको दुई सन्निकट राष्ट्र (नेपाल र भारत) मा प्रचलित एउटा स्ववन्त्र संभ्रान्त भाषा हो, यादव, (सयपत्री, वर्ष १, २०५५) ।

२०५८ को नेपालको जनगणना अनुसार १२.३ प्रतिशत अर्थात् २७,९७,५८२ नेपालीहरूले मैथिली भाषा बोलेको पाइन्छ । त्यसैगरी विनोद बिहारी बर्माले भारतमा बिहार लगायत २६ जिल्लामा ३० लाख मैथिली वक्ताहरूको संख्याको बारेमा उल्लेख गरेका छन् । यसैगरी नेपाल अधिराज्यको संधिवान २०४७ ले मैथिली भाषालाई वा नेपालभित्र बोलिने मातृभाषालाई राष्ट्रिय भाषाको मान्यता दिएको छ भने अन्तरिम संविधान २०६३ को धारा पाँचको उपधारा एक अनुसार नेपालमा बोलिने सबै मातृभाषाहरूलाई राष्ट्र भाषाको सम्मान प्राप्त भएको छ । यसैगरी गणतन्त्र भारतको संविधानको आठौँ अनुसूचीमा यस भाषालाई


समावेश गरिएको छ । यस भाषाको भारतमा (१६) सोह्रौं र विश्वमा (२५) पच्चिसौं स्थान रहेको छ(१९८१ ई.), यादव र सहप्राध्यापक यादव (गरिमा, २०५८, पृ. १०१) । मैथिली भाषाको आफ्नै लिपि छ तर वर्तमान समयमा यो देवनागरी लिपिमा नै लेखिन्छ ।

### २.२.१ मैथिली भाषाको उद्भव र विकास

मैथिली भाषा भारतीय-यूरोपीय भाषा परिवारको भारतीय इरानी शाखा अन्तर्गतको आधुनिक भारतीय भाषा हो, मिश्र (ई.सं १९४६, १) । यसैगरी मैथिली भाषाको उद्भव युगको सम्बन्धमा अधिकांश विद्वान्हरू दसौं र एघारौं शताब्दीलाई उद्भव युग र सो भन्दा पहिलेको समयलाई अपभ्रंश युग मान्दछन् भने त्यहीनेर झा ८०० ई. देखि १२०० ई. सम्मको बीचको समयलाई (मैथिली भाषाको) यस भाषाको उद्भव युग मान्दछन् । यहाँ अन्य आधुनिक भाषाको उद्भवको सन्दर्भमा मैथिली भाषाको उद्भव प्रक्रियालाई निम्नअनुसार देखाउन सकिन्छ ।

बालकृष्ण पोखरेल (२०५५, पृ. ९६) का अनुसार :

नेपालमा भारोपेली खलकको स्थिति र मैथिली **भाषा**



यसरी बालकृष्ण पोखरेल (२०५५: ९६) ले यस भाषालाई भारोपेली खलकको मागधेली शाखाको भारत वर्ग अन्तर्गत राखेका छन । साथसाथै पूर्वी नेपालको तराईंमा बोलिने मैथिली भाषाको गहन रूपमा अध्ययन भएको छैन भनी उल्लेख गरेका छन् ।

यसैगरी मिश्र (१९४६: २) ले भारतीय आर्यभाषाको मुखभाषा वर्गको प्राच्य समूह अन्तर्गतको मागधी प्राकृत र मागध अपभ्रंशबाट यस भाषाको उत्पत्ति भएको भन्ने उल्लेख गरको छन् ।

यसैगरी मैथिली शब्दको सर्वप्रथम प्रयोग गर्ने कोलब्रुक (१८०१ ई.) हुन् भने यस नामलाई प्रसिद्ध बनाउने कार्य मैथिली भाषा साहित्यका उन्नायक ग्रियर्सनले गरेका हुन्, झा, (ई.सं. १९९१: २०) । यसरी ग्रियर्सन,र कोलब्रुक आदिले यस भाषालाई स्वतन्त्र भाषाको रूपमा चर्चा गरेको पाइन्छ । सँगसँगै भारतको स्वतन्त्रतापछि हिन्दी भाषाकै एक उपभाषाको वा बहिनी भाषाको रूपमा पनि विद्धान्हरूबीच तर्कतर्कना भएको पाइन्छ । मैथिली भाषाको यस ऐतिहासिकतालाई गोविन्द झा (१९७४: ३१-३४) ले यसप्रकार काल विभाजन गरेका छन् :

मैथिलीको उद्भव युग – ८०० ई. देखि १२०० ई. सम्म

मैथिलीको प्राचीन युग – १२०० ई. देखि १६०० ई. सम्म

मैथिलीको मध्य युग – १६०० ई. देखि १८०० ई. सम्म

मैथिलीको नवीन युग – १७८० पछि मान्न सकिन्छ भनी भनेका छन् । यसरी मैथिली भाषा वर्तमानमा आमसञ्चारको माध्यम र विविध विश्वविद्यालयहरूमा स्नातकोत्तर सम्मको पठ्नपाठन एवम् नेपालको पूर्वी तराइँका केही निश्चित क्षेत्रमा साझा सम्पर्कको भाषाको रूपमा प्रचलनमा रहनु र विदेशी सञ्चार माध्यमहरूले समेत यस भाषामा आश्रित कार्यक्रमहरू प्रसारण गर्नु र छापिनुले पनि यस भाषाको महत्व र विकासलाई प्रष्ट पार्दछ ।

### २.२.२ भौगोलिक विस्तार र भाषिका

परापूर्वकालमा मिथिला एउटा समुन्नत राज्य थियो र सो क्षेत्रमा बोलिने भाषालाई मैथिली भनिन्थ्यो तर हाल यो दक्षिण एशियाको दुई सन्निकट राष्ट्र भारत र नेपालमा प्रचलित एउटा स्वतन्त्रता संभ्रान्त भाषा हो, यादव (२०५५, वर्ष १, पृ. ५५) । मिथिलाको भौगोलिक सीमाको सम्बन्धमा विष्णुपुराण (५ औं शताब्दी) को मिथिला महात्म्य खण्डमा यस किसिमले उल्लेख गरेको पाइन्छ ।

'कौशिकीतु समारम्य गण्डकी मेघगम्घर्वे ।

योजनानि चतुर्विशंदयामः परिर्कार्तित ॥

गङ्गा प्रवाहमारम्य यावत् हैमवत वनम् ।

विस्तार : षोडस प्रोक्तो देशम्य कुलनन्दन ॥'

( गंगाप्रसाद अकेला २०६२, ने.प्र.प्र.कार्यपत्र, पृ.२) ।

यसैगरी मैथिली भाषाका रामायणका प्रणेता कविश्वर चन्दा झाले मिथिलाको भौगोलिक सीमा यसप्रकार उल्लेख गरेका छन् :

गङ्गा वहथि जनिक दक्षिण दिशापूर्व कौशिकी धारा,

पश्चिम वहथि गण्डकी उत्तर हिमवत् वन विस्तारा ।

कमला, त्रियुगा, गमृता, धेमुरा, वाग्मती कृत सारा,

मध्य बहथि लक्षमणा प्रभृति से मिथिला विधागारा । झा (१९९१,पृ.१८) ।

यसरी उल्लेख भएको मिथिलाको भौगोलिक सीमाको सम्बन्धमा गंगाप्रसाद अकेला ( २०६२, पृ. १३३), ले नेपालको परिप्रेक्ष्यमा संशोधन गर्दै भनेका छन्

पूर्वमेमेची सँ लह पश्चिममे गण्डकी नदी परि,

उत्तरक गैरमैथिली भाषि क्षेत्र सँ दक्षिणमे भारतक सीमा धरि ।

यसैगरी 'केन्द्रीय तथ्याङ्क विभाग' को तथ्याङ्क गतिविधि दोस्रो चौमासिक २०६४/६५ अनुसार मैथिली भाषा सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी जिल्लामा पहिलो स्थानमा, मोरङ्ग जिल्लामा दोस्रो स्थानमा, कालिकोट, अछाम जिल्लामा तेस्रो स्थानमा, कैलाली, डोटी, बझाङ्ग, बाजुरा, मुगु, जुम्ला, डोल्पा, दैलेख, सल्यान, ललितपुर जिल्लामा चौथो स्थानमा र झापा, भक्तपुर, रौतहट, पर्सा, रोल्पा, सुर्खेत, हुम्ला, डडेलधुरा जिल्लामा पाँचौं स्थानमा र यसैगरी अन्य जिल्लाहरूमा पनि मैथिली भाषाको प्रयोग भएको पाइन्छ । यसरी इतिहासमा मैथिली भाषाले सिम्रौनगढका कर्णाटकवंशी राजाहरूको राज्यकालमा, मल्ल राजाहरूको मल्लकालमा, सेनराजाहरूको राज्यकालमा नेपालमा फस्टाउने मौका पाएको थियो (गौतम, २०४९, पृ. १९७) ।

यसरी दुई सन्निकटवर्ती देशमा बोलिने यी भाषाभाषीहरूको क्षेत्रगत व्यापकतामा पूर्वमा बङ्गला भाषाले, पश्चिममा भोजपुरी भाषाले, दक्षिणमा मगही भाषाले र उत्तरमा नेपाली भाषाले घेरा हालेको छ । भौगोलिक सन्निकटताको कारण र भाषान्तर सानिध्यको कारणले यी एक अर्काको भाषामा पारस्परिक प्रभावले अथवा भाषा विकासको सामान्य

सिद्धान्तको कारण भाषामा कालन्तरमा आएको परिवर्तनले भाषिकालाई जन्म दिन्छ । यस सम्बन्धमा ग्रियर्सन (१८८१, पृ. ८१) द्वारा गरिएको उपभाषा विभाजन नै मान्य रहेको उल्लेख पाइन्छ (झा, १९७४, पृ. ४८) ।

(क) आदर्श मैथिली

(ख) दक्षिणी आदर्श मैथिली

(ग) (पूर्वी मैथिली) गवाँरी मैथिली

(घ) छिका-छिकी मैथिली

(ङ) पश्चिमी मैथिली

(ज) जोहली मैथिली

(छ) केन्द्रीय जनसाधारणको मानक मैथिली

ग्रियर्सनको यस वर्गीकरणलाई झाले (१९७४, पृ.४१-५३) ले टिप्पणी गर्दै आफ्नो मत र विभाजन निम्नानुसार देखाएका छन् । सर्वप्रथम यिनले ग्रियर्सनको नामाकरण ठीक छैन किनभने पूर्वी मैथिलीलाई गवाँरी वा गाउँले भन्नु अवैज्ञानिक र अपमानित पनि भयो, जसरी मानक मैथिलीलाई बाहुन बोली भन्दा हुन्छ भनी टिप्पणी गरेका छन् । यसरी झा ( १९७४पृ.४१-५३) ले निम्न अनुसार उपभाषिका विभाजन गरेका छन् :

(क) क्षेत्रगत आधारमा

(ख) सामाजिक आधारमा

(ग) जातीय आधारमा

(क) क्षेत्रगत आधारमा : यस आधारमा यिनले निम्न अनुसार विभाजन गरेको पाइन्छ ।

अ. पूर्वी : पूर्णीयाँ, भागलपुर, र पूर्वी सन्थालको क्षेत्रको भाषा  यस वर्गमा राखेका छन् । यस क्षेत्रमा बोलिने भाषामा आघातको सम्बन्धमा बङ्गला भाषासँग सादृश्य विशेषता निक्कै नै धेरै रहेको भनी उल्लेख गरेका छन् ।

आ. दक्षिणी : मुङ्गेरको भाषालाई वा मुङ्गेर क्षेत्रमा बोलिने मैथिली भाषालाई दक्षिणी भाषाको नाम दिएका छन् । यस क्षेत्रको मैथिली भाषामा मगही भाषासँगको अत्यधिक सामञ्जस्यता पाइन्छ ।

इ. पश्चिमी : यहाँ मजफ्फरपुर र पूर्वी चम्पारन क्षेत्रको भाषालाई पश्चिमी भनेका छन् । यस क्षेत्रको भाषामा भोजपुरी भाषाको प्रभाव पाइन्छ ।

ई. उत्तरी वा नेपाली क्षेत्र : नेपालको तराई क्षेत्रमा प्रचलित भाषालाई उत्तरी वा नेपाली क्षेत्र भनी नामाकरण गरेका छन् । यस क्षेत्रको भाषाको सम्बन्धमा तराईको पश्चिमाञ्चलको बोली सितामढी र पूपरीको बोलीसँग अथवा पश्चिमी भाषासँग र पूर्वाञ्चलको भाषा पूर्वी मैथिलीसँग अत्यधिक रूपमा मिल्दछ भनी उल्लेख गरेको पाइन्छ । त्यसरी नै आज पूर्वाञ्चलको भाषा नेपाली भाषाबाट पनि केही मात्रामा प्रभावित भएको छ । जस्तौः मानक मैथिली भाषाको – 'पोल करब' नेपाली भााषमा भन्दिन्छ र उत्तरी मैथिलीमा 'कइह देब' हुनु त्यसैगरी 'हाँ' को स्थानीय नेपाली शब्द 'हुन्छ' को नक्कल गर्दा 'होइए' प्रयोग हुनु आदिले प्रमाणित गर्दछ । यस क्षेत्रको भाषामा आदरणीय व्यक्तिको सम्बोधन मध्यम पुरुषमा नगरी अन्य पुरुषमा गरेको पाइन्छ :

नेपाली – तपाइँ कहिले आउनुभयो ?

मानक मैथिली – अपने कहिया आइल गेलइ ?

उत्तरी मैथिली – इ कहिया एलथिन्ह ?

उ. केन्द्रीय मैथिली – मध्य मिथिलाक्षेत्रको यस्तो बोली वा भाषा जसको नजिकमा अन्य कुनै अर्को भाषा छैन, त्यसकारण यो अलिक बढी संकिर्ण छ, भनेको पाइन्छ ।

वर्तमान समयमा माथि उल्लेख भएका दुई उपभाषा ग्रियर्सनले उल्लेख गरेका छिका-छिकी वा गवाँरी एवम् गोविन्द झाले उल्लेख गरेका पूर्वी मैथिलीलाई अंगिका र ग्रियर्सन एवम् गोविन्द झाले उल्लेख गरेका पश्चिमी मैथिलीलाई बज्जिका गरी नयाँ नामाकरण भएको छ ।

ख. सामाजिक स्तरको आधारमा – यस आधारमा मैथिली भाषाको उपभाषिक विभाजन गर्दा दुई स्वरूप देखा पर्दछन् । एउटा शिक्षित अनि सुसंस्कृत उच्चवर्गको बोली, दोस्रो समाजको तल्लो वर्गको भाषा र व्यापारिक वर्गको भाषा आदि ।

शिक्षित वर्गको झुकाव मानक मैथिलीको स्वरूपतर्फ देखिन्छ र अशिक्षित वर्गको वा समाजको तल्लो वर्गको भाषामा स्थानीय र जातीय विशेषता अत्यधिक मात्रामा रहन्छ र यसले भाषिकालाई प्रतिनिधित्व पनि गर्दछ । यसैगरी भ्रमणशील व्यापारिक वर्गको भाषामा औपभाषिक मिश्रण अधिक रहन्छ ।

ग. जातीय आधारमा : यस आधारमा मैथिली भाषाको तीन स्वरूप विद्याजीवी, कृषिजीवी र व्यवसाय गरेर बाँच्ने व्यापारिहरूको भाषा गरी विभाजन गरेका छन् ।

पहिलो – विद्याजीवी जातहरूको भाषा मानक मैथिलीको नजिक छ, जस्तो – ब्राह्मणहरूको, कायस्थहरू र राजपुतहरू आदिको भाषा ।

दोस्रो – कृषिजीवी जातिहरूको भाषा स्थानीय उपभाषाको साँचो उदाहरण हो, जस्तो : गोप, धानुक, कुर्मी आदि जातिहरूको भाषा ।


तेस्रो – व्यापारीहरूको भाषा पनि व्यवसाय गर्ने जातको आधारमा भिन्नभिन्न किसिमको हुन्छ । त्यसैगरी ग्रियर्सनले उल्लेख गरेका जुलाहा जातिहरूको भाषा, जातीय उपभाषिक अन्तरको उदाहरण हो, यस आधारमा अन्य जातिहरूको पनि उपभाषिकता देखाउन सकिन्छ (झा, ई.स. १९७४, पृ.३३–३४) ।


यसरी भाषिकाको विभाजन यी तीन आधारमा गरी मानक मैथिली वा केन्द्रीय मैथिलीलाई पनि दुई भाग (प्राचीन मानक र अर्वाचीन मानक) गरी विभाजन गरेका छन् ।

**२.२.३ नेपालमा बौलिने मैथिली भाषाको भौगोलिक विस्तार र उपभाषिका"**

नेपालमा बोलिने चारवटा भाषापरिवारमध्ये सबैभन्दा बढी बोलिने भारोपेली भाषा परिवार हो । त्यही भारोपेली भाषा परिवार मध्येको नेपालको दोस्रो ठूलो भाषा  मैथिली हो, यादव (वि.सं. २०५५, पृ. २३) ।

**मैथिली भाषाको भौगोलिक विस्तारक्षेत्र**






### २.२.४ नेपालमा मैथिली भाषा र छिमेकका अन्य भाषाहरू

मैथिली भाषाका निकटतम स्थनीय भाषा अन्तर्गत थारु, भोजपुरी, अवधी, वज्जिका आदि पर्दछन् । हुनत दुई सन्निकटवर्ती देशमा बोलिने यो भाषालाई पूर्व-पश्चिम, उत्तर-दक्षिणमा क्रमश वङ्गा, भोजपुरी, मगही र नेपाली भाषाले घेरा हालेको छ । यसर्थ यहाँ नेपालभित्र मैथिलीभाषाको सन्निकटामा रहेका भोजपुरी, थारु, अवधी, बज्जिका र नेपाली भाषाको सम्बन्धलाई देखाइएको छ । यहाँ यी पाँच भाषाबाट लिइएका आधारभूत शब्दहरुलाई आधार बनाएर यिनको सम्बन्धको चर्चा गरिएको छ ।

| मैथिली | भोजपुरी | थारु | अवधी | वज्जिका | नेपाली |
|---|---|---|---|---|---|
| नाम | नाव | नाउवाँ/नाउँ | नाँव | नाव | नाउ |
| हम | हम | मुई | हम | हम | म |
| तु | तु | तुइ | तय | तु | तँ |
| तो | तु | तुइ | तय | तु | तिमी |
| हमरासभ | हमनी/हमानिका | हम्मन | हमलोग | हमलोग | हामी |
| हमरालोकिनके | हमनीसवके | हम्मनसवके | हमलोग | हमलोग | हाम्रो |
| के | कउन | कौन | के | कउन | को |
| कथि | कथि | करटी | का | कथि | के |

| | | | | | |
|---|---|---|---|---|---|
| कियाक/कइला | कि | कैला | किया | कीया | किन |
| मर | मरेके | मरेके | मर | मरेके | मर्नु |
| मारे/मारथ | मारेके | मारेके | मारब | मारेके | मार्नु |
| खाइला/खाइ | खाएके | खाएके | खाब | खाएके | खानु |
| पिएला/पिए | पिएके | पिऐके | पियब | पिएके | पिउनु |
| कहेला/कहअ | कहेके | कहेके | कहब | कहेके | भन्नु |
| सुनेला/सुनअ | सुनेके | सुनेका | सुनब | सुनेके | सुन्नु |
| लिएला/लिएअ | लिनेके | लेबेका | लेब | लेनेके | लिनु |
| दिएला/दिअ | देवेके | देवेके | दियबा | देबेके | दिनु |
| चलअ | चलके | चलेके | चलब | चलेके | हिडनु |
| बइन्अ | बैठेके | बैसेके | बइठव | बइठके | बस्नु |
| उडअ | उडके | उदियावे | उडब | उडेके | उडनु |
| आइग | आगि | आगि | आग | आगि | आगो |
| पाइन | पानी | पानी/पनिया | पानी | पानी | पानी |
| धुआँ | धुवाँ | धुआँ | धुवाँ | धुवाँ | धुँवा |
| मेघ | बदरी | वादरी | वादर | बादल | बादल |
| भुइया | भूइयाँ | भुयवाँ | भूई | भूइयाँ | भुइँ |
| बाउल | बालु | बालु | बालु | बालु | बालुवा |
| पथल | पत्थल | पथला/पथरा | पाथर | पत्थल | ढुङ्गा |
| तरेगन/तरा | तरेगन | तरगन/तरङ्न | नवतर | तरेगन | तारा |
| उजेरिया/चनरमा | चन्द्रमा | जोन्ह | उजेरिया/ चाँद | चन्द्रमा | चन्द्रमा |
| दिनकर/सुरज | सुरज | वैरिया | सुरज | सुरज | सूर्य |
| छाउर | राखी | छाउर | राखी | राखी | खरानी |
| राइत | रात | रात | राति | रात | राती |
| कुरिकवा/ किरका | करिया | करिया | करिया | करिया | कालो |
| उजअर | उज्जर | उजरार | उज्जर | उज्जर | सेतो |
| हरिअर | हरिहर | हरियर | हरेर | हरिहर | हरियो |

| | | | | | |
|---|---|---|---|---|---|
| हर्दियनका | पियर | हर्दियार | पिएर | पियर | पहेलो |
| ललका | लाल | लाल | लाल | लाल | रातो |
| जार / ढण्डा | ढण्डा | जुड | जूड / ढण्ड | ढण्डा | चिसो |
| धिपल | तातल / धिकल | धिकल | गरम | तातल / धिकल | तातो |
| माछ | मछरी | मछरी | मछरी | मछरी | माछा |
| बहुते | बहुता | धेर | ढेरी | बहुता | धेरै |
| इ | हई | इ | यि | ई / हई | यो |
| नइ | न / ना | नाहि | न | न / ना | नाइँ |
| सखल | सुखल | धैल | सुखन / झुरान | सुखल | सुकेको |
| गोल | चाकर | गोल | गोल | चाकर | बाटुलो |
| नजा | नया | लीठा | नवा | नया | नयाँ |
| दिसन | ओरिया | तिरखवा | ओर | ओर | तिर |
| सोन | सोना | सोन | सोना | सोना | सुन |
| सभ / जमए | समूया | छटिजन | सब | समूचा | सबै |
| निक / निमन | निमन | उँवसार / डौल | बढिया | निमन | राम्रो |
| कपार | कपार | कपर | कपार | माथा | टाउको |
| घेट | घेंट | गर्दन | गरदन | घेट | घाँटी |
| छाति | छाती | छाति | छाति | छाती | छाती |
| पत्ता | पाता | पाता | पात | पाता | पात |
| वियाँ | वीया | बीया | बीया | बीया | बिउ |
| पेट | पेट | पेट | आँत / पेट | पेट | भुँडि |
| हाथ | हाथ | हाथ | हाथ | हाथ | हात |
| मु / मुहँ | मुँइ | मुइ | मुहँ | मुहँ | मुख |
| नाक | नाक | नकवा | नाक | नाक | नाक |
| आइँख | आँइखा | आँइखा | आँखि | आख | आँखा |
| कान | कान | कान | कान | कान | कान |
| दाँत | दाँत | दाँत | दाँत | दाँत | दाँत |

| | | | | | |
|---|---|---|---|---|---|
| जि/जिभ | जीभ | जिभि/जिभ | जीभ्ह जीभ | | जिब्रो |
| टांग/गोड़ | गोड | गोड | गोड/पैर | गोड़ | खुट्टा |
| घुटना/ठेहुना | ठेहुन | ठेहुना | गाँठ | ठेहुन | घुँडा |
| केस | केश | कपार | मुडेकवार | केश | कपाल |
| दहकेकेश/भुतला | रोवां | रौं | वार | रोवां | रौं |
| पांइख | पाँख | पाँखि | परवना | पाँख | प्वाँख |
| सिङ | सिङ/सिङ्ग | सिङ्ग | सिङ | सिङ | सिङ |
| हडि | हड्डी | हाड | हड्डी | हड्डी | हाड |
| खुन/रक्त | खून | रक्त | खून | खुन | रगत |
| माउस | मास/सगौति | मासु | मांस/गोस | मांस/गोस | मासु |
| छला/चमरा | चाम/चमडा | छाला | छाला/खाला | चाम/चमडी | छाला |
| बढ़का | बडा | बड्का | बडा | बडा | ठूलो |
| छोटका/छोट | छोटा | छोटक | छोट | छोटा | सानो |
| चिरइ | चिरइ | चिरइ | चिरइ | चिरइ | चरा |
| कुता | कुता | कुकुर | कुकुर | कुता | कुकुर |

**निष्कर्ष**

माथिका प्रस्तुत तालिकालाई अध्ययन गर्दा मैथिली र अन्य भाषाहरु थारु, भोजपुरी, वज्जिका, अवधि, नेपालीसँग आपसी निकटता रहेको पाइन्छ र यी भाषाहरु एक अर्काका छिमेकमा रहेका छन् । यस अध्ययनले अन्य पक्षलाई गौण राखेर आधारभूत शब्दहरुको तुनला मात्र गरिएको छ । यसरी यहाँ मैथिली भाषासँग थारु, अवधि, वज्जिका र भोजपुरी भाषाका अधिकांश शब्द समान रहेको पाइन्छ भने कतै कतै नेपाली भाषाको शब्दसँग पनि समानता रहेको पाइन्छ । यस आधारमा मैथिली, थारु, अवधि, बज्जिका, भोजपुरी एउटै मूल भाषाका सन्तति हुन भन्न सकिन्छ । साथसाथै नेपाली भाषाको शब्दसँगको निकटताको कारण यससँग केही समानता रहेको पाइन्छ ।

## २.२.५ मैथिली भाषाको सामाजिक भूमिका

भाषा सामाजिक वस्तु हो, मानिस समाजमा बस्दछ, मानवले भाषाको प्रयोग समाजमै गर्छ, यादव र रेग्मी (भाषाविज्ञान, २०५९, ७) । यसरी मैथिली भाषा नेपालको कूल जनसंख्याको १२.३० प्रतिशत नेपालीहरूले प्रयोग गर्दछन् । नेपालको पूर्वी तराईको

जनतादेखि नेपालका अन्य कतिपय भूभागमा प्रयोगमा रहेको यो भाषा पूर्वी तराईंको सुनसरी, सप्तरी, सिरहा धनुषा, सर्लाही, महोत्तरी आदि जिल्लाहरूमा प्रथम स्थानमा रहेको छ । नेपाल भौगोलिक दृष्टिले सानो भए पनि भाषिक दृष्टिले सानो छैन । त्यसरी नै मैथिली भाषा भारत र नेपालको दुई विशाल क्षेत्रमा बोलिने यो भाषा नेपालको पूर्वी तराई क्षेत्रमा प्रथम जनसम्पर्कको भाषाको रूपमा पनि विकसित बन्दै गएको छ । मैथिली भाषाको विभिन्न भाषिकामध्ये केन्द्रीय मैथिली उपभाषिकाको प्राचीन मानक र अर्वाचीन मानक मध्ये छापाको माध्यममा अर्वाचनीन मानक नै स्थापित बन्दै गएको छ (गोविन्द झा, १९७४, पृ. ३४) । पूर्वी नेपालको तराई क्षेत्रमा बोलिने मैथिली भाषालाई आधुनिक समयको आमसञ्चारको माध्यमहरूले आत्मसात गर्दै अगाडि बढेको पाइन्छ । यसरी आमसंचारका छापा, रेडियो, टेलिभिजन आदि माध्यममा दिनानुदिन अधिक क्षेत्र ओगट्नुले पनि यो भाषाको सामाजिक भूमिका र महत्व बढ्दै गएको पाइन्छ । यसरी तराईका जिल्लामा यस भाषाले वा नेपालमा नै यस भाषाले खेल्दै गएको भूमिकाको कारण सम्पूर्ण तराईवासी नेपालीहरू विभिन्न सूचना र विश्व परिस्थितिबाट आफ्नै मातृभाषामा सुसूचित हुने र नेपालको विकासको गतिमा यो समाजको भूमिका दिनानुदिन बढ्दै जाने विश्वास राख्न सकिन्छ ।

### २.२.६ मैथिली भाषाको साहित्यक रूपरेखा

मिथिलाको भाषा मैथिलीमा रचित साहित्यलाई मैथिली साहित्य भनिन्छ, (अकेला, २०६३, पृ. १३३) । नेपाल र भारत दुवै राष्ट्रमा मैथिली साहित्यको लिखित परम्परा अत्यधिक समृद्ध रहेको छ । डा. हरिमोहन मिश्रका अनुसार वेद र ब्राह्मण ग्रन्थादिमा धेरै यस्ता शब्द छन्, जसको प्रयोग वेद पश्चात मैथिली भाषामा मात्र भेटिन्छ । मैथिली भाषा साहित्यको विकास नेपालमा भन्दा भारतमा ज्यादा सुदृढ रहेको पाइन्छ, झा (१९८८, पृ. २४) । हाल नेपाल र भारत दुवै राष्ट्रमा शिक्षाको क्षेत्रमा विद्यालयदेखि विश्वविद्यालयसम्म मैथिली भाषामा साहित्यको पठनपाठन हुन थालेको छ ।

#### २.२.६.१ उद्भव र विकास :

वैदिक युगदेखि नै अलिखित रूपमा गृहित र संग्रहित हुँदै आएको लोकसाहित्य नै मूलतः लिखित साहित्यको जननी वा पूर्व रूप हो, शम्भू प्रकाश कोइराला,(२०५६,पृ.२) । मैथिली साहित्यको उद्भव र विकास लोक साहित्यकै रूपमा भएको हो (झा, १९९१, पृ. ३८) । मैथिली साहित्यको पहिलो कृति ज्योतिरीश्वर ठाकुरको 'वर्णरत्नाकर' हो ,जुन चौधौं

शताब्दीको कृति मानिन्छ । ज्योतिरीश्वर पछि 'विद्यापति' ले यस भाषाको साहित्यको विकासमा सर्वाधिक योगदान दिए, उनका 'विद्यापति पदावली' जस्ता कृति नेपाली, बङ्गाली, हिन्दी, मराठी लगायतका भाषामा अनुवाद भएका छन् । मैथिली साहित्यमा हाल विभिन्न साहित्यिक केन्द्रहरू काठमाडौँ, जनकपुर, दरभङ्गा आदिबाट लेखनी भइरहेको छ ।

### २.२.६.२ चरण विभाजन :

ज्ञानराशीको सञ्चित कोष साहित्य हो । यसर्थ साहित्यको विभाजनको सन्दर्भमा एकमत आउन नसक्नु कुनै ठूलो कुरा होइन । यसलाई विद्धान्हरूले राजनीतिक, ऐतिहासिक र साहित्यकार आदि विभिन्न आधारहरूमा उभिएर विभाजन गर्ने प्रयास गरेका छन् र सबैले आ-आफ्नो मतलाई प्रमाणित र वैज्ञानिक ठानेका छन् । तीमध्ये सर्वोपयोक्त कालविभाजन डा. बालगोविन्द झा 'व्यथित' ले गरेका छन । जसमाः

प्राचीन काल ७००–१३२५ ई.

मध्यकाल : १३२५ – १८६० ई.

आधुनिक काल : १८६० – हालसम्म , भनी उल्लेख गरेका छन् । प्राचीनकालको महत्वपूर्ण रचना 'ज्योतिरीवर' को 'वर्णरत्नाकर' हो । मध्यकालको महत्वपूर्ण रचना विद्यापतिको 'विद्यापति पदावली' हो । त्यसरी नै आधुनि कालमा आइपुग्दा अंग्रेजी तथा अन्य साहित्यको प्रचुर प्रभाव मैथिली साहित्यमा परेको छ, दिनेश कुमार झा (१९८९, पृ. १७) ।

### २.२.६.३ नेपालको मैथिली साहित्यको चरण विभाजन

मिथिला र नेपालबीच पारस्परिक सम्बन्धको थालनी कर्णाटक वंशदेखि भएको मानिन्छ । तत्कालीन समयमा मैथिली भाषा साहित्यको प्रयोग काठमाडौँदेखि भारतको गङ्गा नदीसम्म प्रयोग भएको पाइन्छ । मैथिली भाषा पूर्वी नेपालको सप्तरी, सिरहा, धनुषा, मोहत्तरी, मोरङ्ग, सर्लाही आदि जिल्लामा र भारतको बिहार प्रदेशमा बोलिन्छ (बालकृष्ण पोखरेल, मैथिली भाषा, अर्चना, अङ्क १५, पृ. ७) ।

नेपालको मैथिली साहित्यको कालविभाजन त्यति धेरै विद्धान्हरूबाट भएको पाइँदैन । वि.सं. २०२२ सालतिर डा. प्रफुल्ल सिंह 'मौन' ले नेपालको मैथिली साहित्यको इतिहास लेखेको चर्चा भए पनि हाल उपलब्ध हुन नसकेको जानकारी रामभरोस कपादि 'भ्रमर' को ( मौखिक जानकारीको आधारमा) पाइन्छ । रामभरोसा कापदिको 'भ्रमर' र धीरेन्द्र प्रमर्षिले नेपाल प्रज्ञाप्रतिष्ठानबाट २०६५ सालमा प्रकाशित गरेको "मैथिलीपद्य संग्रह" मा मैथिली

साहित्यको पद्यविधाको काल विभाजन गर्ने सन्दर्भमा नेपाली मैथिली साहित्यको पनि काल विभाजन गरेका छन, जसका अनुसार :

(क) आदिकाल – ७५० -१३५० ई.

(ख) मध्यकाल – १३५० –१७६२ ई.

(ग) अन्धकारकाल – १७६८ –१९५० ई.

(घ) आधुनिककाल – १९५० देखि हालसम्म । यसको चर्चा :

**२.२.६.३.१** आदिकाल (७५०–१३५० ई) : ७५० ई. देखि १३५० ई. स्म्मको समयलाई आदिकाल भनिन्छ । पाल शासनकालमा बौद्धभिक्षुहरूले आठौं शताब्दीतिर रचिएको भन्ने 'चार्यगीत' लाई मैथिली साहित्यको उपलब्ध पहिलो रचना मानिन्छ तर पहिलो लिखित साहित्यिक कृति भने 'वर्णरत्नाकर' हो र दोस्रो कृति 'धूर्त समागम' लाई मानिन्छ । यी दुबै कृति ज्योतिरीश्वर ठाकुरले रचना गरेको मानिन्छ ।

(ख) मध्यकाल : १३५० ई.– १७६८ ई. सम्मको समयलाई मध्यकाल भनिन्छ । मैथिली साहित्यको इतिहासमा मल्लकालको अत्यन्त महत्वपूर्ण स्थान छ ।यसरी यसकाललाई मिथिला महाकवि विद्यापतिको अवतरणपछि ,नेपालमा मल्लवंशको स्थापना र साहित्य साधनामा स्वर्ण युगका रूपमा मानिन्छ ।

खासगरी मिथिलामा साहित्यको समूचित विकास हुन् नसक्नुमा मुसलमान आक्रमण हो, तर त्यहाँबाट मोरङ्ग, मकवानपुर र उपत्यकामा यसले उचित सम्मान र फस्टाउने मौका पायो । यसरी माध्यमिक कालमा गीत रचना र नाटकका क्षेत्रमा उल्लेखनीय कार्य भयो ।

(ग) अन्धकारकाल : १७६८ देखि १९५० ई. को समयावधिलाई मैथिली साहित्यको अन्धकारकाल भनिन्छ । वि.सं. १८२५ मा नेपालको उप्त्यकालाई पृथ्वीनारायण शाहले आफ्नो कब्जामा लिएपछि राणाकालसम्म अथवा २००७ सालसम्म नेपालको मैथिली भाषा र साहित्यको कुनै पनि प्रकारको विकास हुन पाएन । यस अवधिमा केही दानपत्र, अज्ञातपज्ञ, अभिलेख र चिठी बाहेक अन्य किसिमको कुनै पनि साहित्यिक कार्यले फस्टाउने अवसर पाएन, त्यसैले यो समय मैथिली साहित्यको अन्धकार युग भनिन्छ ।

(घ) आधुनिक काल : ई. १९५० देखि हालसम्मको समयावधिलाई आधुनिक काल भनिएको हो । नेपालमा राणाशासनको समाप्तिसँगै मैथिली साहित्यले फेरी पुनर्जागरण प्राप्त गऱ्यो । २००७ सालपछि मैथिली भाषालाई पनि विद्यालय शिक्षामा प्रयोग गर्न थालेपछि यसको भाषा र साहित्य फेरि समृद्ध बनेको छ । खासगरी २०१२ सालमा पं जीवन झाले नेपालको

मैथिली साहित्यलाई एउटा निश्चित योजना बनाएर नै कार्य गर्न थाले र यो भाषाले आजको स्वरूप प्राप्त गर्नका लागि डा. धीरेश्वर झा 'धिरेन्द्र' को अविस्मरणीय योगदान छ । उनकै छत्रछायाँमा नेपालको मैथिली साहित्यले एउटा गति लियो र आजको अवस्थासम्म पुग्न सकेको छ भन्ने मैथिली विद्धान्हरू स्वीकार गर्दछन् । नेपालको मैथिली साहित्यले आज विश्वमा भएका सबै प्रकारका साहित्यलाई भित्र्याइसकेको छ ।

आधुनिक कालका महत्वपूर्ण प्रतिभाहरू धीरेश्वर झा 'धीरेन्द्र', रामभरोस कापडि 'भ्रमर', ब्रजकिशोर ठाकुर, सुन्दर झा शास्त्री, गंगा प्र. अकेला, धीरेन्द्र प्रेमर्षि, धर्मेन्द्र विह्वल, रोसन जनकपुरी आदिले धेरै प्रवृत्तिलाई आत्मसात गर्दै नेपालको मैथिली साहित्यलाई अगाडि बढाउन उल्लेख्य कार्य गरेको छ ।


**२.२.७ मैथिली भाषाका सामान्य विशेषता**

मैथिली भाषा जीवत भाषा हो । नेपालमा बोलिने चारवटा भाषा परिवार मध्ये सबैभन्दा बढी भाषा बोलिने भारोपेलीभाषा परिवार हो । यही भारोपेली भाषापरिवारको नेपाल र भारत दुई राष्ट्रमा बोलिने नेपालको दोस्रो ठूलो भाषा मैथिली हो, (यादव, २०५५, पृ.२३) । मैथिली भाषाको सर्वप्राचीन शीलालेख आठौँ शताब्दीको 'मन्दास्को' हो (झा, १९८१, पृ. ११) । यसरी प्रमाणिक र सैद्धान्तिक रूपमा मैथिली भाषा नेपाली भाषा भन्दा पुरानो भाषा हो । यसरी आजप्रयान्त विकसित आधुनिक वा अर्वाचीन मैथिली भाषालाई लेख्य तथा कथ्य दुबै आधारमा नियाल्नुपर्ने देखिन्छ । लेख्य रूपमा यस भाषाले अनेकतालाई अंगाल्दै एकताको दिशातर्फ बढ्दै छ भने कथ्य रूपमा एकताबाट अनेकताको यात्रातर्फ अग्रसर छ भने हाल यो भाषा नेपाली भाषाबाट पनि प्रभावित भएको छ भन्ने विविध तथ्यबाट प्रमाणित हुन्छ । मैथिली भाषा कैथि लिपि वा मैथिली लिपबाट विकसित भाषा हो, (यादव, १९९१, पृ. ५) । यी दुई लिपिहरू धेरै पहिले जब संस्कृतका ग्रन्थहरू नागरी लिपिमा छापिन थाले तब प्राचीन परम्पराको पंडितहरूमा मिथिलाक्षरको प्रचारप्रसार घट्न गयो, परिणामस्वरूप पढ्ने र छाप्ने सुविधाको लागि यसलाई त्यागियो र आज विस्तारै बायाँबाट दायाँतर्फ लेखिने देवनागरी लिपिबाट पुनस्थार्पित भइसकेको छ । तर मैथिलीका स्वनिमिक तहमा देवनागरीका स्वनिमहरू पूर्ण रूपमा मिलेका छैन । देवनागरीमा ह्रस्व र दीर्घ (लामो) स्वरहरू पाइन्छ भने मैथिलीका ह्रस्व (छोटा) स्वरहरू मात्र छन्, तर मैथिलीका आगन्तुक शब्दहरूमा दीर्घश्वर पनि पाइन्छ (यादव, १९९९, पृ. ५) । मैथिलीका परम्परागत वर्णमालामा १४ वटा स्वर वर्ण र ३३ वटा व्यञ्जन वर्ण्ढाहरू छन् , तर ती सबै वर्णहरू

वर्तमान अवस्थाको कथ्य भाषामा सुरक्षित रहन सकेको छैन : (झा, १९७०, पृ. ८-१०) । आज मैथिली भाषाको आफ्नै किसमको वर्ण व्यवस्थ छ । यसको कथ्य वर्ण अन्तर्गत ८ वटा स्वर वर्ण र व्यञ्जन वर्ण अन्तर्गत २६ वटा कथ्य वर्णहरू छन् ।

स्वर : अ, आ, इ, उ, ए, ऐ, ओ, औ ।

यी वर्णहरूलाई स्वर तालिकामा राख्दा :




स्रोत : झा, १९७४, पृ. ५८ ।

यसैगरी क,ख,न, प, फ, ब, भ, म, र, ल, स, ह, य, व आदि । यी वर्णहरूलाई व्यञ्जन तालिकामा राख्दा :

| स्थान→ प्रयत्न↓ | द्वेयाष्ठय | दन्ते | मूर्धन्य | तालाव्य | हनुमुलीय | स्वरयन्त्रमुख |
|---|---|---|---|---|---|---|
| स्पर्शी | प | त | ट | | क | |
| | फ | थ | ठ | | ख | |
| | ब | द | ड | | ग | |
| | भ | ध | ढ | | घ | |
| स्पर्शसंघर्षी | | | | च | | |
| | | | | छ | | |
| | | | | ज | | |
| | | | | झ | | |
| नासिकय | म | न | | | | |
| ताडित | | र | | | | |
| संघर्पी | | स | | | | |
| पाश्विक | | ल | | | | |
| अन्तःस्थ | (व) | | | (य) | | |

स्रोत : यादव, १९९९, पृ. १०–११ ।

मैथली भाषाको अक्षर संरचनालाई नियाल्दा सम्पूर्ण स्वरहरू र व्यञ्जनहरू आक्षरिक पाइन्छ । यस भाषाको पदक्रमको व्यवस्था सामान्यतः कर्ता ं कर्म ं क्रिया रहेको छ । यस भाषामा वाक्य पूरा हुनका लागि एउटा समापिका क्रियाको आवश्यकता पर्दछ । त्यसैगरी यस भाषामो वाक्यमा लिंग, वचन र पुरुष अनुसार क्रियाको संगति पाइँदैन, त्यसैले मैथिली भाषा संगति प्रधान छैन भन्न सकिन्छ । त्यसरी नै नामपदमा विभक्ति चिन्ह नामयोगी जोडिने र मुख्य क्रियासँग सहायक क्रिया पनि रहने व्यवस्था पाइन्छ । यस भाषामा खुला वर्ग वा मुख्य वर्ग र बन्द वर्ग वा गौण वर्गका रूपहरू पाइन्छ, साथसाथै खुल्ला वर्गमा आगम हुने व्यवस्था र त्यसमा गौण वर्गका रूपहरू संयुक्त भई मैथिली करण हुने व्यवस्था पनि पाइन्छ ।

**२.३ निष्कर्ष :**

नेपाली र मैथिली दुवै आर्य संस्कृति भाषाबाटै विकसित भएको कारण दुवै भाषाका बीचका कतिपय शब्दमा समानता पाउन सकिन्छ । नेपाली र मैथिली भाषाको प्राचीन रुप खोज्दै जाँदा बढी प्राचीन मैथिली भाषाको पाइन्छ । यसलाई तलको बुँदामा राखिएको छ :

क) नेपाली र मैथिली दुवै आधुनिक आर्य भाषा हो ।

ख) संस्कृत भाषाको खस अपभ्रसबाट नेपाली भाषा विकसित भएको हो भने मैथिली भाषा मागधेली शाखाको मागध अपभ्रसबाट विकसित भएको हो ।

ग) नेपाली औचारिका रुपमा शिक्षा सञ्चार आदि विभिन्न क्षेत्रका भाषा हुनुका साथै सरकारी कामकागजको भाषा पनि हो भने मैथिली शिक्षाको उच्चतह लगायत आमसञ्चारको तहमा पुगेको भाषा हो तर सरकारी कामकागजको भाषा बन्न सकेको छैन ।

घ) मैथिली भाषाको प्राचीन रुप आठौं शताब्दीको उपलब्ध छ भने नेपाली भाषाको प्राचीन रुपको खोजीमा निरन्तरता नै रहे पनि प्रमाणिक भाषिक रुपरेखा तेह्रौ चौधौं शताब्दीसम्मको उपलब्ध छ ।

ङ) नेपाली र मैथिली भाषाको लिखित साहित्यको आरम्भ हुनुभन्दा पहिले लोकसाहित्यको लामो परम्परा रहेको पाइन्छ ।

च) नेपाली र मैथिली दुवै भाषा नेपाली र मैथिली भाषी पुगेका विश्वका विभिन्न राष्ट्रहरुमा पुगेको पाइन्छ ।

# अध्याय तीन


# नेपाली र मैथिली भाषाको व्याकरणिक शब्दवर्ग

## ३. भूमिका


एक वा एक भन्दा बढी अक्षरले बनेको स्वतन्त्र अर्थपूर्ण लघुतम् भाषिक एकाइ शब्द हो । सोमनाथ सिग्धालले शब्द र पदलाई एकै मानेका छन् (सिग्धाल, २०५५: १) । आधुनिक व्याकरणकारहरू शब्द सुरुमा शब्द नै हुन्छ र जब त्यो वाक्यमा प्रयोग हुन्छ तब त्यो पद बन्दछ भन्ने मान्दछन् । त्यसैले पदवर्गको निर्धारण गर्दा वाक्य रचनामा पदहरूको आपसी सम्बन्धलाई प्रमुखतामा राखिन्छन् । नेपाली व्याकरण परम्परामा पदहरूलाई पाँचदेखि आठ, नौ वर्गमा विभाजन गरेको पाइन्छ । वाक्यमा प्रयुक्त हुने शब्दहरू आपसमा भिन्न भिन्न देखिए तापनि अर्थतात्विक, वाक्यतात्विक र रूपतात्विक आधारमा समान हुन सक्छन् । शब्दहरू मध्ये समान धर्म जनाउनेलाई एउटा वर्गमा र परस्परमा भिन्न देखिनेलाई अर्को वर्गमा राखेर वर्गीकरण गर्ने गरिन्छ । शब्दहरूको यस्ता वर्गलाई व्याकरणिक कोटि, वाक्यात्मक कोटि, पदवर्ग वा पद विभाग भन्ने गरिन्छ ।

शब्दहरूको वर्गीकरण गर्ने क्रममा सोमनाथ सिग्धालले नाम, सर्वनाम, विशेषण, क्रियापद (क्रियाविशेषण), क्रियायोगी, संयोजक र विस्मयादिबोधक गरी विभाजन गरेका छन्

र अघिल्लो चारलाई विकारी र पछिल्ला चारलाई अविकारी मानेका छन् (सिग्धाल, २०५५: १) । यसैगरी (शर्मा, २०५३: १२) ले कार्यको दृष्टिले गरिने शब्दको वर्गीकरण नै उपयुक्त हुन्छ र त्यही नै शब्दर्ग हो भनेका छन् । शर्माका अनुसार, नाम, सर्वनाम, विशेषण, क्रिया र अव्ययका वर्गमा शब्दहरूको वर्ग छुट्याइएको पाइन्छ । त्यसैगरी (आचार्य, २०५८: ४४-४७) का अनुसार नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक गरी नौ वर्गमा विभाजन गरिएको पाइन्छ । यसै क्रममा (अधिकारी, २०६३: १२) का अनुसार शब्दहरू अनेकौ वर्गका हुन्छन् । यिनको वर्गीकरणलाई अर्थ, रूप र कार्यका आधारमा प्रस्तुत गर्नु  उपयुक्त हुन्छ । अधिकारीको वर्गीकरण निम्न अनुसार देखिन्छन् :




यसैगरी नेपाली व्याकरणको अध्ययन परम्परामा शब्दहरूलाई वर्गमा विभाजन गर्दा विभिन्न वर्ग, वर्ग बनाएको देखिन्छ । जसलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ ।




आगाडि शीर्षकमा यिनै आधारमा नेपाली र मैथिली भाषाका शब्दहरूको तुलना गरिएको छ ।

### ३.१ नाम

सामान्यतः नामलाई कुनै पनि व्यक्ति, वस्तु, स्थान, जुनसुकै अनुभूति र अवस्थालाई बुझाउने शब्द भनिन्छ । यसले लिंग, वचन र कारक आदिको भिन्नतालाई स्पष्ट पार्दछ । यो वाक्यमा कर्ता, कर्म वा पुरक बनी आउन सक्छ (आचार्य, २०५८: ४४) ।

### ३.१.१. नामको प्रकार

नामलाई वाक्यमा नामले गर्ने कार्यको आधारमा र व्याकरणिक कार्यको आधारमा बाँडन सकिन्छ ।

#### ३.१.१.१. नामले गर्ने कार्यको आधारमा

यस आधारमा नामलाई अनिवार्य र ऐच्छिक गरी दुई प्रकारमा बाँडन सकिन्छ ।

(अ) **अनिवार्य**

वाक्यमा कर्ता, कर्म र पुरकका रूपमा आउने  नाम अनिवार्य संरचक हुन् र यी तीनै स्थानमा नाम, मात्र आउँदछ । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| कर्ता : भाइले भात खायो । | कर्ता : भाइ भात खेलक/खेलह । |
| कर्म : रामले भाइलाई बोलायो | कर्म : राम भाइके बजोलक । |
| पुरक : रामले कृष्णलाई भाइ मान्यो । | पुरक : राम कृष्णकँ भाइ मानलक । |

वाक्यमा नामलाई सामान्यतः को, के भन्ने प्रश्नबाट पहिचान गर्न सकिन्छ । को भन्ने प्रश्नको उत्तरमा मानवीय नाम र 'के' भन्ने प्रश्नको उत्तरमा मानवेतर नाम आउँछन् । साथसाथै वाक्यमा संरचक बनी आउने नाम पदलाई 'को' 'के' भन्ने प्रश्नबाट चिन्न सकिन्छः ।     जस्तै : नेपाली – को ?  राम, श्याम, हरि, केटा, मान्छे आदि । के ? पुस्तक, पानी, गर्मी, दया, माया आदि  उत्तर आउँछन् ।

(ख) मैथिली – के ? राम, श्याम, हरि, छौंड़ा, लड़का, मनुक्ख आदि । कथि ? किताब, पानि, गरमी, दया, आदि उत्तर आउँछन् ।

**ख) ऐच्छिक :**

वाक्यमा नामपद ऐच्छिक संरचनाको रूपमा पनि प्रयोग हुन्छन् । यसरी प्रयोग हुने नामपद करण, सम्प्रादान आदिका विभक्ति चिन्हका साथ क्रियायोगी बनेर प्रयोगमा आउँछन् अथवा सम्बन्ध र समानाधिकरण विभक्ति सहित विशेषणको भूमिकामा रहन्छ । जस्तै :

नेपाली वाक्य : क्रियायोगी                                   मैथिली वाक्य

| | |
|---|---|
| हरिले पैसाले किताब किन्यो । (करण विभक्ति) | हरि पैसासँ किताब किनलक । |
| राम भोलिदेखि पढ्न जान्छ । (अपादान विभक्ति) | राम काइल सँ पढअ जाएत । |
| सीताले रीतालाई कलम दियो । (सम्प्रदान विभक्ति) | सीता रीताके कलम देलक । |
| विशेषण : हरिको छाती ठूलो छ । (सम्बन्ध विभक्ति) | हरिकँ छाती बड़का अछि । |
| जुगल हिमाल अग्लो छ । (समानाधिकरण विभक्ति) | जुगल हिमाल नमहर अछि । |

**३.१.१.२ व्याकरणिक उपवर्गको आधारमा**

नामपदलाई व्याकरणिक कार्यको आधारमा विभिन्न उपवर्गमा विभाजन गर्न सकिन्छ । ती उपवर्गहरू निम्न छन् :

**क. व्यक्तिवाचक र जातिवाचक**

**अ) व्यक्तिवाचक :** कुनै व्यक्ति विशेषलाई बुझाउन आउने नामपद व्यक्तिवाचक नाम हो । यो एकवचनमा मात्र प्रयोग हुन्छ । जस्तै :

| भाषा | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली | माधव शिक्षक भए | X |
| मैथिली | माधव शिक्षक भएल | X |

**आ) जातिवाचक :** कुनै पनि एकै प्रकारको जातजाति वा वर्ग बुझाउने नामपद जातिवाचक नाम हो । यस्ता नामपदहरू एकवचन र बहुवचन दुवैमा प्रयोग हुन सक्छन् । जस्तै :

| भाषा | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली | मान्छे बजार गयो । | मान्छेहरू बजार गए । |
| मैथिली | आदमी बजार गेलइ । | आदमीसभ बजार गेल । |

**ख) साङ्ख्येय र असङ्ख्येय नाम**

**अ) साङ्ख्येय :** एकाइ-एकाईमा छुट्याएर गणना गर्न सकिने नामलाई साङ्ख्येय नाम भनिन्छ । राम, हरि, श्याम, भ्यागुता, माछा, मुसा, चरा आदिलाई साङ्ख्येय नाम भनिन्छ । यी साङ्ख्य नामहरू एकवचन र बहुवचन दुवैमा प्रयोग हुन्छन् । जस्तै :

| भाषा | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली | केटो घर गयो । | केटाहरू घर गए |
| मैथिली | लड़का घर गेल । | लड़का सभ घर गेलैक । |

**आ) असङ्ख्येय नाम :** गन्ती गर्न नसकिने समूह हुने नामलाई असङ्ख्येय नाम भनिन्छ । हावा, पानी, मसी, पिठो आदि शब्दहरू असङ्ख्ये नामहरू हुन् भने मैथिलीमा हवा, पाइन,

दूध, चाउर,आदि असङ्ख्येय नामहरू हुन् । भाववाचक नामहरू पनि दया, प्रेम, सुख आदि असङ्ख्ये नाम हुन्छन् । जस्तै :

| भाषा | एकवचन | बहुवचन |
|---|---|---|
| नेपाली | मान्छेको भीड आयो | X |
| नेपाली | हावाहरी आयो | X |
| मैथिली | आदमीक भिड एलैक | X |
| मैथिली | हवा बिहाड़ि एलै | X |

**ग) सजीव र निर्जीव नाम**

**अ) सजीव** : मान्छे, जनावर आदि जस्त जीवित तथा सचेत प्राणीलाई जनाउने नाम शब्दलाई सजीव नाम भनिन्छ । दाजु, सुगा, किसान, राम, सीता, आदि सजीव नाम हुन् । सजीव नामहरूलाई भाले-पोथीका आधारमा पनि छुट्याउन सकिन्छ ।

जस्तै : नेपाली सजीव नामहरू : केटा-केटी, भाले-पोथी

मैथिली सजीव नामहरू : लड़का-लड़की, मुरगा-मुरगी

**आ) निर्जीव** : प्राण रहित पदार्थ, धारणा, एवम् अचेतन वस्तुलाई बुझाउने नाम शब्दलाई निर्जीव नाम भनिन्छ । घर, पहाड, सुन, चाँदी, मोती आदि निर्जीव नाम हुन् । निर्जीव नामलाई सानो ठूलो एकाइमा देखाउन सकिन्छ ।

जस्तै :

| भाषा | ठूलो | सानो |
|---|---|---|
| नेपाली | घर | झुप्रो |
| मैथिली | घर | झुपरी |

**घ) मानवीय र मानवेतर नाम**

**अ) मानवीय** : मानवीय नामहरू वा मानव वर्गको प्राणीलाई बुझाउने शब्द मानवीय नाम हो । मामा, माइजू, सीता, रीता,म, आदि शब्दरु मानवीय वर्गको प्राणीलाई बुझाउने मानवीय नामहरू हुन् । मानवीय नामले पुलिङ्ग र स्त्रीलिङ्गमा फरक फरक अन्विति लिने गर्दछ तर मैथिली भाषामा यस किसिमको फरक अन्विति पाइँदैन । जस्तै :

| भाषा | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| नेपाली | भाइ पढ्छ | बहिनी पढ्छे |
| मैथिली | भाइ पढैत अछि | बहिन पढ़ैत अछि । |

**आ) मानवेतर :** मानवभन्दा इतर जन्तु वर्गका पशु-पंक्षी, कीट-पतंग आदि प्राणीलाई बुझाउने शब्दहरू मानवेतर हुन् । माछा, परेवा, पाडो, स्याल आदि मानवेतर नाम हुन् । नेपली र मैथिली दुबै भाषमा मानवेतर लिङ्गको संगतिमा भिन्नता देखाउदैन । जस्तै :

| भाषा | पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|---|
| नेपाली – | गोरुले घाँस खान्छ । राँगोले दूध दिँदैन । | गाईले घाँस खान्छ । भैसीले दूध दिन्छ । |
| मैथिली – | बरद घाँस खाइत अछि । | गाइ घाँस खाइत अछि । |
| | रँगा दूध नइ दिएत अछि । | भैस दूध दैत अछि । |

नामको यस किसिमको वर्गीकरण अन्य आधारमा पनि गर्न सकिन्छ । व्याकरणिक प्रकार स्पष्ट नहुने वर्गीकरण यहाँ उल्लेख गरिएको छैन । त्यसैले नाम वर्गको शब्दहरूको उपवर्गीकरणमा व्यक्ति र जातिवाचक, सजीव र निर्जीव, संख्येय र असङ्ख्येय, मानवीय र अमानवीय नाम वर्गहरूलाई आधार बनाइएको छ ।

## ३.२ सर्वनाम

नाम वा नामपदावलीको सट्टामा प्रयोग हुने वा पुनरुक्ति रोक्न आउने पदलाई सर्वनाम भनिन्छ । सर्वनाम उपवाक्यको रूपमा पनि आउन सक्छ । जस्तै :

नामको सट्टामा – राम विद्यालय गयो अनि उसले पढयो ।

उपवाक्यको सट्टामा – मेरो सधैँ पढने बानी छ त्यसले मलाई ज्ञानी बनाउँछ ।

सर्वनामले नामको बारम्बार हुने प्रयोगलाई कम बनाउँछ र वाक्यमा स्वभाविक सुगठितता ल्याउने गर्दछ । वाक्यलाई आकर्षक र स्वाभाविक बनाउनका लागि सर्वनामको प्रयोग भएको पाइन्छ ।

### ३.२.१ सर्वनामका वाक्यात्मक कार्य

नामकै स्थानमा सर्वनामको प्रयोग गरिने भएकाले नामद्वारा पूरा हुने सबै कार्य सर्वनामले पनि गर्दछ । फलतः सर्वनाम पनि वाक्यमा ऐच्छिक र अनिवार्य घटकका रूपमा आउँछ ।

**(क) अनिवार्य संरचकको स्थानामा सर्वनाम :**

| नेपाली | मैथिली |
|---|---|
| कर्ता : उसले (हरिले) फुटबल खेल्यो । | कर्ता : ओ (हरि) फुटबल खेललकं । |
| कर्म : रामले मलाई (हरिलाई) पिट्यो । | कर्म : राम हमरा (हरिकैं) मारलक । |

पूरक : हामीले पुष्पलाई नेता ठान्यौं ।　　　　　पूरक : हमरालोकिन पुष्पकेँ नेता मान्हुँ ।

**(ख) ऐच्छिक संरचकका रूपमा सर्वनाम**

**नेपाली**

क्रियायोगी : रामले त्यसले/लट्ठीले सर्प मार्‍यो । (करण विभक्ति)

श्यामले भाइलाई/त्यसलाई पैसा दियो । (सम्प्रदान विभक्ति)

राम त्यहाँ/घरमा गयो । (अधिकरण विभक्ति)

विशेषण : उसको (रामको) घर अग्लो छ । (सम्बन्ध विभक्ति) त्यो (कोशी) खोला लामो छ ।( समानाधिकरण विभक्ति)

**मैथिली**

क्रियायोगी : राम ओइसँ सांप मारलक । (करण विभक्ति)

: श्याम भाइके/ओकरा पैसा देलक । (सम्प्रदान विभक्ति)

: राम ओइमे/घरमे गइलह । (अधिकरण)

विशेषण : ओकर (रामके) घर बड़का छि / अछि ।

: ओ/कोशी नदी नमहर अछि ।

सर्वनामले पनि नामले झैँ दुवै भाषामा वचन र कारक सम्बन्ध स्पष्ट पार्दछ र सन्दर्भ अनुसार लिङ्गको अन्विति वा सङ्गति नेपालीमा लिन सक्छ भने मैथिलीमा तृतीय पुरुषको भूतकालमा मात्र देखिन्छ । तर भिन्न भिन्न लिङ्ग जनाउने रूप भने फरक फरक रूप दुवै भाषामा पाइँदैन । जस्तै :

(क) भाइ पसल गयो अनि उसले किताब किन्यो । (नेपाली)

(ख) भाइ दोकान गइलै आ ओ किताब किनलक । (मैथिली)

(ग) बहिनी पसल गई अनि उसले किताब किनी । (नेपाली)

(घ) बहिन दोकान गेली आ ओ किताब किनली । (मैथिली)

(ङ) भाइ पसल जान्छ अनि उसले किताब किन्छ । (नेपाली)

(च) भाइ दोकान जाइत अछि आ ओ किताब कीनइत अछि । (मैथिली)

(छ) बहिनी पसल जान्छे अनि उसले किताब किन्छे । (नेपाली)

(ज) बहिन दोकान जाइत अछि आ ओ किताब कीनइत अछि । (मैथिली)

यहाँ के देखिन्छ भने सर्वनाम नामको सम्पूर्ण कार्य गर्न सक्षम छ तर नामपदले बहन गर्ने कोशीय अर्थ सर्वनाम पदले पूरा गर्न सक्दैन । बरु नामको आश्रयमा सर्वनाम रहन्छ भन्न सकिन्छ ।

### ३.२.२ सर्वनामको व्याकरणिक उपवर्ग

व्याकरणात्मक कार्य भिन्नताको आधारमा सर्वनामलाई निम्न किसिमले देखाउन सकिन्छ :

### ३.२.२.१ पुरुषवाचक सर्वनाम

वक्ता, श्रोता र विषयको सन्दर्भ जनाउन आउने सर्वनामलाई पुरुषवाचक सर्वनाम भनिन्छ । यो सर्वनानम तीन प्रकारको हुन्छ । (क) प्रथम पुरुष (ख) द्वितीय पुरुष (ग) तृतीय पुरुष, आदि ।

(क) प्रथम पुरुष : वक्ता अथवा बोल्ने व्यक्तिलाई जनाउन आउने वा प्रयोग हुन आउने वा प्रयोग गरिने सर्वनामलाई प्रथम पुरुषवाचक सर्वनाम भनिन्छ । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| म, | हम |
| मेरो, | हमर |
| मलाई | हमरा |
| हामी, | हमरा लोकनि |
| हाम्रो | हमरालोकनिके |

(ख) द्वितीय पुरुष : श्रोता अथवा जोसँग वक्ताले बोल्दछ त्यस व्यक्तिलाई जनाउन आउने, प्रयोग हुने वा प्रयोग गरिने सर्वनाम द्वितीय पुरुषवाचक सर्वनाम हो । नेपाली र मैथिली दुबै भाषामा तहगत आधारमा द्वितीय पुरुषवाचक सर्वनामहरू रहेका छन् । जस्तै :

| नेपाली | आदर | मैथिली |
|---|---|---|
| तँ | रहित | तुँ |
| तिमी, तिमीहरू | सामान्य | तो,तोरा,तोरालोकनि |
| तपाईं, तपाईंहरू | विशिष्ट | आहाँ, आहाँलोकनि |
| हजुर, हजुरहरू | विशिष्ट | अपने, अपनेलोकनि/हजुर, हुजरलोकिनके |
| यहाँ? यहाँहरू | विशिष्ट | इनका, इनकालोकनिक |

**(ग) तृतीय पुरुष**

दोस्रो व्यक्ति अर्थात वक्ता र श्रोता भन्दा अन्य कुनै व्यक्तिको सूचना दिने वा सो व्यक्तिलाई सम्बोधन गर्ने, गर्न प्रयोग हुने वा प्रयोग गरिने सर्वनाम तृतीय पुरुषवाचक सर्वनाम हो । नेपाली र मैथिलीका तृतीय पुरुषवाचक सर्वनामहरू निम्न छन् :

नेपाली यो, यी, यिनी, त्यो, उनी, ती, यिनीहरू, उनीहरूआदि ।

मैथिली – इ, हिनक/एकर, ओ, हुनका/ओकर, हिनका लोकनि/एकरासभ, हुनका लोकनि/ओकरासभ ।

**३.२.२.२. टिप्पणी :**

(क) नेपाली भाषामा प्रयोग हुने प्रथम पुरुषको एकवचन म सर्वनामको ठाउँमा मैथिली भाषामा 'हम' प्रयोग भएको पाइन्छ । त्यसैगरी बहुवचन 'हामी' को ठाउँमा 'हमरालोकनि' र 'हाम्रो' को ठाउँमा 'हमरालोकनिके' प्रयोग मैथिली भाषामा भएको पाइन्छ ।

(ख) द्वितीय पुरुषको एकवचन जनाउने 'तँ' आदररहितको समान रूप मैथिलीमा 'तुँ' पाइन्छ । यसैगरी सामान्यतः द्वितीय पुरुष एकवचन र बहुवचनमा नेपाली भाषामा 'तिमी' र 'तिमीहरू' पाइन्छ भने मैथिली भाषामा तो र तोरालोकिन पाइन्छ । उच्च वा विशिष्ट आदरको लागि नेपाली भाषाको एकवचन र बहुवचनमा तपाइँ, हजुर, यहाँ र तपाइँहरू, हजुरहरू, यहाँहरू अनि मैथिली भाषामा आहाँ, अपने, हुनक र आहाँलोकनि, अपनेलोकनि, ओलोकनि, आदि प्रयोग भएको पाइन्छ ।

(ग) नेपाली भाषामा तृतीय पुरुषवाचक सर्वनाममा 'यो, यी, यिनी, त्यो, ऊ, तिनी, उनी, ती र यिनीहरू र उनीहरू' आदि शब्दहरू छन् भने मैथिलीमा पनि क्रमशः इ, हिनक/एकर, ओ, हुनका/ओकर, हिनका लोकनि/एकरासभ, हुनका लोकनि/ओकरासभ आदि शब्दहरू एकवचन र बहुवचनमा प्रयोग भएको पाइन्छ ।

**३.२.२.२ दर्शकवाचक सर्वनाम**

नजिक वा टाढाका वस्तुलाई तोकेर बताउन प्रयोग गरिने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । यो सर्वनाम पनि निकटवर्ती र दूरवर्ती गरी दुई किसिमको हुन्छ ।

(क) निकटवर्ती दर्शकवाचक सर्वनाम :

नेपाली – यो, यी, यहाँ, यहाँहरू

मैथिली – ई, अते/हुनक, हुनकालोकनि, हिनक, हिनकासभक

(ख) दूरवर्ती दर्शकवाचक सर्वनाम :

नेपाली – त्यो, उहाँ, उनीहरू, उहाँहरू आदि

मैथिली – ओ, हुनका, ओलोकनि, हुनकालोकनि ।

### ३.२.२.३ सम्बन्धवाचक सर्वनाम

वाक्यमा दुई उपवाक्यहरूको बीचको आपसी सम्बन्धलाई देखाउन प्रयोग हुने सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ । नेपाली र मैथिली दुबै भाषामा मानवेतर र मानवीय दुबै प्रकारको सम्बन्धवाचक सर्वनाम पाइन्छ ।

नेपाली मैथिली

मानवीय : जो मेहनत गर्छ त्यो सफल हुन्छ । जे मेहनत करैत अछि ओ सफल होइत अछि ।

नेपाली मैथिली

मानवेतर : जे पाउँछ त्यो ल्याऊ । जे पावइत छी सएह लाउ ।

सम्बन्धवाचक सर्वनाम प्रायः जसो निश्चित हुन्छ तर पनि केही पद/पदांश जोडी अनिश्चित वाचक रूप बनाउन सकिन्छ । यसप्रकारको व्यवस्थ दुबै भाषामा पाइन्छ । जस्तैः

**नेपाली**

जे सुकै भए पनि उसलाई किताब दिन्न ।

भन्न पाएँ भन्दैमा जे पनि नभन न ।

जुनसुकै बेला आए पनि हुन्छ ।

**मैथिली**

चाहे जे भऽ जाउ ओकरा किताब नहि देबइ ।

कह पावि/त जे होइ से नहि बाजुनऽ ।

कखनो आबि सकैत छी ।

नेपाली भाषामा सम्बन्धवाचक निश्चित सर्वनाममा जेसुकै भए पनि जुनसुकै आदि पद/पदांश जोडी अनिश्चयवाचक सर्वनाम बनेको पाइन्छ भने मैथिली भाषामा किछो, त, आदि पद/पदांश जोडी अनिश्चित वाचक सर्वनाम बनेको पाइन्छ ।

### ३.२.२.४ प्रश्नवाचक सर्वनाम

कुनै नामको सट्टामा आई प्रश्न वा जिज्ञासा व्यक्त गर्ने सर्वनाम प्रश्नवाचक सर्वनाम हुन् । मानवीय र मानवेतर दुवै बुझाउने भिन्न-भिन्न प्रश्नवाचक सर्वनाम नेपाली र मैथिली भाषामा पाइन्छ ।

**नेपाली**

मानवीय : हिजो को गएको थियो ?

मानवेतर : तिम्रो झोलामा के छ ?

मानवीय + मानवेतर : तिमी कुनलाई हेर्छौ । तिमी कुन ब्व्यजन खान्छौ ।

**मैथिली :**

मानवीय : काल्हि के गेल छल ?

मानवेतर : तोहर झोरामे कथि छौ ?

मानवीय + मानवेतर : तौं केकरा देखइत छले/तो कुन व्यञ्जन खाइत छअ ।

**टिप्पणी :**

(क) अनिश्चय वाचक सर्वनाममा नेपाली भाषामा जे, न आदि पदांश जोडिन्छ भने मैथिली भाषामा न, त, आदि पदांश जोडिन्छ ।

(ख) नेपाली भाषामा अनिश्चयवाचक र प्रश्नवाचक, मानवीय र मानवेतर दुबैको लागि सर्वनामको बहुवचन एउटै हुन्छ भने मैथिली भाषामा मानवीयमा लोकनि र सभ/सब दुबै पद जोडिन्छ भने मानवेतर निर्जीवमा सभ/सब जोडिन्छ ।

**३.३ विशेषण**

नाम वा नामिक पदको वर्णन गर्ने अथवा नामको अर्थलाई स्पष्ट पार्ने, विस्तार गर्ने, सीमित गर्ने वा विष्टि बनाउने पद नै विशेषण हो । यसले कुनै नमपदको विशेषता बताउने भएकोले विशेषण भनिएको हो । यसले जसको विशेषता बताउँछ, त्यस नामलाई विशेष्य भनिन्छ ।

| जस्तै : | विशेषण | विशेष्य |
|---|---|---|
| नेपाली | कालो/रातो | राम/मान्छे |
| मैथिली | कारी/लाल | राम/आदमी |

विशेषण विकारी वर्गको शब्द भएकोले लिङ्ग, वचन र कारकको आधारमा रूपायन हुने गर्दछ । विशेषण वाक्य रचनाको अवस्थामा दुई प्रकारले संयोजित हुन्छन् । ती हुन्: ऐच्छिक र अनिवार्य : यसैगरी वाक्य रचनामा पुरकको स्थानमा आउने विशेषण पद अनिवार्य संरचक मानिन्छ ।

जस्तै : नेपाली – असल व्यक्तिलाई सबैले मन पराउँछन् ।

मैथिली –निक लोगकेँ सभ कोइ चाहैत अछि ।

विशेषणले नामिक पदको अर्थ विस्तार गर्दछ । यसले नाम पदको गुण, धर्म, परिणाम, संख्या आदिको विस्तार गर्ने भएकोले यसलाई विभिन्न वर्गमा विभाजन गरिन्छ । विभिन्न वर्गको विशेषणको चर्चा तल गरिएको छ ।

**३.३.१ गुणबोधक विशेषण**

विशेष्य नामको विशेषता कुन, कस्तो, कत्रो आदि बुझाउने विशेषण पदलाई गुणबोधक विशेषण भनिन्छ । नेपाली र मैथिली भाषाका गुणबोधक विशेषण यसप्रकार रहेको छ :

नेपाली – कस्तो – कालो गाई, पुरानो टोपी, पढेको विद्यार्थी, राम्रो केटो, राम्रो केटो, बूढो मान्छे, निलो किताब, कुन, कत्रो आदि ।

मैथिली –केहन - कारीा गाई, पुरान टोपी, पढ़ल विद्यार्थी, निक छौँड़ा, सुन्नर छौँड़ी, बुढ़ आदमी, नील किताब, कोन, कतेटा आदि ।

**३.३.२ सम्बद्धात्मक विशेषण**

स्थान, समय, वस्तु आदिसँग सम्बद्धता वा सम्बन्ध जनाउने विशेषण पदलाई सम्बद्धात्मक विशेषण भनिन्छ । नेपाली र मैथिली दुबै भाषामा सम्बद्धात्मक विशेषणहरू यसप्रकार छन् :

| | |
|---|---|
| नेपाली | मैथिली |
| झापाली टोपी | झापाक टोपी । |
| सिरहालीकेटो | सिरहबाला/सिरहइया/सिरहाक छौँडा । |
| कात्तिके धान | कतिका धान |

सम्बद्धात्मक विशेषणको प्रयोग गर्दा नेपालीमा लिङ्ग विभेद देखिएको छैन तर मैथिली भाषामा मानवीयमा ऐच्छिक रूपमा देखिन्छ र मानवेतरमा भने देखिँदैन ।

| | | |
|---|---|---|
| जस्तै : | नेपाली | मैथिली |
| पुलिङ्ग : | बन्दीपुरे केटो | बन्दीपुरक छौँडा । |
| स्त्रीलिङ्ग : | बन्दीपुरे केटी | बन्दीपुरक छौँडी । |

**३.३.२ भेदक**

नाम वा सर्वनाममा को, का, की, विभक्ति लागेको शब्दहरू भेदक विशेषण हुन् । यिनले भेद्यको कार्य गर्दछ र विशेष्य बनी आउने अर्को नामको लिङ्ग र वचन अनरूप

विशेषण लिन्छन् । नेपाली भाषामा लिङ्ग, वचन, अनुरूप भेदक विशेषणमा भिन्न-भिन्न रूपहरू देखापरे पनि मैथिलीमा देखापर्दैन । जस्तै :

| भाषा | लिङ्ग | एकवचन | बहुवचन |
|---|---|---|---|
| नेपाली | पुलिङ्ग | महेशको छोरा | महेशका छोराहरू |
| नेपाली | स्त्रीलिङ्ग | महेशकी छोरी | महेशका छोरीहरू |
| मैथिली | पुलिङ्ग | महेशक बेटा | महेशक बेटासभ |
| मैथिली | स्त्रीलिङ्ग | राधाक बेटी | राधाक बेटीसभ |

### ३.३.४ परिमाणवाचक विशेषण

विशेष्यको परिणाम (नाप, तौल) को विशेषता बताउने विशेषण पद परिमाणवाचक विशेषण हुन् । नेपाली र मैथिलीमा परिमाणवाचक विशेषणहरू यसप्रकार रहेका छन् । जस्तै :

नेपाली – यति, त्यति, उति, जति, अधिकांश, कतिपय

मैथिली – एतेक, ततेक, ओतेक, जतेक, बहुत, कोनो आदि ।

वाक्य – नेपाली – यति पानिले के गर्छौ ?

वाक्य – मैथिली – एतेक पाइन लऽ कथि करब ?

### ३.३.५ तुलनात्मक विशेषण

दुई वा दुईभन्दा बढी मानवीय वा मानवेतर नाम वा सर्वनाम पदलाई तुलना गर्दा जोडिने नामयोगी पदलाई तुलनात्मक विशेषण भनिन्छ । नेपालीमा 'भन्दा' नामयोगी वा तुलनात्मक विशेषण पद जोडेर यस्तो वाक्य वा पद बनाइन्छ भने मैथिलीमा 'से' नामयोगी जोडेर बनाइन्छ ।

| जस्तै : नेपाली | मैथिली |
|---|---|
| हरि भन्दा महेश भोदो छ । | हरि सँ महेश भदा अछि । |
| श्याम सबैभन्दा बुद्धिमान छ । | श्याम सभसँ बुद्धिमान अछि । |

नेपाली र मैथिली दुबै भाषामा उपमा वाचक, शब्दहरू विशेषणमा जोडेर पनि तुलनात्मक पद बनेको पाइन्छ । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| ऊ राम जस्तो मोटो छैन । | ओ राम सन मोट नहि अछि । |
| ढुङ्गो झैँ माटो कडा हुँदैन । | पाथर जेकाँ माटि कडा नहि होइत अछि । |

### ३.३.६ सार्वनामिक विशेषण

विशेष्यको अगाडि वा विशेष्य भन्दा पहिले आएर त्यसको विशेषता बताई विशेषणको काम गर्ने सर्वनामलाई सर्वनामिक विशेषण भनिन्छ ।

नेपाली – यो व्यक्ति, यी व्यक्तिहरू, सबै वस्तुहरू, केही व्यक्तिहरू

मैथिली – इ लोग, ओ लोगसभ, सभ वस्तु, किछु लोग सब

### ३.३.७ संख्यावाचक विशेषण

संख्यावाचक शब्दहरूले गणनाका एकाइहरूलाई जनाउँछन् । यसले विशेष्यको संख्यावाचक विशोषता बताउने भएकाले यसलाई संख्यावाचक विशेषण भनिएको हो । यसको पनि विभिन्न प्रकारहरू पाइन्छ ।

**(क) गणनावाचक :**

नामसँग अन्वित भई एकाइको गणना जनाउने शब्द गणनावाचक हुन् । यिनलाई सामान्यतः संख्यावाचक पनि भनिन्छ । जस्तै :

**नेपाली :**

एक, दू, तीन, चरि, पाँच, छओ, सात, आठ, नौ, दस, एगारह, बारह, तेरह, चौदह, पन्द्रह, सोलह, सत्रह, अठारह, उन्नाइस, बीस, एककाइस, बाइस, पच्चीस, तीस, चालिस, पचास, चौबन्न, साठि, सत्तहत्तरि, अस्सी, नब्बे, सय, हजार, लाख, करोड, अरब, खरब आदि ।

**मैथिली :**

एक, दु, तिन, चाइर, पाँच, छ, सात, आठ, न, दस, एघार, बार, तेर, चौद, पन्द्र, सोर, सत्र, अठार, उनैस/उनइस, बिस, पचिस, तिस, चालिस, पचास, चौबन, साइठ, सतर, असि, नबे, सौ, हजार, लाख, करोड, अरब, खरब आदि ।

**(ख) क्रमवाचक**

संख्यावाचक विशेषणले क्रमको जानकारी दिएमा ती क्रमबाचक हुन्छन् । जस्तै :

नेपाली – पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौँ, सातौं, आठौँ, नवम, दशौँ आदि ।

मैथिली : पहिल, दोसर, तेसर, चारिम, पांचम, छठम, सातम, आठम, नवम, दसम आदि ।

नेपाली भाषामा देखिएका यी क्रमवाचकहरू लिङ्गभेदरूपी पनि पाइन्छ भने मैथिलीमा पनि पाइन्छ ।

(ग) आवृतिवाचक : विशेष्यको आवृतिको संख्या जनाउने संख्यात्मक विशेषणलाई आवृतिवाचक भनिन्छ । नेपाली भाषामा सरो, हरो, बर, गुणा, आदि पद जोडी आवृतिवाचक

शब्द बनाइन्छ भने मैथिली भाषामा हरा, डिसन, बेरी, बर, गना आदि पद जोडी आवृतिवाचक शब्द बनाइन्छ । नेपाली – एकसरो, दुइसरो, एकहोरो, दोहोरो, तेहरो, दोब्बर, तेब्बर, दुईगुना, तीनगुना आदि ।

मैथिली : एकहरा, दोहरा, एकहरा, दोबर, तेहरा, एकदिसन, दुदिसन, दोबर, तेबर, चौबर, दुगुणा, तिनगुणा आदि ।

(घ) **अंशवाचक**

संख्याको अंश जनाउने पदलाई अंशवाचक भनिन्छ । नेपाली र मैथिली भाषामा अंशवाचक विशेषण यसप्रकार रहेका छन् । नेपाली, पाउ, आधा, पौने, सवा, डेढ, चौथाइ, अढाइ आदि ।

मैथिली : पौवा, अधा, पउन/पौन, सबा, डेढ़, चौथआइ, अढाइ ।

## ३.४ क्रियापद

वाक्यमा विशेष्य भई घटना, कार्य, व्यापार स्थिति वा अवस्था बुझाउने शब्दलाई क्रिया भनिन्छ ।

### ३.४.१ समापिका र असमापिका क्रिया

यहाँ यसको पनि विभिन्न प्रकारहरु छन् । क्रिया वाक्यको अनिवार्य घटक हो । यसको संयोजन विना वाक्य पूरा हुन सक्दैन । क्रियालाई दुई भागमा विभाजन गरिन्छ । पहिलो वाक्यलाई समापन गर्न सक्ने क्रियालाई समापिका क्रिया भनिन्छ भने दोस्रो वाक्य पूरा गर्न नसक्ने असमापिका क्रिया हो । जस्तै :

**क) समापिका क्रिया**

| नेपाली | मैथिली |
|---|---|
| राम घर गयो । | राम घर गेल/गेलैक । |
| बहिनीले कपाल कोरी । | बहिन केस ककलकै/ककलिह । |

माथिका वाक्यमा नेपाली भाषाको वाक्यमा 'गयो', र 'कोरी' ले र मैथिली भाषामा 'गेलै/गेलह', 'ककलकै/ककलिह' ले वाक्यलाई समापन गरेका छन् । यसैले यी क्रियाहरू समापिका क्रिया हुन् । नेपाली र मैथिलीमा समापिका क्रिया बन्नका लागि निश्चित सहायक क्रियाको संयोजन हुन्छ । नेपालमा 'छ' र यो त्यस्तै मैथिलीमा अछि / छि र ल सहायक क्रिया लागि समापिका क्रिया निर्माण हुन्छ ।

**ख) असमापिका क्रिया :**

असमापिका क्रिया पूर्वकालिक र उत्तरकालिक गरी दुई प्रकारका हुन्छन् । नेपाली र मैथिली दुबै भाषामा यसप्रकारको असमापिका क्रियालाई बुझाउन समापिका क्रियाहरू रहेका छन् । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| पूर्वकालीक – गर् = गर्ने, गर्न, गर्दै | कर= करबै, करअ, कैरते |
| उत्तरकालिक – गर् = गरी, गरेर | कर = कैरलेलकै/करलकै, कैरके |

मैथिली भाषामा ब, ऐत सहायक क्रियाको संयोजनहुन्छ । त्यसैगरी उत्तरकालिकको लागि ऐके, ऐलकै सहायक क्रियाको प्रयोग हुन्छन् । असमापिका क्रियालाई क्रियापद नभनी कृदन्त भनिन्छ । यस्ता पदहरूले नाम, विशेषण, क्रिया विशेषण वर्गको प्रतिनिधित्व गर्दछन् । जस्तै :

**अ) नाम**

| **नेपाली** | **मैथिली** |
|---|---|
| रामको हिडाइ छिटो छ । | रामके चलाइ जलदी अछि । |
| सबेरै उठनु राम्रो बानी हो । | भोरे उठनाइ निक बाइन /आदत अछि । |
| रामको चाल ठीक छैन । | रामके चाइल निक नहि छै/अछि । |
| दाजु भाइको झगडाले घर बिग्रियो । | भाइ भैयाके झगडासँ घर बिगरलै । |

**आ) विशेषण**

| **नेपाली** | **मैथिली** |
|---|---|
| श्याम सुताहा छ । | श्याम सुतहा अछि । |
| गोपाल धुमकड छ । | गोपाल घुरकर अछि । |
| क्रिया : राम मुस्कुराउँदै बोल्छ । | राम मुसकियायत बजैत अछि । |
| विशेषण : गोपाल हाँस्दै आयो । | गोपाल हँसैत एलै । |
| विशेषण : गोपाल हाँस्दै आयो । | गोपाल हँसैत एलै । |

असमापिका क्रियाहरू सहायक क्रियाहरू सित अन्वित भई संयुक्त क्रियाको अंग बनी समापिका क्रिया बन्न सक्छन् । यो प्रवृत्ति दुबै भाषामा पाइन्छ । जस्तै :

| **नेपाली** | **मैथिली** |
|---|---|
| गरी – रामले काम गरिसक्यो । | करलकै – राम काज क चुकल अछि । |

गर्नु – हामीहरूले काम गर्नुपर्छ ।     करअ – हमरालोकिनकँ काज कर परत ।

गरेको – श्यामले काम गरेको छ ।     करने – श्याम काज कएने अछि ।

### ३.४.२ क्रियापदको प्रकार :

क्रियापदलाई वर्गीकरण गर्ने धेरै आधार पाइन्छ तर यहाँ यसलाई वर्गीकरण गर्ने प्रमुख आधार भने वाक्य रचनामा यसले लिने आधारभूत पदहरूको संख्या नै देखिन्छ । यस आधारमा क्रियापदलाई चार वर्गमा विभाजन गरिन्छ ।

**क) अकर्मक :** वाक्य पूरा गर्नका लागि कर्मको अपेक्षा नराख्ने क्रियापद अकर्मक हो । यमसा कर्ता एउटा मात्र नामपद हुन्छ । नेपाली र मैथिली भाषामा यसप्रकारको क्रियापदहरू पाइन्छ । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| भाइ हाँस्यो । | भाइ हसलै |
| चरा उड्यो । | चरा उड़लै |

नेपाली र मैथिली भाषामा केही अकर्मक क्रिया (धातु) यसप्रकार छन् :

| नेपाली | मैथिली |
|---|---|
| उड्, खोक, जा, झर, थुक, दौड आदि | उड, खाँस, जो, गिर, थूक, दौड़ आदि । |

**ख) सकर्मक :** वाक्य पूरा गर्न कर्ताको अतिरिक्त कर्म पद पनि आवश्यक पर्ने क्रियापदलाई सकर्मक भनिन्छ । यसलाई एककर्मक पनि भनिन्छ । यसप्रकार क्रियाले कर्ता भन्दा बाहेक एक कर्म पदको पनि अन्वित गर्दछन् । नेपाली र मैथिलीमा पनि यस किसिमको क्रियाको प्रकार रहेका छन् :

| नेपाली | मैथिली |
|---|---|
| भाइले पुस्तक पढ्यो । | भाइपुस्तक पढलकै/पढलक । |
| बहिनीले फूल टिपी । | बहिन फूल तोड़लकै/तोड़लक । |

**ग) द्विकर्मक :**

वाक्य पूरा गर्नका लागि दुईवटा कर्मपद लिने क्रियालाई द्विकर्मक भनिन्छ । यसप्रकार क्रियाले कर्ता भन्दा बाहेक अप्रत्यक्ष कर्म र प्रत्यक्ष कर्मको पनि अन्वित गर्दछ । नेपाली र मैथिलीमा पनि यसप्रकारको क्रियापदहरू रहेका छन् ।

| **नेपाली :** | **मैथिली** |
|---|---|
| रामले भाइलाई किताब दियो । | राम भाइके किताब देलकै/देलक । |

रिताले सीतासित एउटा किताब मागी ।    रिता सीतासँ एकटा किताब मँगलकै/मगलन्हि ।

छोरीले आमालाई एउटा कुरा भनी ।           बेटी माइके एगो बात कहलकै/कहलन्हि ।

नेपाली र मैथिलीमा द्विकर्मक क्रिया यसप्रकार रहेका छन् ।

नेपाली – दि, बेच, तिर्, ठग्, बाड्, भन्, सोध्, माग्, आदि ।

मैथिली – दे, बेक, तिरब, ठगइ, बाट्, कह, पुछ, माग आदि ।

**घ) पुरकापेक्षी :** वाक्य पूरा गर्नको लागि कर्म भन्दा बाहेक एउटा पुरकको अपेक्षा राख्ने क्रियालाई पुरकापेक्ष क्रिया भनिन्छ । यस्ता क्रियाहरू आफै स्वयम्ले वाक्य पूरा गर्न सक्दैन र एउटा पुरकको आवश्यकता ठान्दछ । यस्ता क्रिया पनि कर्तृपुरक र कर्मपुरक गरी दुईप्रकारको हुन्छ । अकर्मक क्रिया कर्तृपुरक हुन्छ भने सकर्मक क्रिया कर्मपुरक हुन्छन् । यस्ता क्रिया नेपाली र मैथिली दुबै भाषामा पाइन्छ ।

| **नेपाली** | **मैथिली** |
|---|---|
| कर्तृपुरक : श्याम ठूलो छ । | श्याम नम्हर है/छि/अछि । |
| राम असल छ । | राम निक अछि । |

### ३.४.२.१ संयोजता

यस आधारमा पनि क्रियापदलाई अध्ययन वर्गीकरण गर्न सकिन्छ । यसलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ ।

**क) कर्मवाच्य :** कर्मवाच्यको वाक्यमा क्रियापदको संयोजकता घटदछ अर्थात् अकर्मक क्रियामा संयोजक पद अनिवार्य संरचक हुँदैन भने सकर्मक क्रिया मात्र रहन्छ कर्ता हुँदैन । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| अकर्मक : हासिन्छ । | हँसैत अछि । |
| सकर्मक : भाइ पिटियो । | भाइ पिटैत अछि । |
| द्विकर्मक : भाइलाई पुस्तक दिइयो । | भाइके किताब देलक । |

**ख) प्रेरणार्थक :** प्रेरणार्थक वाक्यमा क्रियापदको संयोजकता बढ्दछ । यस्तो वाक्यमा प्रेरणा प्रदान गर्ने एउटा व्यक्तिवाचक नाम पनि थपिन्छ । त्यसकारण प्रेरणार्थक क्रियाले संयोजकता बढाएको हुन्छ ।

**नेपाली :** **मैथिली**

अकर्मक : रामले भाइलाई हँसायो । राम भाइके हँसोलकै ।

सकर्मक : बहिनीले दाइलाई खुवाइ । बहिन भइयाके खोएलकै ।

द्विकर्मक : सीताले रामबाट श्यामलाई किताब दिन लगायो ।

सिता रामसँ श्यामके किताब दिअ' लगेलकै ।

माथिका उदाहरणमा रेखाङ्कित गरिएको पदहरू संयोजित भएका छन् र तिनले लगत्तै पछि आउने नामलाई प्रेरणा दिने कार्य गरेका छन् । यसप्रकारबाट हेर्दा प्रेरणार्थक वाक्यमा एउटा प्रेरक र एउटा उत्प्रेरक पदहरू रहेका हुन्छन् भन्ने निश्चित हुन्छ । दुबै भाषामा यसप्रकारको क्रियाहरू समान रूपले प्रयोग भएको पाइन्छ । जस्तै :

**नेपाली :** **मैथिली**

मूल क्रिया : भात पाक्यो । भात पकऔलहुँ ।

प्रेरणार्थक : रामले भात पकायो । राम भात पकाओल ।

द्विगुणित प्रेरणार्थक : श्यामले रामलाई भात पकाउन लगायो ।

श्याम रामके भात बनाबय लगौलक ।

### ३.५ क्रिया विशेषण

क्रियाको विशेषण तथा परिवेश जनाउने शब्दलाई क्रियाविशेषण भनिन्छ । किन, कसरी, कहिले, कति आदि प्रश्नको उत्तरमा आएर क्रियाका रीति, परिणाम, आदि विशेषता र काल, स्थान आदि परिवेश जनाउने गर्दछन् । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| श्याम भोलि आउँदैछ । | श्याम काल्हि अबैत अछि । |
| राम बेसरी लड्यो । | राम कइसके गिरलै । |
| म आज त्यता जाउँला । | हम आइ ओमहर जेब/जाइब । |

क्रियाविशेषणले केबल क्रियाको विशोष्ता मात्र नबताई विशेषण वा क्रियाविशेषणकै पनि विशेषता स्पष्ट गर्दछ ।

जस्तै :

नेपाली मैथिली

क्रियाको विशेषता : श्याम सुटुक्क गयो । श्याम चुपचाप गेलै ।

विशेषणको विशेषता : सीता विछिट्ट राम्री छे । सिता बड़ा निक अछि ।

क्रियाविशेषणको विशेषता गोपाल एकदम चाँडो रिसाउँछ।  गोपाल बहुते जल्दी खिसियाइत अछि।

क्रियाविशेषण पद खुल्ला वर्गको शब्द हो। यी पदहरू कर्ता, कर्म र पुरक जस्तो वाक्यको अनिवार्य घटक मानिदैन  र यसको प्रयोग ऐच्छिक रूपमा गर्न सकिन्छ। कतिपय अवस्थामा क्रिया विशेषणसँग विभक्ति, परसर्गहरू पनि संयोजित हुन पुग्दछन्। यस्त नामयोगीहरू पनि क्रियाविशेषणकै कोटिमा अन्तर्भुत हुन्छन्। जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| आजलाई यति। | आइकेलेल एतेबे। |
| भोलिदेखि छुट्टी हुन्छ। | काल्हि सँ छुट्टी हैत। |
| बिहानै आइपुगें। | भोरे एलहुँ। |
| साँझमा आइपुगे। | साँझमे एलहुँ। |

क्रिया विशेषणले वाक्यमा रीति, परिणाम, दिशा, स्थान, परिवेश आदि जनाउने भएकोले क्रियाविशेषणहरूलाई निम्न प्रकारमा देखाउन सकिन्छ।

### ३.५.१ कालवाचक

काल वा समयको सूचना दिने क्रियाको विशेषणलाई कालवाचक विशेषण भनिन्छ। वाक्यमा कहिले ? भन्ने प्रश्नको उत्तरमा आउने पद नै कालवाचक क्रियाविशेषण हो। जस्तैः

| नेपाली | मैथिली |
|---|---|
| म आज पोखरा जान्छु। | हम आइ पोखरा जाइत छी। |
| राम हिजो ससुसराली गयो।, | राम काल्हि ससुरारि गेल। |
| तिमी भोलि स्कुल जाऊ। | तुँ काल्हि इसकूल जो। |
| तपाइँ पहिले धेरै सुत्नुहुन्थयो। | आहाँ पहिले बड़े सुतै छलहुँ। |
| म पहिले धेरै सुत्थें। | हम पहिले बड़े सुतै छलहुँ। |
| तिमी पर्सी आउनु। | तोँ परसु अबिह। |
| श्याम भोलि गृहकार्य गरेर आउनु। | श्याम काल्हि गृहकाज क'क आयब। |

### ३.५.२ स्थानवाचक

स्थानको सूचना दिन आउने क्रिया विशेषण पद स्थानवाचक हो । वाक्यमा कहाँ भन्ने प्रश्नको उत्तरमा आउने क्रियाविशेषण पदलाई स्थानवाचक भन्ने बुझिन्छ । यस किसिमको क्रियाविशेषणले स्थान, स्थिति वा परिवेशलाई संकेत गर्दछन् । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| पात तल झर्‍यो । | पता निचा गिरलै । |
| स्कुल वागमति नजिक छ । | इसकूल वागमतिक नजिक अछि । |
| तिमी काहाँ जान्छौँ ? | तौँ कत' जाइत छह ? |
| तपाइँ माइलो औंलामा औठी लगाउनुहुन्छ । | आहाँ माझिल औंरिमे औँठी लगवैत छी । |

### ३.५.३ परिमाणवाचक

क्रियाको परिमाण बुझाउने क्रियाविशेषण पद परिमाणवाचक हुन् । वाक्यमा कति भन्ने प्रश्न गर्दा आउने उत्तरमा रहने क्रियाविशेषण पदावली नै परिमाणवाचक हुन् ।

| नेपाली | मैथिली |
|---|---|
| राम धेरै नै बदमास भयो । | राम बहुत बदमास भेलै । |
| उसले धेरै पढ्यो । | ओ बहुत पढ़लक । |
| अलिक नजिक आउ । | कनेक लगमे आउ । |
| ऊ एकदम चलाख भयो । | ओ बेसी चलाख भेलै । |
| तिमी अलिकति धेरै बोल्छौ । | तौ कैनके/कनि बेसी बजइत छैँ । |

### ३.५.४ रीतिवाचक

क्रियाको कार्यको सम्पन्नता वा ढङ्ग बताउने क्रियाविशेषण रीतिवाचक हो । कसरी भन्ने प्रश्नको उत्तरमा आउने क्रियाविशेषण रीतिवाचक हो । जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| तिमी सुस्तरी साँस फेर । | तो रसेकइसके साँस लियौ/ले। |
| तिम्रो कार्य छिटोछिटो त्यार पार । | तोहर काज जल्दी जल्दी पूरा कर । |
| हरि फटाफट हिँड्छ । | हरि जल्दी जल्दी चलैत अछि । |
| केटो आनन्दले पढाउँछ । | छोड़ा आनन्दसे पढ़ावइत अछि । |

### ३.५.५ आवृतिवाचक

क्रियाले सम्पन्न गरेको बारम्बारतालाई जनाउने क्रियाविशेषण आवृत्तिवाचक हो । यस्ता क्रियाविशेषणले कतिपल्ट भन्ने प्रश्नको उत्तर दिन्छ । जस्तै :

| **नेपाली** | **मैथिली** |
|---|---|
| श्याम जहिले पनि खेलिरहन्छ । | श्याम हरदम खेलैत रहैत अछि । |
| ऊ तीनपल्ट यहाँ आयो । | ओ तिनबेर एतय आयल । |
| हरि सधैँ विद्यालय जान्छ । | हरि सभ'दिन विद्यालय जाइत अछि । |
| तिमी कहिल्यै पनि खेल्दैनौँ । | तो कहियो नहि खेलइत छय । |

### ३.६ नामयोगी

नामिक शब्द वा पद समूहका पछाडि जोडिएर अन्य नाम, क्रिया वा पद आदिसँग सम्बन्ध गराउने शब्दलाई नामयोगी भनिन्छ । अर्थात नाम, सर्वनाम, विशेषण र क्रियाविशेषणका पछाडि जोडिने शब्द नामयोगी हो । नामयोगीलाई शब्द भन्ने गरिएको छ तर अन्य शब्दवर्गमा झैँ यसमा स्वतन्त्र अर्थ हुँदैन । यी पदहरूले जुन शब्दहरूसँग सम्बन्ध राख्दछ तिनका साथ व्याकरणिक सम्बन्ध मात्र स्थापित गरी ती पदहरूलाई क्रियायोगी बनाउँछन्, त्यसैले यिनलाई व्याकरणिक शब्द भन्ने गरिन्छ ।

नामयोगी नामिक पदसँग योजित नभई स्वतन्त्र रूपमा प्रयोग हुँदा तिनीहरूले यिनै वर्गको शब्दको रूपमा कार्य गर्दछन् । जस्तै :

| **नेपाली** | **मैथिली** |
|---|---|
| नाम : गाउँको बीच यही हो । | गामक बीच इएह अछि । |
| श्याम मेरो विरुद्ध छ । | श्याम हमर विरोधी अछि । |
| नामयोगी : उ सडकबीच उभिएको छ । | ओ सडकबीचमे खडा अछि । |
| उ श्याम विरुद्ध चुनावमा उठ्यो । | ओ श्यामक विरुद्ध भोटमे खड़ा भेलैक । |
| विशेषण : यो उसको अतिरिक्त काम हो । | इ ओकर अतिरिक्त काज छी । |
| उसले दायाँ  हातमा पट्टी बाँधेको छ । | ओ दहिना हातमे पटी बन्हने अछि । |
| नामयोगी : यस अतिरिक्त उ व्यापार पनि गर्छ । | एकर अतिरिक्त ओ व्यापारो करैत अछि । |
| सडक दायाँ पर्खाल छ । | सडक दहिना देंबाल अछि । |

**३.६.१ नामयोगीका प्रकारहरू**

**३.६.१.१ समयवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| म आउने वित्तिकै ऊ हिँड्यो । | हमरा आबिते ओ चलि गेल । |
| श्याम मेरो पछि आयो । | श्याम हमर पाछाँ आयल । |

**३.६.१.२ स्थानवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| उसले वाल्मीको टेबलमाथि झोला राख्यो । | ओ बाल्मीक टेबुलपर झोरा रखलक । |
| हजुरकहाँ जग्गाको सम्बन्धमा आएको छु । | अपने ओतय जमीनक सम्बन्धमे आयल छलहुँ । |

**३.६.१.३ रीतिवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| अर्जुन जस्तो दुर्योधन सुन्दर छैन । | अर्जुन जकाँ दुर्योधन सुन्दर नहि अछि । |
| कानुन बमोजिम काम गर्नु । | कानुन बमोजिम काज करब । |

**३.६.१.४ हेतुवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| उ समानको लागि बजार गयो । | ओ समानकलेल बजार गेलै/गेलह । |

**३.६.१.५ अवधिकवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| जीवनभरी सङ्घर्ष गर्नुपर्छ । | जिवनभरि संघर्ष कर’ परैत अछि । |

**३.६.१.६ दिशावाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| ऊ गाँउतिर गयो । | ओ गामदिसन गेल । |

**३.६.१.७ सहार्थवाचक**

| **नेपाली** | **मैथिली** |
|---|---|
| श्याम रामसँग पढ्छ । | श्याम रामसँगे पढ़ैत अछि । |
| हरिले दालसित भात खान्छ । | हरि दालिसँगे भात खाइत अछि । |

### ३.६.१.८ विनिमयवाचक

| **नेपाली** | **मैथिली** |
|---|---|
| उसले सागरलाई कलमको बदला पैसा दियो । | ओ सागरकैं कलमक बदला पैसा/पइसा देलकै । |

### ३.६.१.९ अभाववाचक

| **नेपाली** | **मैथिली** |
|---|---|
| ऊ तिमीबिन पढ्न जाँदैन । | ओ तोराविना पढ' नहि जाएत । |
| तिमीलाई छोडेर जान्न । | तोरा छोडिक' नहि जाएत । |

### ३.६.२ टिप्पणी

क. माथिका नामयोगीहरूलाई अवलोकन गर्दा के पाइन्छ भने नेपाली र मैथिलीको नामयोगीहरू नामसँग जोडेर लेखिन्छ ।

ख. नेपाली भाषामा नामयोगहिरूको संयोजन हुँदा विनिमयवाचक सँग मात्र विभक्ति चिन्हको प्रयोग भएको पाइन्छ भने मैथिली भाषामा धेरै जसो नामयोगीहरूको योगमा विभक्ति चिन्हहरूको प्रयोग भएको पाइन्छ ।

## ३.७ संयोजक

वाक्यमा शब्द र पद समूह अनि उपवाक्यहरू जोड्ने शब्दलाई संयोजक भनिन्छ । यो बद्ध वर्गको शब्द हो । त्यसैले यसको रूपायन हुँदैन संयोजकले दुई वा दुई भन्दा बढी पदपदावली, उपवाक्य वा वाक्यहरूका बीच व्याकरणिक सम्बन्ध स्थातिप गरी तिनलाई एउटै एकाइका रूपमा संयोजन गर्ने कार्य गर्दछ । जस्तैः

| **नेपाली** | **मैथिली** |
|---|---|
| पदहरूको संयोजन- | |
| गोपाल र मदन । | गोपाल आ मदन । |
| पदावलीकाहरूको संयोजन | |
| श्यामको भाई र भाउजुको बहिनी । | श्यामक भाइ आ भौजीक बहिन । |
| उपवाक्यहरूको संयोजन-उ बुझ्दछ तर बोल्न जान्दैन । | |
| | ओ बुझैत अछि मुदा बाजय नहि जनैत अछि । |

### ३.७.१. संयोजहरुको प्रकार

संयोजनहरूलाई संयोजनको भिन्नताको आधारमा दुई वर्गमा विभाजन गरिन्छ । निरपेक्षर सापेक्ष ।

**क) निरपेक्ष**

स्वतन्त्र वा समान स्तरको दुई पद, पदावलीमा वा उपवाक्यहरूलाई जोड्ने संयोजक निरपेक्ष संयोजक हो । यस किसिमको संयोजकले निरपेक्ष रूपमा रहेका दुइ व्याकरणिक एकाइहरूलाई संयोजन गर्ने कार्य गर्दछ । जस्तैः

| **नेपाली** | **मैथिली** |
|---|---|
| हरी र सीता पढ्न गए । | हरि आ सीता पढ़ गेल/गेलै । |
| राम वा श्याम जान्छ । | राम आ श्याम जाइत अछि । |
| न ब्याउ किन्छ न फुटबल । | ने व्याउ किनैत अछि ने फुटबल । |

**टिप्पणी**

नेपालीमा माथि उल्लखे भएका अतिरिक्त कि, कि. . .कि, तापनि, अथवा, तथा, वा, नकि, तर, परुन्त आदि निरपेक्ष संयोजक रहेका छन् भने मैथिलीमा के, के . . .के, तइओ, या, ओर, आदि निरपेक्ष संयोजकहरू देखिन्छ ।

**ख) सापेक्ष**

सापेक्ष संयोजक भन्नाले एउटा मुख्य वा स्वतन्त्र उपवाक्य र आश्रित वा अधिन उपवाक्यहरूलाई जोडेर मिश्र वाक्य बनाउने संयोजक हो यस्ता संयोजकले असमान स्थितिमा वा सापेक्ष रूपमा रहेको उपवाक्यहरूलाई जोड्ने कार्य गर्दछ । नेपाली र मैथिली दुबै भाषामा यसप्रकारका संयोजकहरू रहेका छन् । जस्तैः

| **नेपाली** | **मैथिली** |
|---|---|
| उसले तिमी जानेछो भनी सुनाएको थियो । | ओ तो जएनह कहिकेँ सुनौने छल । |
| छोरालाई गाली गरुँ भने बुहारी रिसाउँछे । | बेटाके खिसिआउ त पुतहु पितायत अछि । |

नेपालीमा माथि उल्लेखित सापेक्ष संयोजक बाहेक भनेर, भन्ने, कि, त, के . . . भने, यदि . . . भने आदि छन् र मैथिलीमा पनि कहिले, त, कि कियाक त आदि सापेक्ष सयोजक रहेका छन् ।

## ३.८ निपात

निपात भन्नाले वाक्यमा आश्रितको रूपमा आइ वाक्यात्मक धारणालाई वा वाक्यको अर्थलाई जोडदिने आश्रित पद भन्ने बुझिन्छ । यो स्वतन्त्र रूपमा प्रयोग हुँदैन । निपातहरूले वाक्यको अर्थलाई उज्जेलित बनाइ बोलचाललाई चमत्कारपूर्ण, मिठासपूर्ण बनाउन् नाम, सर्वनाम र विशेषणसँग जोडएर वाक्यलाई सुमधुर बनाउने गर्दछन् । निपातहरू अविकारी

बन्दवर्गका शब्दहरू हुन् र यिनीहरू वक्यमा आश्रित भई वाक्यलाई निश्चय, आग्रह बाल आदि भाव थप गर्दछन् । नेपाली र मैथिली दुबै भाषामा रहेका निपातहरू :

| **नेपाली** | **मैथिली** |
|---|---|
| आशङ्का- ऊ पढ्छ । | ओ पढैत अछि । |
| आग्रह- उता हेर्नुस न ! | ओमहर देखिइयो त ! |
| जोड- तिमी धनी है । तँ कार चढ्दै है । | तौँ धनिक छ' । तब त कार चढै छ । |
| निर्धारण- त्यो चाँहि राम्रो छ । | उ निक अछि । |
| आस्वासन- ल म भोलि आउँछु । | लिअ त हम काल्हि अबैत छी । |

**३.९ विस्मयादिबोधक**

मनको आकस्मिक भाव, दशा वा वृत्ति बुझाउने विस्मयसूचक शब्दलाई विस्मयादिबोधक भनिन्छ । यो सिङ्गो वाक्य समान एकाई हो र यस्को स्वतन्त्र रूपमा प्रयोग हुन्छ । यी शब्दहरू प्राय वाक्यको अगाडि आउँछन् । पदवर्गमा पर्ने यस्ता शब्दहरूले कुनै पनि रूपायन लिँदैनन् र अव्ययवर्गमा पर्दछन् । विस्मयादिबोधक पछि आउने वाक्यले विस्मयादिबोधककै अर्थ विस्तार गर्दछन् । नेपाली र मैथिली दुबै भाषामा आ-आफ्नै किसिमको विस्मयादिबोधकहरू पाइन्छन् । जस्तैः

**अ. भाषा विस्मयादिबोधक**

नेपाली हर्षबोधक- आहा!, वाहवाह!, धन्य धन्य!, जय!, स्याबास आदि ।

वाक्य स्याबास! छोरा अरु छिटो दगुर ।

मैथिली- च्याबास!बेटा और कइसके दौर ।

आ. नेपाली तिरस्कार बोधक-हिः!थु!, धत्, धिक्कार आदि

नेपाली वाक्य धिक्कार! तिम्रो जिन्दगी ।

मैथिली वाक्य- धिक्कार! तोहर जिन्दगी ।

इ. नेपाली- शेकबोधक- हा!, हाय!, ज्य!, ऐया!, थक्क, हरे शिव आदि ।

नेपाली वाक्य- हरे शिव!के, हेर्नुपर्‍यो नी ।

मैथिली वाक्य- हरे शिव! कि देखय पड़ल ।

ई. नेपाली आश्चार्यबोधक- अहो ! त्यो आएछ ।

मैथिली वाक्य- उहे ! ओ चलि एलय ।

उ. नेपाली- सम्बोधनबोधक- ए!, ऐ!, ओ!, हो!, रो!ओइ आदि ।

नेपाली वाक्य- ए! यता आऊँ ।

मैथिली वाक्य- रे! एमहर आ ।

ऊ. समर्थनबोधक- ठीक!, आँ, अँ, हजुर! आदि ।

नेपाली वाक्य- अँ!ठीक गरिस ।

मैथिली वाक्य - हँ ! ठीक कयले ।

### ३.१० निष्कर्ष

नेपाली र मैथिली भाषाको व्याकरणिक शब्दबर्गलाई तुलनात्मक रूपमा नियाँल्दा ।

क. नेपाली र मैथिली दुबै भाषामा व्यक्ति जातिवाचक, सङ्ख्ये र असङ्ख्ये, सजीव र निर्जीव, मानवीय र मानवेतर नामका प्रकारहरू समान रूपमा पाइन्छ । नेपाली भाषामा मानवेतर नामले लिङ्गको सङ्गतिमा फरक राख्दैन त्यसैगरी मैथिली भाषामा लिङ्गको सङ्गति समाप्त भइसकेको पाइन्छ तर क्रिदन्त क्रियापदमा भूतकाल तृतीय पुरुषमा यसको सङ्गति  पाइन्छ ।

ख. नेपाली र मैथिली दुबै भाषामा विशेषणका गुणबोधक, सम्बन्द्धान्तमक-भेदक, परिणामबाचक, तुलनात्मक, सर्वनामिक, संख्यावाचक भेदहरू समान रूपमा देखा पर्दछन् । नेपालीको सम्बन्द्धात्मक विशेषणमा लिङ्ग विभेद देखा पर्दैन भने मैथिली भाषामा मानवीयमा देखापर्दछ । त्यस्तै नेपालीमा मेदक विशेषणको प्रयोगमा भिनन भिन्न रूपहरू देखापर्दछन् तर मैथिलीमा एकै नासका रूपहरू पाइन्छन् ।

ग. नेपाली र मैथिली दुबै भाषामा पुरुषवाचक, दर्शकवाचक, सम्बन्धवाचक, प्रश्नवाचक आदि सर्वनामका भेदहरू समान रूपमा पाइन्छ ।

घ. नेपाली र मैथिली दुबै भाषामा क्रियापदको प्रयोग समान रूपले भएको पाइन्छ । सकर्मक, अकर्मक, द्विकर्मक र पूरकापेक्षी क्रियाहरू दुबै भाषामा पाइन्छन् र समापिका र असमापिका क्रियाको प्रयोग पनि पायनछ ।

ङ. नेपाली र मैथिली दुबे भाषामा क्रियाविशेषणहरू पनि समानरूपले प्रयोग भएको पाइन्छ।दुबै भाषामा यादृनिछिक रूपले अनुकरणात्मक शब्दहर पनि पाइन्छन् ।

च. नेपाली र मैथिली दुबै भाषामा नामयोगीहरू प्रायः समानरूपले प्रयोग भएको पाइन्छ । भाषाको प्रकृति अनुसार नामयोगी नामसित जोडि/जोडेर लेखिन्छ भने नेपाली र मैथिली दुबे भाषामा नामसँग जोडि लेखिन्छ ।

छ. दुबै भाषामा संयोजनकको सापेक्ष र निरपेक्ष भेदहरू प्रयोग भएको पाइन्छ ।

ज. विस्मयादिबोधक र निपातको प्रयोग पनि दुबै भाषामा भएको पाइन्छ ।

# अध्याय चार

# नामिकपदका व्याकरणिक कोटि

नामिक पद भनेको नामसगँ सम्बन्धित शब्द वा नामवर्ग भित्र पर्ने शब्द नाम, सर्वनाम र विशेषण हुन् । परम्परागत व्याकरणमा यिनीहरूलाई पदवर्ग/शब्दवर्ग भनिएको पाइन्छ । नामिक पदलाई वाक्यमा प्रयोग गर्दा तिनीहरूको भिन्न-भिन्न प्रकृतिको वाक्यात्मक सम्बन्ध प्रकट हुन्छ र यही वाक्यात्मक सम्बन्ध नै तिनीहहरूको व्याकरणिक कोटि हो । यस्ता कोटि कुनै शब्दमा रुपायनबाट व्यक्त हुन्छन् भने कुनै शब्दमा प्रतिपादकका तहमा नै अन्तर्निहित हुन्छन् । यसैले नामिक पदका व्याकरिणक कोटिहरूमा अन्तर्निहित कोटि र रुपायन कोटि गरी दुई प्रकृतीका देखिन्छन् । नामिकपदका वचन, पुरुष र आदर पर्दछन् । व्याकरणिका कोटि अन्तर्गत, लिङ्ग, वचन, पुरुष र आदर पर्दछन् ।

### ४.२ नेपाली र मैथिली भाषाको लिङ्ग व्यवस्था

लिङ्ग : भाषामा लिङ्ग भन्नाले व्याकरिणक लिङ्गलाई बुझिन्छ । भाषाका व्याकरणिक कोटिहरूमध्ये प्रमुख कोटी लिङ्गलाई मानिन्छ । लिङ्गलाई परिभाषित गर्ने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नै विभिन्न मत प्रस्तुत गरेका छन् ।

“सामान्यतः पदसङ्गति नियन्त्रण गर्ने नामका वाक्यगत उपवर्गको कोटि नै लिङ्ग हो । यिनको रुपतात्विक सङ्केत पनि हुन सक्छन्” ग्लिसन (१९७६: २२८) ।

"लिङ्ग शब्दहरूको सहचार्यका आधारमा बनाएका संज्ञाका वर्गहरू हुन् । लिङ्गको प्रकृतिका लिङ्गसँगै सम्बन्ध हुन सक्छ र नहुन पनि सक्छ त्यसैले भाषा व्याकरणमा लिङ्ग प्रकृतिको वाचक नभएर वाक्यगत पदहरूको संगती कति किसिमको विचलन हुन्छ भन्ने कुराको पनि वाचक हो" (पोखरेल, २०४२: ४) ।

"लिङ्ग नामपदको भाले वा पोथी बुझाउने व्याकरिणक अभिलक्षण हो" यादव र रेग्मी (२०५७: १९९) ।

नेपालीमा मानवीय नामले मात्र क्रियापदको साथ लिङ्गको अन्विति राख्दछन् । अन्य प्रकृतिको नाम सधै पुलिङ्गको अन्वितिमा रहन्छन्, आचार्य (२०५८: ११७) ।

नामको लिङ्गलाई शब्द स्तरमा हेर्दा मानव-अमानव, पूरुष-स्त्री, सजीवन-निर्जीव, मूर्त-अमूर्त, कठोर-कोमल आदि विभिन्न आधारमा छुट्याउन सकिन्छ तर वाक्यमात्मक संगतिका दृष्टिले नेपालीमा मानवीय सन्दर्भको महत्व हुन्छ (अधिकारी, २०६३: ७६) ।

कुनै वस्तुको बोध त्यसको लिङ्गमूलक विशेषताबाट हुन्छ र मैथिली भाषामा व्याकरणिक लिङ्ग समाप्त भइसकेको छ (झा, १९७४, पृ. १८५-८६) ।

यसरी माथिका परिभाषाहरूबाट लिङ्ग नामको व्याकरणिक कोटि हो भन्ने स्पष्टहुन्छ । तसर्थ लिङ्ग नामिक पदको वाक्यगत सङ्गतिका आधारमा भाले वा पोथी बुझाउने व्याकरणिक कोटिका रुपमा देखिन्छ ।

यस प्रकार सबै भाषाहरूमा लिङ्गको संख्याको सम्बन्ध मा एकरुपता पाइँदैन । संस्कृति भाषामा पुलिङ्ग, स्त्रीलिङ्ग र नपुसंक लिङ्ग गरी तीन लिङ्ग छन् । जर्मन, पोलिस, अरबेली, ग्रिक, ल्याटिन र रुसी भाषामा पनि तीन लिङ्ग छन् । अफ्रिकाको वान्तु भाषामा भने लिङ्गका भेद धेरै छन् (बन्धु, २०५३: ८४) । कोटिकरको जटिलताले गर्दा नेपाली भाषामा लिङ्गको गणना भई नसकेको धारणा पोखरेल (२०५०: ६४) ले व्यक्त गर्दछन् भने हाल मैथिली भाषामा दुई लिङ्ग छ भनी झा (१९७४:पृ. १८५) व्यक्त गर्दछन् ।

यसरी परम्परागत नेपाली व्याकरणहरूमा अर्थहरूलाई मात्र ध्यानमा राखी लिङ्गको निर्धारण गरेकोले रुप तत्व उपेक्षित छ । रुप तत्व भाषाको महत्वपूर्ण तथा वैज्ञानिक पक्ष हो । नेपाली भाषामा पुलिङ्ग र मानवेतर नाममा रुपातात्विक र पदसङ्गतीका दृष्टिले भिन्नता पाइँदैन । त्यसैले बन्धु (२०५३: ८४) ले निर्धारण गरेका दुई लिङ्ग (पुलिङ्ग र स्त्रीलिङ्ग) भाषा बैज्ञानिक पद्धति अनुसार उपयुक्त छ । यहाँ नेपाली भाषाको मानवेतरमा लिङ्ग भेद पाइँदैन र मैथिली भाषामा पदसंगतिगत लिङ्ग भेदले उन्मुक्ति खोजीरहेको पाइन्छ । जस्तैः

| नेपाली | मैथिली |
| --- | --- |
| पुलिङ्ग- भाइ आयो । | भाइ एलै/एलैह । |
| स्त्रीलिङ्ग- बहिनी आइन । | बहिन एली/एलीह । |
| मानवीय-सागर भात खान्छ । | सागर भात खाइत अछि । |
| मानवेतर-गाइ घाँस खान्छ । | गाइ घास खाइत अछि । |
| मानवेतर- गोरु घाँस खान्छ । | बरद घास खाइत अछि । |
| मानवेतर- चरा उड्दैछ । | चिरइ उडैत अछि । |
| मानवीय- सुधा पानी पिउँछे । | सुधा पानि पिबैत अछि । |
| मानवीय- महेशजहाज चढ्दैछ । | महेश हवाइ जहाज चढ़ैत अछि । |
| पुलिङ्ग- रामधन राई पढाँउदैछ । | रामधन राई पढबैत अछि । |
| स्त्रीलिङ्ग -तारा खेल्न जान्छे । | तारा खेलय जाइछे/जाइत अछि । |
| स्त्रीलिङ्ग-चन्द्रकला पढदैछे । | चन्द्रकला पढ़ैत अछि । |

यसप्रकार दुबै भाषामा पुलिङ्ग र स्त्रीलिङ्गको व्यावस्था पाइन्छ र दुबै भाषामा समान लिङ्गको व्यवस्था छन् । जसरी नेपाली भाषामा मानवेतरमा लिङ्ग भेद पाइँदैन त्यसैगरी मैथिली भाषामा पनि मानवेतरमा लिङ्ग भेद देखिँदैन ।

नेपाली र मैथिली भाषामा देखिने लिङ्ग भेदलाई यस अध्यायमा चर्चा गरिन्छ भने सर्वनाममा नेपाली र मैथिली दुबै भाषामा लिङ्ग भेद देखा पर्दैन । यसर्थ सर्वनामको चर्चा गरिएको छैन ।

### ४.२.१ नाममा लिङ्ग

वाक्यात्मक संरचनामा नाम भनेको मूर्त वा अमूर्त वस्तु वा धारणा जनाउने शब्द हो । यसैले वाक्यमा नामको क्रियासँगको सङ्गतिलाई हेरेर सङ्गति प्रधान भाषामा नामको लिङ्ग छुट्याउन सकिन्छ । यसर्थ नेपाली र मैथिली दुबै भाषामा रहेको सङ्गति वा अनिवतिलाई यहाँ देखाइन्छ । जस्तैः

| **नेपाली** | **मैथिली** |
| --- | --- |
| क. राम घर जान्छ । | राम घर जाइत अछि । |
| ख. सीता स्कुल जान्छे । | सीता इसकुल जाइत अछि । |

यी वाक्यको नेपाली वाक्य ‘क’ को क्रिया नेपाली वाक्य ‘ख’को क्रिया साटेर प्रयोग गरियो भने वाक्यारणगत त्रुटि लिङ्गगत रुपमा हुन्छ भेन मैथिली वाक्य ‘क’ को क्रियासँग

वाक्य 'ख' को क्रियासँग साट्दा कुनै अन्तर देखिँदैन । नामको लिङ्ग स्पष्ट हुने गरी तल निम्न उदाहरण दिइएको छ ।

| **लिङ्ग- नेपाली** | **मैथिली** |
|---|---|
| पुलिङ्ग- श्याम जान्छ । | श्याम जाइतअछि । |
| स्त्रीलिङ्ग- सीता जान्छे । | सीता जाइत अछि । |
| पुलिङ्ग- महेश डुल्न गयो । | महेश घुम गेल । |
| स्त्रीलिङ्ग- सुधा डुल्न गइन । | सुधा घुल गेल । |
| मानवेतर स्त्री-भैंसीले हान्छ । | भैंस मारैत अछि । |
| मानवेतर पु- राँगोले हान्छ । | राँगा मारैत अछि । |

माथिका वाक्य हेर्दा निम्नलिखित तथ्य स्पष्ट हुन्छ ।

क. नेपालीमा मानवीय लिङ्ग भेद पाइन्छ भने मैथिलीमा भुतमा  पाइन्छ भने अन्यमा लिङ्ग सङ्गति देखिँदैन । (वाक्यक, ख)

ख. नेपालीमा भूतकालको रुपमा लिङ्ग भेद पाइन्छ भने मैथिलीमा पनि भूतकालको रुपमा लिङ्ग भेद पाइन्छ ।

ग. नेपालीमा मानवेतर लिङ्ग भेद देखिँदैन  त्यसैगरी मैथिलीमा पनि लिङ्ग भेद पाइँदैन ।

### ४.२.२ विशेषणमा लिङ्ग

नाम र नामिक पदको वर्णन गर्ने अथवा नामको अर्थलाई स्पष्ट गर्ने, विस्तार गर्ने, सीमित गर्ने वा विशष्टि बनाउने पद वा शब्दलाई नै विशेषण भनिन्छ । विशेषणले विशेष्यको विशेषतालाई बुझाउँदछ । नेपाली भाषामा ओकारान्त विशेषणमा रुपायन प्रक्रियाबाट लिङ्गभेद गरिन्छ भने मैथिली भाषामा यस किसिमको रुपायन पाइन्छ तर ऐच्छिक रुपमा प्रयोग भएको पाइन्छ । जस्तैः

जस्तैः

| **लिङ्ग- नेपाली** | **मैथिली** |
|---|---|
| पुलिङ्ग- कालो केटो | कारी छौंड़ा / करिका लड़िका । |
| स्त्रीलिङ्ग- काली केटी | कारी / करिकाहि छौंड़ी । |

स्थान, समय, वस्तु आदिसँग सम्बद्धता जनाउने विशेषणलाई सम्बद्धात्मक विशेषण भनिन्छ । नेपालीमा यस प्रकारको पुलिङ्ग र स्त्रीलिङ्गको फरक रुप पाइँदैन तर मैथिलीमा फरक रुप पाइन्छ । जस्तैः

| **लिङ्ग** | **नेपाली** | **मैथिली** |
|---|---|---|
| पुलिङ्ग | जनकपुरे केटो | जनकपुरक छौँड़ा/लड़का |
| स्त्रीलिङ्ग | जनकपुरे केटी | जनकपुरक छौँड़ी/लड़की |

संख्यावाचक शब्द र नामको बीचमा आउने संख्याको संकेत ज्ञापक शब्दलाई कोटिकर भनिन्छ । नेपाली र मैथिली दुबै भाषामा सङ्ख्येय-असङ्ख्येय तथा मानवीय-मानवेतर नामका अगाडि कोटिकर विशेषणका रुपमा प्रयोग गरिन्छ । नेपालीमा मानवीय नामका अगाडि 'जना' र मानवेतर नामको अगाडि 'वटा' प्रयोग गरिन्छ भने मैथिलीमा मावीय नामको अगाडि कोइ/ मुर्ते जना, जनि र मानवेतर नामको अगाडि टा/गो कोटिकर नामको अगाडि प्रयोग गरिन्छ । मानवेतरमा कोटिकर लिङ्ग भेद दुबै भाषामा पाइँदैन । त्यसैगरी मानवीयमा पनि कोटिकर पाइँदैन । जस्तैः

| **नेपाली** | **मैथिली** |
|---|---|
| मानवीय- दुई जना पुरुष | दू गोट मरद |
| मानवीय- दुई जना स्त्री | दू गोट जनिजाइत |
| मानवेतर- दुईवटा पाडा | दूटा पाड़ा |
| मानवेतर- दुईवटा पाडी | दूटा पाड़ी |

क्रम जनाउने शब्दलाई क्रमबोध भनिन्छ । यस्ता विशेषणहरूमा नेपाली र मैथिली दुबै भाषामा लिङ्ग भेद गरिएको पाइन्छ ।

| लिङ्ग | नेपाली | मैथिली |
|---|---|---|
| पुलिङ्ग | जेठो छोरो | जेठका बेटा/लड़का |
| स्त्रीलिङ्ग | जेठी छोरी | जेठकि बेटी/लड़कि |
| पुलिङ्ग | कान्छो छोरा | छोटका बेटा/लड़का |
| स्त्रीलिङ्ग | कान्छी छोरी | छोटकी बेटी/लड़की |
| पुलिङ्ग | दोस्रो पुरुष | दोसर मर्दवा |
| स्त्रीलिङ्ग | दोस्री आइमाई | दोसरकि मौगि |
| पुलिङ्ग | चौथोपुरुष | चारमका/चारिम मर्दवा |
| स्त्रीलिङ्ग | चाथी महिला | चारमकि/चारिम मौगि |

स्वामित्वबोधक विशेषणको प्रयोग दुबै भाषामा पाइन्छ । स्वामित्व जनाउन नाम र सर्वनाममा सम्बन्ध विभक्तिको प्रयोग गरिन्छ । नेपालीमा मानवीय स्वामित्व जनाउन लिङ्गभेद देखाइन्छ तर मैथिलीमा त्यसतो पाइँदैन । जस्तैः

| नेपाली | मैथिली |
|---|---|
| हरिको बुबा | हरिक बाबु |
| मेरो दाई | हमर भइया/भैया |
| सीताको बाजे | सिताक नाना |
| हरिको आमा | हरिक माय |
| मेरी भाउजु | हमर भौजी |
| सीताकी बज्यै | सिताक नानी |
| भरतकी परिवार | भरतक घरवाली |

माथिका सम्पूर्ण उदाहरणलाई हेर्दा निम्न तथ्यहरू स्पष्ट हुन्छन् ।

क. सामान्य विशेषणमा नेपाली भाषामा लिङ्ग भेद देखिन्छ भने मैथिली भाषामा ऐच्छिक रुपमा पाइन्छ ।

ख. स्थान, समय, बस्तु आदिसँग सम्बद्धता जनाउने सम्बद्धतात्मक विशेषणमा नेपालीमा लिङ्ग भेद पाइँदैन भने मैथिलीमा ऐच्छिक रुपमा पाइन्छ ।

ग. कोटिकरको प्रयोग गर्दा मानवेतर मानवीय यी दुबैमा नेपाली र मैथिली दुबै भाषाको लिङ्ग भेद पाइँदैन ।

घ. क्रमबोधक विशेषणमा दुबै भाषामा लिङ्गभेद गरिएको पाइन्छ ।

ङ. स्वामीत्व बोधक विशेषणको प्रयोगमा नेपालीमा लिङ्ग भेद पाइन्छ भने मैथिली भाषामा पाइँदैन ।

## ४.३ नेपाली र मैथिली भाषामा वचन व्यवस्था

सङ्ख्या बताउने वा बुझाउने व्याकरणको चिन्हलाई वचन भनिन्छ । वचन व्यवस्था मुख्यतया विकारी पदमा चिन्हीत हुने व्याकरणिक कोटि हो । पदसंगतिको आधारमा नियाँल्दा वचन नामपदको केन्द्रीयतामा रहेर पनि सबै विकारी पदहरूमा व्यक्त भएको पाइन्छ । यसलाई चिनाउने क्रममा विद्वानहरूले विभिन्न मत व्यक्त गरेको पाइन्छ जसलाई तत् उल्लेख गरिएको छ ।

वाक्यमा नामको एक वा अनेक संख्या अनुसार सबै विकारी नाम, सर्वनाम, विशेषण र क्रिया पदमा देखिने प्रत्यय वा संरचनाको भेदलाई वचन भनिन्छ (पोखरेल, २०५४: ५४) ।

वचनको सम्बन्ध विशेषत संख्यासँग रहन्छ तापनि यसले संख्याको अतिरिक्त अरु किसिमको कार्य गर्दा नेपालीमा आदरार्थी प्रयोगमा पनि बहुवचन आउँछ (बन्धु २०५३: ८४) ।

नेपालीमा गणनीय नामले क्रियापदका साथ एकवचन र बहुवचनको अन्विति मात्र लिन्छन् (आचार्य, २०५८: ११७) ।

नाम वचनसँग सम्बन्धि व्याकरिणक कोटि हो (अधिकारी, २०६२: ८०) ।

"जुन शब्दले नाम, सर्वनाम, विशेषण र क्रियाको संख्या बताउँछ त्यो शब्द वचन हो" (शर्मा र अश्क २०६४: ३२)

प्रारम्भमा कारक-प्रत्यय अनि क्रियापद प्रत्यय दुबै एकत्व, द्वित्व र बहुत्वको प्रयोग अनिवार्या थियो । पछि द्वित्वबोधक प्रत्ययको स्थानमा बहुत्वबोधक प्रत्ययको प्रयाग हुन थाल्यो र तीन वचनको ठाउँमा मात्र दुई वचन  एक वचन र बहुवचन रहन गयो (झा: १९७४, पृ. १९०) ।

माथिका विद्वानहरूको परिभाषालाई वचन नामिक पदको व्याकरणिक कोटि हो र यसले नाम, सर्वनाम, विशेषण र क्रिया आदिको संख्यात्मक जानकारी गराउँछ । नेपाली भाषामा एक बुझाउने नामिक पदको व्याकरणिक कोटि एकवचन र एक भन्दा धेरै बुझाउने बहुवचन गरी दुईवटा वचनमा भेद गरिएका छन् भने मैथिली भाषामा पनि एकवचन र बहुवचन गरी दुईवटा वचनको भेद पाइन्छ । नेपाली र मैथिली दुबै भाषामा वचनको प्रभाव नाम, सर्वनाम र विशेषणमा पाइन्छ ।

### ४.३.१ नाममा वचन

नेपाली र मैथिली दुबै भाषामा वचन भेद पाइन्छ । नेपालीमा ओकारान्त नामलाई आकारन्त बनाइ बहुवचन बनाएको पाइन्छ र पदमाहरू मै प्रत्यय लगाएर पनि बहुवचन बनाइन्छ । त्यसैगरी मैथिली भाषामा पनि गण, दल, सव, सभ, लोकिन प्रत्यय थपेर बहुवचन बनाएको पाइन्छ । जस्तैः

| **वचन** | **नेपाली** | **मैथिली** |
|---|---|---|
| एकवचन | हरि आउँछ । | हरि अबैत अछि । |
| बहुवचन | श्यामहरू जान्छन् । | श्यामसभ/लोकिन जाइत छथि । |

| | | |
|---|---|---|
| एकवचन | गाईलाई घाँस देउ । | गाए के घास दिऔक । |
| बहुवचन | गाईहरूलाई घाँस देऊ । | गाए सभके घास दिऔक । |
| एकवचन | दाई आयो । | भइया एलै । |
| बहुवचन | दाईहरू आए । | भइयासभ एलन्हि |
| एकवचन | सुन्तला पाकेको छ । | सुनतला पाकल/पाइक चुकल अछि । |
| बहुवचन | सुन्तलाहरू पाकेको छन् । | सुनतला सभ पाकल/ पाइक अछि । |
| एकवचन | विद्यार्थी आएको छ । | विद्यार्थी आएल अछि । |
| बहुवचन | दुई चार जना विद्यार्थीहरू आएका छन् । | दुई चार गो विद्यार्थी सभ आएल चुकल अछि । |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छ ।

क. नेपाली र मैथिली दुबै भाषामा एकवचन अचिन्हित छन् भने नेपाली भाषामा बहुवचन चिन्हित छन् र मैथिली भाषामा पनि चिन्हित छन् तर क्रियाको कर्तासँग कुनै तालमेल पाइँदैन अर्थात एकवचन र बहुवचनको क्रिया उहि रुपमा पाइन्छ ।

ख. नेपालीमा बहुवचनहरूमा 'हरू' लागेको छ भने मैथिलीमा 'सभ' लागेको छ ।

ग. नेपाली भाषामा नामले एकवचन र बहुवचनको क्रियासँग फरक फकर सँगति राखेको छ तर मैथिली भाषामा नामले एकवचन र बहुवचनको क्रियासँग फरक सङ्गति राखेको छैन ।

घ. दुबै भाषामा केही नामले सङ्गतिबाट बहुवचन जनाएका छन् ।

### ४.३.२ सर्वनाममा वचन

नेपाली र मैथिली दुबै भाषामा सर्वनामका एकवचन र बहुवचनका आधारपद फरक देखिन्छन् र बहुवचनमा विभिन्न प्रत्ययहरू पनि लगाइन्छन् । जस्तैः-

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | तँ स्कुल गइस ? | तु इसकुल गेलहि/गेलह ? |
| बहुवचन | तिमीहरू स्कुल गयौ ? | तुसभ/तोसभ इसकुल गेलह ? |
| एकबचन | म स्कुल गएँ । | हम इसकुल गेलहुँ । |
| बहुवचन | हामी/हामीहरू स्कुल गयौं । | हमरालोकिन इसकुल गेलहुँ । |
| एकवचन | यो स्कुल गयो । | ऊ इसकुल गेलै । |
| बहुवचन | यिनीहरू इस्कुल गए । | इसभ इसकुल गेलै । |

| | | |
|---|---|---|
| एकवचन | ऊ स्कुल गयो । | ओ इसकुल गेल । |
| बहुवचन | उनीहरू स्कुल गए । | ओसभ इसकुल गेलै । |
| एकवचन | को आयो । | के ऐलय । |
| बहुवचन | को-को आए । | के-के अयलाह । |

माथिको उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क. नेपाली र मैथिली दुबै भाषामा पुरुषवाचक सर्वनाममा एकवचन बहुवचन जनाउने फरक रुप छन् । नेपालीमा वाचक सर्वनामको बहुवचनमा सबै रुपमा 'हरु' प्रत्यय जोडिन्छ भने मैथिलीको बहुवचनमा लोकिन, सभ/सब प्रत्यय जोडिन्छन् ।

ख. दुबै भाषामा सम्बन्धवाचक र प्रश्नवाचक सर्वनाममा द्वित्व गरि, बहुवचन जनाउने प्रक्रिया समान देखिन्छ ।

ग. नेपाली भाषामा सर्वनामले एकवचन र बहुवचनमा क्रियाको फरक फरक संगति कायम गरेको छ भने मैथिली भाषाको सर्वनामले एकवचन र बहुवचनको क्रियाले वर्तमान कालमा फरक फरक संगति राख्दैन तर भुतकालमा ऐच्छिक रुपमा फरक फरक सङ्गति पाइएतापनि भविष्यत कालमा सो किसिमको फरक सङ्गति पाइँदैन ।

### ४.३.३ विशेषणमा वचन

नामपदको अवस्था अनुसार प्रयोग हुने विशेषण पदले नामपदको गुण, दोष वा अवस्था बुझाउने गर्दछ । नामपद एकवचनमा भएमा विशेषण पनि एकवचनको रहने र नामपद बहुवचनको भएमा सोही अनुरुपको विशेषण पद रहने र नामपद बहुवचनको भएमा सोही अनुरुपको विशेषण पद रहने गर्दछ । नेपालीको विशेषणहरुमा वचन भेद पाइन्छ भने मैथिली विशेषणहरुमा वचन भेद पाइँदैन । जस्तैः-

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | रातो घर | लाल/ललका घर |
| बहुवचन | रातो घरहरु | लाल/ललका घर सभ |
| एकवचन | अन्धो मान्छे | आन्हर आदमि |
| बहुवचन | अन्धा मान्छेहरु/मान्छे | आन्हर आदमिसभ |
| एकवचन | दुब्लो मान्छे | लटल/लटलाह/आदमि |
| बहुवचन | दुब्लामान्छे/मान्छेहरु | लटल/लटलहा/आदमिसभ |
| एकवचन | सुकेको रुख | सुखल/सुखलहा गाछी |

| | | |
|---|---|---|
| बहुवचन | सुकेका रुखहरु | सुखल/सुखलहा गाछीसभ |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क. नेपाली भाषाको विशेषणमा वचनभेद गरेको पाइन्छ भने मैथिली भाषामा पाइँदैन ।

ख. नेपाली भाषामा विशेषणको रुपभेदबाट बहुवचन बुझिन्छ तर मैथिलीमा विशेषणको रुप भेद हुँदैन ।

### ४.३.४ स्वामित्व बोधक वचन

वाक्यात्मक प्रयोगमा कुनै वस्तु कर्ताको हो वा कर्ता नियन्त्रित हो भनी जनाउने प्रक्रियालाई स्वामित्वबोधक प्रक्रिया भनिन्छ । स्वामित्वबोधक प्रक्रियाद्वारा जनाउने वचनलाई स्वामितव बोधक वचन भनिन्छ । नेपाली भाषाका षष्टी विभक्ति रो, रा, री, को, का, की, नो, ना, नी जस्ता भेदक चिन्ह द्वारा जनाउने गरेको पाइन्छ । मैथिलीमा पनि र, रे, ना, ने जस्ता चिन्हद्वारा स्वामित्व जनाउने गरेको पाइन्छ । जस्तैः

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | मेरो साथी | हमर संगी |
| बहुवचन | मेरा साथीहरु | हमर संगीसभ |
| एवचन | उसको भाइ | ओकर भाइ |
| बहुवचन | उसका भाइहरु | ओकर भाइसभ |
| एकवचन | आफ्नो कलम | अपन कलम |
| बहुवचन | आफ्ना कलमहरु | अपन कलमसभ |
| एकवचन | तिम्रो पुस्तक | तोहर किताब |
| बहुवचन | तिम्रा पुस्तकहरु | तोहर किताबसभ |
| एकवचन | हाम्रो गाई | अपन/हमरासभके गाइ |
| बहुबचन | हाम्रा गाईहरु | अपन/हमरासभके गाइसभ |

उपयुर्क्त उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क. नेपाली भाषाको बहुवचनमा स्वामित्व जनाउने प्रक्रियामा ओकार आकारमा परिवर्तन भएको छ ।

ख. मैथिली भाषामा स्वामित्वको वचन भेद देखिँदैन ।

### ४.४ पुरुष व्यवस्था

व्यक्तिलाई बुझाउने व्याकरिणक चिन्ह्लाई/कोटिलाई पुरुष भनिन्छ । यसलाई चिनाउने क्रममा विभिन्न विद्वानहरुले व्यक्त गरेको मतहरु यस प्रकार रहेका छन् ।

“कुनै कुरो बोलेको बेलामा बोलचालका सहभागीहरुको परिस्थितिगत प्रकृति व्यक्त गर्ने व्याकरिणक कोटिलाई पुरुष भन्ने चलन छ” पोखरेल, (२०५०: ३५) ।

“पुरुष सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो” बन्धु (२०५३: ८५) । “नेपालीमा सर्वनाम र क्रियापदको अन्तरले पुरुषको अन्तरलाई स्पष्ट पार्दछन्” आचार्यः २०५८: ४६ ।

“भाषिक प्रयोगमा सहभागिताका विभिन्न स्थिति व्यक्त गर्ने व्याकरणिक अभिलक्षण पुरुष हो” यादव र रेग्मी (२०५९: २०१) ।

“कथनका सन्दर्भमा संलग्न भएका सहभागीहरुको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो । यो विशेषता सर्वनामसँग सम्बन्धित हुन्छ” अधिकारी ( २०६२: ८८) ।

मैथिलीमा तीन किसिम (उत्तम, मध्यम र अन्य) को व्यवथा छ (झाः १९७४, पृ. २०४) ।

विद्वानहरुको परिभाषालाई नियाल्दा यो स्पष्ट हुन्छ की पुरुष भन्नाले कथन प्रसङ्गमा उपस्थिति सहभागीतालाई बुझिन्छ । यस प्रकारको अवस्था तीन प्रकारको हुन्छ । यसरी एउटा बोल्ने वक्ता-प्रथम, दोस्रो-सुन्ने, तेस्रो-अन्य कुनै सूच्य हुन्छ । यसरी यी तनी प्रकारको पुरुषलाई प्रथम, द्वितीय र तृतीय गरी नामाकरण गरेको पाइन्छ । यी पुरुषहरु नेपाली र मैथिली भाषामा समान रुपमा पाइन्छन् ।

#### ४.४.१ प्रथम पुरुषः

वाक्यमा वक्ताको सन्दर्भमा आउने वा वक्ता भएर आउने नामिक पदलाई प्रथम पुरुष भनिन्छ । नेपाली भाषामा ‘म’ र ‘हामी’ ले प्रथम पुरुषलाई जनाउँदछन् । मैथिलीमा ‘हम’, ‘हमर’, ‘हमरा’ को प्रयोग प्रथम पुरुषको लागि गरेको पाइन्छ । जस्तैः

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | म जान्छु/गएँ | हम जाइत छी/गेलहुं । |
| बहुवचन | हामी गयौ/जान्छौं । | हमसभ गेलहुँ/जाइत छी । |

### ४.४.२ द्वितीय पुरुष

वाक्यमा स्रोता भएर आउने वा सोत्राको सन्दर्भमा आउने नामिक पदलाई द्वितीय पुरुष भनिन्छ । एकवचन र बहुवचनमा तिमीद्वारा सम्बोधित हुने पुरुषको वचन र आदरको आधारमा विभिन्न रुपहरु रहेका छन् ।

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | तँ खान्छस् । | तोँ खेबे ? खाइत छअ । |
| बहुवचन | तिमीहरु खान्छौ ? | तुसभ खेबहि ? |
| एकवचन | तिमीहरु खान्छौ । | तो खेबहि ?/खयबे । |
| बहुवचन | तिमीहरु खान्छौ । | तोसभ खयबे । |
| एकवचन | तपाई खानुहुन्छ । | अहाँ खेबै /खायब । |
| बहुवचन | तपाईहरु खनुहुन्छ । | अहाँसभ खेबै/खायब । |

### ४.४.३ तृतीय पुरुष

वाक्यमा वक्ता र स्रोता भन्दा बाहेक कथन सन्दर्भमा जोडिएर आउने अन्य कुनै व्यक्ति तृतीय पूरुष हो यसलाई अन्य पूरष पनि भनिन्छ । नेपाली र मैथिली भाषामा निम्न अनुसारको तृतीय पूरुष पाइन्छन् ।

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | यो/त्यो/ऊ जान्छ/गयो । | ई/ओ जाइत अछि/ गेल । |
| बहुवचन | यिनी/उनी जान्छिन्/गए । | इनका/ हुनका जाइत अछि/गेलह । |
| बहुवचन | यिनीहरु/तिनीहरु/उनीहरु जान्छन्/गए । | इसभ/ओसभ जाइत अछि/गेलै गेलह । |
| बहुवचन | उहाँहरु जानुभयो/जानुहुन्छ । | यिनकासभ यैल गेलै/गेलअछि । |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क. दुबै भाषामा समान व्यवस्था रहेको छ तर म को बुहवचन जनाउने नेपाली भाषाको प्रथम पुरुष 'हामी' आएको छ भने यस पदलाई जनाउने मैथिली भाषामा छुट्टै पद 'सभ' हमरा सँग जोडिन आएको पाइन्छ । त्यसैगरी द्वितीय पुरुषमा तँ र तिमी को बहुवचन 'तिमीहरु' मात्र पाइन्छ भने मैथिलीमा तुसभ र तेरासभ पाइन्छ ।

ख. दुबै भाषामा आदररहितको बहवचन र सामान्य आदर देखिन्छ ।

ग. एकवचन र बहुवचनमा एकै किसिमको क्रियापदहरुको प्रयोग भएको पाइन्छ ।

घ. बहुवचन र आदरार्थी रुपहरुमा पुरुष भेद नेपाली र मैथिली भाषामा समान देखिन्छन् ।

ङ. नेपालीका तृतीय पुरुषमा तीन रुप छन् भने मैथिलीका पनि तीनै रुप छन् ।

च. दुबै भाषामा तृतीय पूरषमा आदरका तीन तह छन् ।

छ. नेपाली बहुवचनमा 'हरु' र मैथिलीमा 'सभ' जोडिएका छन् ।

ज. नेपाली भाषामापुरुषले एकवचन र बहुवचनमा क्रियासँग फरक सङ्गति राखेको छ साथसाथै उच्च आदरार्थीमा वचनमा फरक सङ्गति राखेको पाइँदैन । तर मैथिली भाषामा पुरुषले एकवचन र बहुवचनमा क्रियासँग भूतकालमा फरक सङ्गति ऐच्छिक रुपमा राखेको पाइन्छ तर अन्यकालमा फरक सङ्गति राखेको पाइँदैन ।

### ४.५ आदर व्यवस्था

आदर नाम, सर्वनाम र विशेषणमा देखापर्ने व्याकरणात्मक काटि हो । समाजको वर्ग व्यवस्थाअनुसारको तहगत सम्बोधन नै आदर हो । यसलाई चिनाउने क्रममा विभिन्न विद्वानहरुले विभिन्न मत व्यक्त गरेका छन् ।

"मानवीय कोटिका नेपाली नाममध्ये सम्बन्धित नामले बुझाउने व्यक्तिको सामाजिक प्रतिष्ठा नाम वा सर्वनामले सङ्केत गरिएका व्यक्तिहरु (वक्ता र अन्य)का बीचको सामाजिक अन्तर्सम्बन्ध देखाउने पदसङ्गति वाक्य गठन र रुपतत्वका भेदलाई आदरार्थी भनिन्छ, पोखरेल (२०४९: ६१) ।

"नेपालीमा द्वितीय तथा तृतीय पुरुषका सर्वनाम र क्रियापदले आदरार्थी प्रयोगका चारतहलाई प्रकट गर्दछन् । आचार्य (२०५४८: ११८) ।

"आदरले पनि व्याकरणात्मक कोटि दर्शाउँछ, यो मानवीय प्रसङ्गमा बहुवचन वा संयुक्त क्रियाद्वारा व्यक्त हुन्छ" अधिकारी (२०६२: ९१) ।

भाषामा आदरको तह भाषाभाषीहरुको वाक्यमा सम्बोधित व्यक्तिको सामाजिक, आर्थिक, धार्मिक र उमेरगत तह, अवस्था, स्थान वा प्रतिष्ठा र वक्ताको र स्रोताको बीचको सम्बन्ध बुझाउने रुप नै आदर वाचक रुप हो । यसरी भाषामा आदरका तहहरु आफ्ना-आफ्नै भाषिकाहरुको संस्कृति, सामाजिक, धार्मिक एवं उमेरगत आधारमा निर्धारण हुने गरेको पाइन्छ । यसैले नेपाली भाषामा आदरका चार तह (आदररहित, सामान्य आदर, उच्च आदर र उच्चतम आदर) देखा पर्दछन् भने मैथिली भाषामा पनि आदरका चार तह देखापर्दछन् । दुबै भाषाको उदाहरण यस प्रकार छन् ।

### ४.५.१ अनादर (आदर रहित)

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | तँ जान्छस् । गइस । | तौँ जेबही/गेलहि । |
| बहुवचन | तिमीहरु जान्छौ/गयौ । | तौँसभ जाइ छीही/ गेलें । |
| एकवचन | यो/त्यो/ऊ जान्छ/गयो । | ई/ओ/ओ जाइत अछि/गेलै । |
| बहुवचन | उनी/यिनी/तिनीहरु जान्छन्/गए । | हुनका/इनका/हुनकासभ जाइत अछि/गेलै । |

### ४.५.२ सामान्य आदर

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | तिमी जान्छौ/गयौ । | तो जाइत छअ/ गेलह । |
| बहुवचन | तिमीहरु जान्छौ/गयौ । | तोसभ जाइत छअ/गेलह । |
| बहुवचन | यिनी/तीनी/उनी जान्छन्/गए । | इनका/हुनका/ओ जाइत अछि/गेलै/गेलह । |

### ४.५.३ उच्च आदर

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | तपाई जानुहुन्छ/जानुभयो । | अहाँ जाइत छी/ गेलहुँ । |
| बहुवचन | तपाईहरु जानुहुन्छ/जानुभयो । | अहाँसभ जाइत छी/गेलहुँ । |

### ४.५.४ उच्चतम आदर

| वचन | नेपाली | मैथिली |
|---|---|---|
| एकवचन | हजुर गइबक्सिन्छ/गइबक्स्यो । | अपने जायल जाउ/गेलन्हि । |
| बहुवचन | हजुरहरु गइबक्सिन्छ/गइबक्स्यो । | अपनेसभ जायल/गेल जाउ/ गेलन्हि । |

माथिका उहारणबाट निम्न लिखित तथ्य स्पष्ट हुन्छ ।

क. नेपालीमा चार तहका आदर पाइन्छ भने मैथिलीमा पनि पाइन्छ ।

ख. नेपाली र मैथिली दुबैमा आदर बोधक सर्वनामका रुप अलग छन् तर उच्चतम आदर बोधक शब्द नेपालीको 'हजुर' मैथिलीमा पनि पाइन्छ ।

ग.नेपाली भाषामा आदरबोधक सर्वनामले क्रियासँग अलग अलग संगति राखेको छ तर मैथिलीमा त्यस किसिमको अलग संगति ऐच्छिक रुपमा भूतकालको क्रियासँग पाइन्छ भने अभूत कालको क्रियासँग त्यस किसिमको अलग अलग संगति पाइँदैन ।

### ४.६ कारक विभक्ति व्यवस्था

कारक भन्नाले नामिपदको क्रियापदसँगको सम्बन्धलाई बुझिन्छ । यस्तो नामपदले क्रियापदसँग देखाउने कार्यमुलक र भुमिकामूलक सम्बन्ध नै कारक हो । त्यसैले कारकलाई नामिकपदको क्रियापदसँगको सम्बन्ध भन्न सकिन्छ । यस्तो सम्बन्ध कतै मूल शब्दको प्रतिपादिकबाट स्पष्ट हुन्छ भने कतै विभक्ति चिन्हद्वारा स्पष्ट हुन्छ । कारकलाई चिनाउने सन्दर्भमा विभिन्न विद्वानहरुले व्यक्त गरेका मतहरु यस प्रकारको देखिन्छ ।

"वाक्यमा प्रयोग भएको कुनै पनि नाम कारक विना हुन् सक्दैन । वाक्यमा नामको क्रिया अथवा नामानुगमिक पदसँगको सम्बन्धलाई कारक भन्दछन् । यहाँ नाम भन्नाले सर्वनामलाई पनि बुझ्नु पर्दछ" पोखरेल (२०५०: ३५) ।

"क्रियासँग सम्बन्ध हुन जाने वस्तुलाई कारक र तिनका विभक्तिलाई कारक विभक्ति भन्दछन्" पण्डित (२०५१: ४३) ।

"क्रियासँग सम्बन्ध राखी वाक्यमा रहेर भिन्न किसिमको कामगर्ने संज्ञा पदका रुपमा कारकलाई चिन्न सकिन्छ" बन्धु (२०५३: ८५) ।

"कारकको अर्थ हो- वाक्यमा प्रयुक्त नामिकपद (नाम, सर्वनाम, र विशेषण) को क्रियापदसँगको सम्बन्ध" आचार्य (२०५८-१२२) ।

शब्दको सम्बन्ध प्रकट गर्नका लागि प्रयोग हुने स्वतन्त्र वा अनुबन्धित शब्दलाइ कारक चिन्ह भनिन्छ (झा: १९७४, पृ. १६५) ।

माथिका विद्वानहरुको भनाइबाट यो स्पष्ट हुन्छ की नामिकपदको क्रियासँगको सम्बन्ध कारक हो भने त्यसलाई संकेत गर्ने चिन्ह विभक्ति हो । यसैले यहाँ कारकलाई रुपरचना र वाक्यात्मक सम्बन्धको आधारमा चर्चा गरिन्छ ।

#### ४.६.१ रुपरचनाको आधारमा कारक

कारकलाई रुपविन्यासका आधारमा सरल र तिर्यक गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । नामिक पदमा विकार नआई वाक्यात्मक सम्बन्ध स्थापित हुनु सरल कारक हो भने नामिक पदमा विकार आई वाक्यात्मक कार्य सम्पन्न हुनु तिर्यक कारक हो । यस अन्तर्गत कारक विभक्ति लगायत सबै पर्दछन् ।

| | सरल कारक | | तिर्यक कारक | |
|---|---|---|---|---|
| नाम | नेपाली | मैथिली | नेपाली | मैथिली |
| | रुख | गाछी | रुखबाट | गाछीसँ |
| | श्याम | श्याम | श्यामको | श्यामक |
| | बुबा | बाबु | बुबाको | बाबुक |
| | राधा | राधा | राधाको | राधाक |
| सर्वनाम | म | हम | मेरो | हमर |
| | तँ | तु | तेरो | तोहर |
| | ऊ | ओ | उसको | ओकर |
| | त्यो | उ | त्यसबाट/त्यसको | ओकरा सँ |
| | यो | ई | यसको | एकर |

माथिको तालिकाबाट निम्न तथ्य स्पष्ट हुन्छ ।

क. नेपालीमा सरल नाम र सर्वनाम विभक्ति ओकारमा तिर्यक रुप प्रयोग भएको छ ।

ख. मैथिलीमा सरल नाम र सर्वनाम विभक्ति एकार मा कर, हर लागेर तिर्यकरुप प्रयोग भएको पाइन्छ।

### ४.६.२ वाक्यात्मक सम्बन्धको आधारमा कारक र विभक्ति

वाक्यमाप्रयोग भई नामपदबाट स्पष्ट हुने क्रियासँगको आर्थी सम्बन्ध नै वाक्यात्मक कारक हो । परम्परागत व्याकरणमा यसलाई कर्ता, कर्म, करण, सम्प्रदान अपदान, अधिकरण गरी ६ वर्गमा विभाजन गरेको पाइन्छ । यिनीहरुले लिने विभक्ति चिन्ह प्रायः फरक-फरक हुन्छन् । जस्तैः

| कारक | नेपाली विभक्ति | मैथिली विभक्ति |
|---|---|---|
| कर्ता | ले, बाट, द्वारा | |
| कर्म | लाई | के |
| करण | ले, बाट, द्वारा | से |
| सम्प्रदान | लाई, लागि, निम्ति | के, लेल, खातिर, लागि |
| अपदान | देखि, बाट | से |
| अधिकरण | मा | मे |

विभक्तिको चर्चा गर्दा सम्बन्ध र सम्बोधनको पनि चर्चा गरिन्छ तर यी दुबै क्रियासँग प्रत्यक्ष रुपमा समबन्धित नहुनेहुँदा यिनीहरुलाई कारक मानिँदैन। यिनीहरुका विभक्ति चिन्ह यस प्रकार छन् ।

| कारक | नेपाली विभक्ति | मैथिली विभक्ति |
|---|---|---|
| सम्बन्ध | को, का,की,रो,रा,री,नो,ना,नी | के |
| सम्बोधन | ए,हो,हँ | ए,गै,हे,हउ |

**क. कर्ता कारक र विभक्ति**

वाक्यमा कार्य सम्पादन गर्न आउने नामिक पदलाई कर्ता कारक भनिन्छ । नेपालीमा 'ल' विभक्ति र शून्य विभक्तिले कर्ता बुझिन्छ भने मैथिलीमा शुन्य विभक्तिबाट मात्र कर्ता बुझिन्छ । जस्तैः

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| म जान्छु | Φ | हम जाइत छी | Φ |
| उसले भन्यो | ले | ओ कहलन्हि | Φ |
| ज्ञानेन्द्र भारत गए | Φ | ज्ञानेन्द्र भारत गेल | Φ |
| रामले काम गर्नेछ | ले | राम काज करतै | Φ |

**ख. कर्मकारक र विभक्ति**

क्रियाको परिणाम, फल वा असर प्राप्तगर्ने पद कर्मकारक हो । यसकोलागि नेपाली भाषामा 'लाई' र शुन्य मैथिली भाषामा 'के' र शुन्य विभक्ति प्रयोग भएको पाइन्छ जस्तै ।

| नेपाली विभक्ति | मैथिली | विभक्ति | |
|---|---|---|---|
| श्यामले भाइलाई बोलायो | लाइ | श्याम भैयाके बजेलकै | के |
| श्याम चिठ्ठी लेख्छ | Φ | श्याम चिठी लिखैत अछि | Φ |

**(ग) करण कारक र विभक्ति**

करण भन्नाले साधन वा माध्यम हो । वाक्यमा कर्ताले कार्य सम्पादन गर्दा साधनको रुपमा आउने नामिक पदकरण कारक हो । जस्तै :

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| म कलमले लेख्छु | ले | हम कलमसँ लिखैत छी | सँ |
| उसको हातबाट केही लिएको छैन | बाट | ओकर हातसँ किछु नहि लेने छिऐ । | सँ |

| | | | |
|---|---|---|---|
| रामको भाइद्धारा खबर पठाइयो | द्वारा | रामक भाइसँ समाद पठेलिइएने । | सँ/मार्फत |

(घ) **सम्प्रदान कारक र विभक्ति**

वाक्यमा उद्देश्य बुझाउन आउने पद तथाक्रियापदले बुझाउने कार्यब्यपार प्राप्त गर्ने प्रापक पदको रुपमा आउने नामिक पदलाई सम्प्रदान कारकभनिन्छ । नेपालीमा सम्प्रदान कारक बुझाउनलाई 'लाई', 'लागि', र निम्ति रुपहरु प्रयोग भएको पाइन्छ ।

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| मैले तिम्रो लागि काम गरें । | लागि | हम तोरा लेल काज करलिऐ | लेल |
| यो कलम दाइको निम्ति हो । | निम्ति | इ कलम भइयाके खातिर छैक | खातिर |
| माग्नेलाई पैसादेऊ । | लाई | मगनिहारके ढौवा दिऔ | के |
| तिम्रा लागि मिठाइ किने । | लागि | तोहर खातिर मिठाइ किनलिऐ | खातिर |

(ङ) **अपादान कारक र विभक्ति**

वाक्यमा प्रयोग भएको क्रियापदले बुझाउने कार्य व्यापारको उदगम विन्दु समय बुझाउँदै छुट्टिएको भन्ने जनाउने नामिक पदलाई अपादान कारक भनिन्छ । जस्तै :

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| हिजोदेखि पानी परिरहेको छ | देखि | काल्हि सँ पानि पैरते अछि | सँ |
| भीरबाट गाइ लड्यो | बाट | भीँड पर सँ गाइ खसल | सँ |

(च) **अधिकरण कारक र विभक्ति**

अधिकरणले आधारलाई जनाउँदछ । वाक्यमा सम्पन्न भएको कार्यव्यापारको आधार स्थान र आधार समय जनाउने नामिक पदलाई अधिकरण कारक भनिन्छ । नेपालीमा यसको संकेत चिन्ह 'मा' र शुन्य देखिन्छ भने मैथिलीमा 'मे' र शुन्य रुपको प्रयोग भएको देखिन्छ ।

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| फूलबारीमा फूल फुलेको छ । | मा | फुलबाड़ी मे फुल फुलायल अछि । | मे |
| ऊ बजार गयो | Φ | ओ बजार गेलै | Φ |
| कोपिलामा भमरा डुलेको छ । | मा | कोँढी मे भ्रमर घुमैत अछि | मे |

(छ) **सम्बन्ध र विभक्ति**

सम्बन्ध भन्नाले एउटा नामिक पदसँग अर्को नामिक पदको सम्बन्धलाई बुझिन्छ। यस्ता पदले वाक्य रचनामा भेदक विशेषणको रुपमा कार्य गर्दछन् । नेपाली भाषामा

सम्बन्धका निम्ति को, का, की, रो, रा, री, नो, ना, नी रुपहरु प्रयोग भएको पाइन्छन् भने मैथिली भाषामा र, के, न रुपको प्रयोग गरिएको पाइन्छ । जस्तै :

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| मेरो पैसा देउ । | रो | हमर ढेउआ दिअ । | र |
| हरिको भाई आयो । | को | हरिक भाय एलै । | क |
| हरिकी बहिनी आई । | की | हरिक बहिन एलीह । | क |
| तिम्रा किताब देऊ । | रा | तोहर किताब दे । | र |
| आफ्नो छोरा गयो । | नो | अपन बेटा गेलै । | न |

**ज. सम्बोधन र विभक्ति**

कुनै व्यक्तिलाई आह्वान गर्दा प्रयोगमा आउने शब्दलाई सम्बोधन भनिन्छ । सम्बोधन वाक्य समानका पद मानिन्छ । यस्ता पदमा नेपाली भाषामा ए, हो, हे विभक्ति चिन्हहरु पाइन्छन् भने मैथिली भाषामा ए, हो, है, गै रुपहरु पाइन्छ । जस्तैः

| नेपाली | विभक्ति | मैथिली | विभक्ति |
|---|---|---|---|
| ए, बाबु यता आउ । | ए | ए बौआ एमहर आब । | ए |
| भाइ हो, तिमीहरु कहाँ बस्छौ? | हो | भाइ, हो तोँसभ कत' रहैत छअ ? | हो । |
| हे ईश्वर, दर्शन देऊ । | हे | हे भगवान, दरसन दिअ | हे |

नेपाली र मैथिली भाषाका कारक र विभक्ति सम्बन्धी निम्न लिखित निष्कर्ष प्राप्त हुन्छ ।

क. नेपाली र मैथिलि दुबै भाषामा सरल र तिर्यक रुपको प्रयोग देखिनछ ।

ख. नेपाली र मैथिली भाषाका विभक्ति चिन्हहरु आ-आफ्नै प्रकार छन् र मैथिली भाषको कारक व्यवस्थामा कर्ता कारकमा शुन्य विभक्ति छ वा कर्ताकारकमा विभक्ति चिन्ह देखिँदैन ।

**४.७ निष्कर्ष**

क. दुबै भाषामा पुलिङ्ग र स्त्रीलिङ्गको व्यवस्था पाइन्छ र लिङ्गको प्रभाव नेपाली भाषमा नाम र विशेषणमा पाइन्छ तर मैथिली भाषाको नाममा देखिँदैन तर विशेषणमा देखिन्छ । नेपाली भाषामा मानवीय नामले क्रियापदसँगको सङ्गति लिएको हुन्छ भने मैथिलि भाषाको भूतकालको तृतीय पुरुषमा क्रियापदसँगको सङ्गति पाइन्छ तर अभूत कालमा पाइँदैन । नेपाली र मैथिलि दुबै भाषामा मानवेतर नाममा लिङ्ग भेद पाइँदैन ।

ख. दुबै भाषामा वचन दुईवटा छन्- एकवचन र बहुवचन ।

ग. दुबै भाषामा वचन, नाम, सर्वनाम, विशेषणसँग सम्बद्ध भएको पाइन्छ ।

घ. नेपाली भाषाका नाम र सर्वनाममा बहुवचन बोधक रुप 'हरु' लगाएर वचन भेद गरको पाइन्छ भने मैथिलि भाषामा नाम र सर्वनाम पदमा सभ/सब, लोकिन आदि रुपको प्रयोग गरेर बहुवचन बनाएको पाइन्छ ।

ङ. नेपाली र मैथिलि भाषाको पुरुष व्यवस्था समानरुपले रहेको पाइन्छ । दुबै भाषमा तीनवटा पुरुष रहेका छन् । तिनलाई जनाउने रुपहरु प्रत्येक पुरुष अनुसार भिन्न रहेका पाइन्छ । पुरुषको साथमा प्रयोग हुने क्रियाहरुको पनि नेपाली भाषामा विभिन्न रुपहरु देखिन्छ भने मैथिलि भाषामा भूतकालको क्रियाहरुको भिन्न रुपहरु पाइन्छ भने अभूतकालको भिन्न रुपहरु पाइँदैन ।

# अध्याय पाँच

# क्रियापदका व्याकरणिक कोटीहरु

## ५.१ परिचय

वाक्यमा कार्यको अवस्थालाई जनाउने पद नै क्रिया हो । यसले धारण गरेका व्याकरिणक कोटीहरु अन्तर्गत काल, पक्ष, भाव, वाच्य, करण-अकरण (ध्रुवीयता) आदिका साथै लिङ्ग, वचन, पुरुष, आदार आदि पनि पर्दछन् । यस अध्यायमा नेपालीका र मैथिली भाषाका यिनै कोटिहरुको बीचमा तुलना गरिएको छ ।

## ५.२ काल व्यवस्था

क्रियाले कार्य सम्पन्न गरेको  समय बताउने व्याकरिणक कोटि काल हो । कालले क्रियाले सम्पन्न गरेको समयको स्थुल रुपमा जानकारी दिन्छ । कालको सन्दर्भमा विभिन्न विद्वानहरुले दिएको मत यस प्रकार रहेका छन् :

"क्रियापदमा पाइने उपसर्ग, प्रत्यय र मध्यसर्ग जस्ता रुपका आधारमा भाषामा टड्कारै देखा पर्ने समयको भेद नै काल हो " पोखरेल, २०४९: ६१) ।

"काल समयसँग र सम्बद्ध व्याकरणिक कोटी हो,  बन्धु (२०५३: ८६) ।

"काल भनेको समय हो । प्राकृतिक रुपमा कालको कुनै खण्ड वा सीमा हुँदैन परन्तु प्रत्येक भाषामा क्रियापदका अलग अलग रुपले काललाई विभिन्न खण्डमा विभाजित गर्दछन",

आचार्य (२०५८:९६) ।

“काल भाषामा समय बुझाउने भाषिक रुप हो ” (यादव र रेग्मी, २०५९: २०६०) । “कालको तात्पर्य समय हो । वाक्यमा क्रियाको काल हुन्छ । कालले क्रियाको कार्य वा अवस्थालाई जनाउँछ” (शर्मा, (२०५३: १५८) ।


“काल क्रियापदको समय सकेतक कोटि हो” अधिकारी (२०६२: ११७)

क्रियामा मुख्यतः क्रियाको र त्यस क्रियासँग सम्बन्धित कतिपय भावको बोध हुन्छ, साथसाथै मैथिली भाषामा तीन किसिमको काल व्यवस्था छ (झा, १९७४, २४३) ।

यी माथिका परिभाषाबाट काल भनेको क्रियाले सम्पन्न गर्ने वा गरेको कार्यव्यापारको समय भन्ने स्पष्ट हुन्छ ।


कालका प्रकारका सम्बन्धमा विद्वानहरुको आआफ्नै मत पाइन्छ । पोखरेल २०४९ ले दुइवटा काल रहेको मान्दछ् । ती हुन्- (पास्ट) भूत र अभूत (ननपास्ट) त्यसैगरी बन्धु ( २०५३: ८६) ले भूत भविष्यत र वर्तमान गरी तीन प्रकारको रहेको उल्लेख गरेका छन् ।

यसैगरी डा. व्रतराज आचार्य (२०५८: ९६) ले ‘थियो’ र ‘छ’ धातुको आधारमा दुईवटा काल नै भूत र अभूत रहेको उल्लेख गरेका छन् । यसै गरी भाषाको रुपात्मक व्यवस्थाको आधारमा नेपालीमा दुई काल पर्दछन् । यस शोधपत्रमा पनि काललाई दुई भेद नै गरिएको छ । यसमा उल्लेख गरिएका भूत र अभूत दुई काल मध्ये अभूत भित्र नै वर्तमान र भविष्यत् काल अन्तर्भुत गरिएको पाइन्छ ।




यसैगरी नेपाली भाषामा स्थापित भूत र अभूत कालको व्यवस्था छ भने मैथिली भाषामा यस व्यवस्थालाई नियाल्दा संरचनात्मक दृष्टिले स्थापित काल व्यवस्था प्रकार्यात्मक आधारमा सफल देखिन्छ तर हाल संरचनात्मक दृष्टिले मौथिली भाषा

तीनकालको व्यवस्थामा विद्यमान छन् । यस शोधपत्रमा तीनकालको व्यवस्था गरी यी दुई भाषालाई तुलना गरिएको छ । ती हुन् :




## ५.२.१ भूत काल

भूत कालले बितेको समयमा भइसकेको भन्ने कार्यव्यापारको सङ्केत गर्दछ । यसलाई विभिन्न विद्वानले आआफ्नो विचारमा व्यक्त गरेका छन् ।

“क्रियामा वर्णित कार्य अथवा अवस्थाको उहिले वा पहिले हुँदा भूतकाल हुन्छ” शर्मा (२०५३: १५७ ।

“भूत काल भनेको बितिसकेको समय हो । यसलाई जनाउने धातुमा यो/ई आदि जोडि क्रियापदको रचना गरिन्छ”, आचार्य (२०५८: ९७) ।

“क्रियामा वर्णित अथवा अवस्थाको समय उहिले  वा पहिले हुँदा भूतकाल हुन्छ” । शर्मा (२०६१) ।

“जुन क्रियापदले बीतेको समयको बोध गराउँछ त्यसलाई भूतकालको क्रिया मानिन्छ ।” शर्मा र अश्क (२०६४ : ३९) ।

भूतकाल जनाउनको लागि नेपाली र मैथिली भाषामा आ-आफ्नै किसिमको रुपहरुको प्रयोग भएका देखिन्छन्  । नेपालीमा क्रियाको भूतकालिक रुपको रचना ‘यो, यौं, यौँ, ई., इन, इस, ए, एँ आदि प्रत्ययबाट गरिन्छ । लिङ्ग, वचन, पुरुष, आदर, आदिका भेदले यी प्रत्ययहरुको विविध रुपको प्रयोग गरिन्छ । यसै गरी मैलिथीमा पनि क्रियाको भूतकालिक रुपको रचना धातुको आधार प्रत्यय ‘ल’ सँग ई, हुँ, हिँ, एँ, ह, क, नि, आह प्रत्ययबाट गरिन्छ ।

नेपाली र मैथिली भाषाका भूतकालको रुपहरुलाई तलको तालिकामा हेर्न सकिन्छ ।

| पुरुष | आदर | एक वचन | | बहुवचन | |
|---|---|---|---|---|---|
| | | नेपाली | मैथिली | नेपाली | मैथिलि |
| प्रथम | रहित | लेखो | लिखलहुँ | लेख्यौं | लिखलहुँ/ली |
| द्वितीय | रहित | लेखिस | लिखलहि | लेख्यौ | लिखलहि |
| द्वितीय | सामान्य | लेख्यौ | लिखलह | लेख्यो | लिखलह |
| द्वतीय | उच्च | लेख्नुभयो | लिखलँहु | लेख्नुभयो | लिखलँहु |
| तृतीय | रहित | लेख्यो | लिखलक | लेखे | लिखलक |
| तृतीय | सामान्य | लेखि | लिखलक | लेखे | लिखलक |
| | सामान्य | लेखे | लिखलक | लेखे | लिखलक |
| | सामान्य | लेखिन | लिखलक | लेखे | लिखलक |
| | रहित | लेख्नुभयो | लिखलिन | लेख्नुभयो | लिखलिन |

माथिका रुपहरुलाई वाक्यमा प्रयोग गरेर देखाउन सकिन्छ

| **नेपाली** | **मैथिली** | |
|---|---|---|
| मैले पुस्तक लेखँ । | हम किताब लिखलहुँ | (प्र.पु. ए.ब.) |
| हामीले पुस्तक लेख्यौं । | हमरासभ किताब लिखलहुँ | (प्र.पु. ब.ब.) |
| तैले पुस्तक लेखिस । | तु किताब लिखलहि | (द्वि.पु. ए.ब.) |
| तिमीहरुले पुस्तक लेख्यौ । | तोरासभ किताब लिखलहि | (द्वि.पु. ब.ब.) |
| उसले पुस्तक लेख्यो । | ओ किताब लिखलक | (तृ.पु. ए.ब.) |
| उनीहरुले पुस्तक लेखे । | ओ सभ किताब लिखलक | (तृ.पु. ब.ब.) |

माथिको उद्दरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् :

क) नेपाली भाषामा द्वितीय पुरुषको आदर रहित तृतीय पुरुषको आदर रहित र सामान्य आरदमा लिङ्ग भेद भएको पाइन्छ भने मैथिलीमा तृतीय पुरुष वा अन्य पुरुषमा लिङ्ग भेद देखिन्छ ।

ख) नेपालमा द्वितीय पुरुष सामान्य आदर एक वचनमा र बुहवचनमा लिङ्ग भेद पाइँदैन भने मैथिलीमा पनि पाइँदैन ।

ग) नेपालीमा प्रथम पुरुष, द्वितीय पुरुषको उच्च आदर बाहेक र तृतीय पुरुषको आदर रहित रुपमा बाहेक सबैमा क्रियाको बहुवचन रुप पाइएको छ भने मैथिली भाषामा एकवचन र बहुवचनमा क्रियाको रुप उही पाइन्छ ।

घ) नेपाल भाषामा उच्च आदरको क्रियामा लिङ्ग सङ्गति देखिदैन भने मैथिली भाषामा आदरार्थीको क्रियामा लिङ्ग सङ्गति देखिन्छ । तर मैथिली भाषामा अन्य आदरार्थीको क्रियामा लिङ्गसङ्गति देखिदैन ।

ङ) यी दुई भाषाको सर्वनाममा लिङ्गभेद छैन ।

च) नेपाली भाषामा सकर्मक र अकर्मक दुबै क्रियामा लिङ्गभेद छ भने मैथिलीमा अकर्मक क्रियामा मात्र लिङ्ग भेद पाइन्छ ।

**५.२.२ वर्तमान काल :**

क्रियाले सम्पन्न गरेको कार्यव्यापारको समय वा अवस्था जनाउने क्रममा चलिरहेको समयमा कार्य व्यापार भएको जनाउने काल वर्तमान काल हो । विभिन्न विद्वानहरुको मत निम्नानुसार छन् ।

"वर्तमान काल भनेको तत्कालको समय हो" (आचार्य , २०५८: ९७) ।

"क्रियामा वर्णित कार्य अथवा अवस्थाको समय अहिले हुँदा वर्तमान काल हुन्छ" (शर्मा, २०६१: १८६) ।

वर्तमान कालमा वर्तमान समयमा भइरहेको, हुनेवाला वा भइसकेको क्रियाको बोध हुन्छ (शर्मा र अश्क, २०६४, पृ., ३५) ।

यी मतहरुबाट के बुझिन्छ भने तत्कालिन समयको सेरोफेरोमा नै भएको वा क्रियाले गरेका कार्यव्यापारलाई बुझाउने वर्तमान काल हो । नेपाली भाषामा क्रियाको वर्तमान कालिक रुपको रचना छ, छु, छे, छन्, छिन्, छौँ, छस्, छ्यौ छेस्, छिन, नुहुन्छ, जस्ता प्रत्ययबाट गरिन्छ । त्यसैगरी मैथिलीमा भने वर्तमान कालिक क्रियापद हिजोआज दुई, धातु, जोडेर, बनाइन्छ । एउटा मूल धातु अर्को सहायक 'धातु' अछ, छन् । मूल धातु सधैं असमापिकाको रुपमा अर्थात् वर्तमान कृदन्त 'इत' को रुपमा रहन्छ साथै त्यसको अगाडि 'अछ' धातु आफ्नो पूर्ण रुपावलीको साथ आउँछ तर यस किसिमको व्यवस्था नेपालीमा छैन ।

वर्तमान कालको व्यवस्थालाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ :

| पुरुष | आदर | एक वचन | | बहुवचन | |
|---|---|---|---|---|---|
| | | नेपाली | मैथिली | नेपाली | मैथिली |
| प्रथम | रहित | खान्छु | खाइत अछि/छी | खान्छौं | खाइत छी/अछि |
| द्वितीय | रहित | खान्छस (पु.) | खाइत छहि | खान्छौं | खाइत छहि |
| द्वितीय | सामान्य | खान्छेस (स्त्री.) | खाइत छहि | खान्छौं | खाइत छहि |
| द्वितीय | सामान्य | खान्छौं (पु.) | खाइत छह | खान्छौं | खाइत छह |
| द्वितीय | | खान्छ्यौं (स्त्री.) | खाइत छह | खान्छौं | खाइत छह |
| तृतीय | उच्च | खानुहुन्छ ( | खाइत छथिन्ह | खानुहुन्छ | खाइत छथिन्ह |
| तृतीय | रहित | खान्छ (पु.) | खाइत अछि | खान्छन् | खाइत अछि |
| तृतीय | सामान्य | खान्छे (स्त्री.) | खाइत अछि | खान्छन् | खाइत अछि |
| | | खान्छन् (पु.) | खाइत छथि | खान्छन् | खाइत छथि |
| | | खान्छिन् (स्त्री.) | खाइत छथि | खान्छन् | खाइत छथि |

यसलाई निम्न वाक्यहरुमा राखेर देखाउन सकिन्छ :

| नेपाली | मैथिली |
|---|---|
| म जान्छु । | हम जाइत छी । |
| तँ जान्छस् । | तोँ जाइत छ/ छअ । |
| तिमीहरु जान्छौ । | तोसभ/लोकिन जाइत छह । |
| ऊ जान्छन् | ओ जाइत छथि । |
| उनीहरु जान्छन् । | ओसम/लोकिन जाइत छथि । |

तुलनात्मक रुपमा मैथिलि र नेपाली भाषाका वर्तमानकालको निष्कर्षहरुः

**निष्कर्षहरु**

१. दुबै भाषामा आदर द्वितीय पुरुष र तृतीय पुरुषमा व्यक्त हुन्छ ।

२. नेपाली भाषामा द्वितीय पुरुष र तृतीय पुरुष आदर रहित र सामान्य आदर एकवचनमा लिङ्ग भेद देखिन्छ अन्यमा देखिँदैन । मैथिलीमा उच्चतम, उच्च, मध्यम, आदरार्थीमा लिङ्ग भेद देखिन्छ तर सामान्य आदरार्थीमा लिङ्ग भेद देखिँदैन ।

३. उदाहरणमा नेपाली भाषाको छु, छौ, छस, छन् सहायक क्रियाको प्रयोग भई वर्तमान काल जनाइएको छ भने मैथिली भाषाको छि, अछि, छहि सहायक क्रियाको प्रयोग भएको पाइन्छ ।
४. नेपाली र मैथिली दुबै भाषामा कालवाचक सहायक क्रिया जोडिएको छ ।
५. नेपाली र मैथिली दुबै भाषामा लिङ्गभेद प्रथम पुरुषमा देखिँदैन र अन्यमा नेपाली भाषामा द्वितीय पुरुषको उच्च आदर बाहेक सबै पुरुषका रुपहरुमा लिङ्ग भेद गरिन्छ भने मैथिलीमा अन्य पुरुषमा वा तृतीय पुरुषमा बाहेक अन्य पुरुषमा लिङ्ग भेद गरिँदैन ।

### ५.२.३ भविष्यत काल

कथन समयको क्रियाले कथनकाल भन्दापछि आउने समयको बारेमा जनाउने काललाई भविष्यत काल भनिन्छ । यस कालमा कार्यव्यापार वा अवस्था आउँदे समयमा हुने बुझिन्छ यसलाई विभिन्न विद्वानहरुले यस प्रकार उल्लेख गरेका छन् ।

"भविष्यत काल भनेको पछि आउने समय हो । नेपालीमा सामान्य धातुमा 'ने छ' प्रत्यय जोडिई बन्ने क्रियापदलाई भविष्यत काल भनिन्छ" आचार्य (२०५८: ९७) ।

"भविष्यत काल भनेको पछि आउने समय हो । नेपालीमा लेख्य रुपमा भविष्त कालको 'ने छ' रुप पाइए पनि त्यो वैकल्पिक रुपमा प्रयोग हुने भएकोले भविष्यत् काल छुट्टै नरहेको देखिन्छ (अधिकारी, १२०) ।

मैथिली भाषामा पनि यस किसिमको क्रियाको अवस्था वा कार्यव्यापार पाइन्छ, जसले भविष्यत काललाई सङ्केत गर्दछ । मैथिलीको धातुमा आधार प्रत्यय 'ब', 'त' सँग शुन्य, औं, हिँ, एँ, ह, आह रुप जोडेर भविष्यतकालिक क्रिया रुपको रचना   गरिन्छ । दुबै भाषाका भविष्यतकालका रुपलाई तालिकामा यस प्रकार देखाउन सकिन्छ ।

| पुरुष | आदर | एक वचन | | बहुवचन | |
|---|---|---|---|---|---|
| | | नेपाली | मैथिली | नेपाली | मैथिली |
| प्रथम | रहित | पढनेछु | पढब | पढ्ने छौँ | पढब |
| द्वितीय | रहित | पढ्नेछस | पढबहिँ | पढ्नेछौँ | पढबहिं/बो |
| द्वितीय | सामान्य | पढनेछौं (पु.) | पढबह | पढ्नेछौँ | पढबह |
| द्वितीय | सामान्य | पढनेछ्यौं (स्त्री.) | पढबह | पढ्नेछ्यौँ | पढबह |
| द्वितीय | उच्च | पढ्नुहुनेछ | पढब/त | पढ्नुहुनेछ | पढबत |
| तृतीय | रहित | पढ्नेछ (पु.) | पढत | पढ्नुहुनेछ | पढबह |
| तृतीय | सामान्य | पढ्नेछे (स्त्री.) | पढत | पढ्नेछिन् | पढब |
| तृतीय | सामान्य | पढ्नेछ (पु.) | पढता | पढ्नेछन् | पढताह |
| तृतीय | सामान्य | पढ्नेछिन (स्त्री.) | पढत | | पढत |
| तृतीय | उच्च | पढ्नुहुनेछ | पढताह | पढ्नेछन् | पढबताह |

माथिका रुपहरुलाई वाक्यहरुमा राखेर देखाउन सकिन्छ ।

| **नेपाली** | **मैथिली** |
|---|---|
| म पढ्नेछु (प्र.पु./ए.ब.) । | हम पढ़ब । |
| तँ पढनेछस (द्वि.पु/ए.ब) । | तोँ पढबहिँ/बो । |
| तिमीहरु पढ्नेछौं (दु.पु./ब.ब.) । | तोसभ पढबह । |
| उनीहरु पढ्नेछन् (तृ.पु./ब.ब.) । | ओसम पढताह । |
| हामीहरु पढ्नेछौं (प्र.पु./ब.ब. । | हमसभ पढ़ब । |
| उनी पढनेछे (तृ.पु./ए.ब.) । | ओ पढताह । |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छः

क) नेपालीमा ने.छु, नेछौं, ने छस, ने छन सहायक क्रियाको प्रयोग गरी भविष्यत काल जनाइएको छ भने मैथिलीमा पनि धातुमा आधार प्रत्यय, ब.त., सँग ओ, हिँ, एँ, ह आहु, रुप जोडेर भविष्यत्कालिका क्रियारुपको रचना गरिन्छ ।

ख) नेपालीमा वर्तमान कालको क्रिया र भविष्यतकालको क्रियाको बीचमा ने कृदन्त मात्र फरक छ तर मैथिलीमा भिन्न भविष्यतकालिक बोधी प्रत्यय रहेको पाइन्छ ।

ग) नेपालीमा भविष्यतकाल वैकल्पिक रुपमा प्रयोग हुन्छन र तिनीहरुबाट काल भन्दा अर्थ बढी स्पष्ट हुन्छ तर मैथिलीमा भविष्यत् कालका क्रियाको रुप वर्तमान कालका क्रियाको रुपभन्दा भिन्न छन र तिनले कालकै प्रतिनिधित्व गर्दछन् ।

घ) नेपाली र मैथिगली भाषामा वर्तमानकालसरह भविष्यत् कालमा पनि समानता पाइँदैन ।

**५.३ पक्ष व्यवस्था :**

पक्ष भनेको कालको परिवेश भित्र क्रियाले सम्पन्न गरेको कार्यव्यापकरको प्रकृति तथा विवरणलाई जनाउने व्याकरणात्मक कोटि हो । यसबाट क्रियाको विभिन्न अवस्था वा चरणहरु व्यक्त हुन्छन् । कृदन्तीय क्रियासँग कालिक क्रियापदको योगबाट पक्ष जनाइन्छ । यस सम्बन्धी विभिन्न विद्वानहरुको मत यस प्रकार छन् :

“कुनै खास कालिभित्र काम पूरा भइसकेको छ कि छैन पूरा भइसकेको भए भर्खरै पूरा भएको हो कि धेरै वर्ष अघि पूरा भएको हो, काम पूरा भएको वक्ताले पहिले नै चाल पाएका थिए कि भर्खरै चाल पायो जस्ता कुनै खास परिस्थिति भित्रका मसिना कुराहरुको अतिरिक्त जानकारी पनि क्रियामा प्रयोग भएका रुप तत्वबाट थाहा हुन्छ भन्ने काल विशेषको कुनै खास परिस्थिति भित्रका ती अतिरिक्त सूचनाहरुलाई पक्ष भनिन्छ” (पोखरेल, २०४९: ६०) ।

“क्रियासँग सम्बद्ध व्याकरणिक कोटि हो र यसले काम कुन समयावधिमा भयो भन्ने बताउँछ ”। बन्धु (२०५३:८६) ।

“पक्ष भनेको क्रिया व्यापारको स्थिति वा अवस्था हो” आचार्य (२०५८:९८)

“क्रियामा व्यक्त समय (काल) सँग क्रियामा व्यक्त घट्नाको अवस्थालाई जोड्ने व्याकरिणक अभिलक्षण पक्ष हो” । यादव रेग्मी २०५९:२०७

“पक्षले खास कालको परिवेश भित्र क्रियाका कार्यप्रकृति तथा वितरणलाई जनाउँछ” अधिकारी (२०६२:१२१)

नेपालीका परम्परागत व्याकरणमा पाँचवटा पक्षको चर्चा गरिएको पाइन्छ । ती मध्ये अज्ञात र अभ्यस्त भूतकालका मात्र पक्षहरु रहेका छन् भने सामान्य, अपूर्ण र पूर्ण दुईवटै कालका साझा पक्षहरुको रुपमा देखिन्छन् । यहाँ मैथिली भाषाका पक्षलाई नेपाली पक्षसँग तुलना गरी प्रस्तुत गरिएको छ ।

### ५.३.१ सामान्य पक्ष

सामान्य पक्ष भन्नाले कालको सामान्य विधानलाई बुझिन्छ। सामान्य पक्षले कालको सापेक्षतामा क्रियाको कुनै पनि अवस्था व्यक्त गर्दैन। नेपाली र मैथली भाषाका सामान्य पक्षका रुपहरुलाई तालिकामा यस प्रकार देखाउन सकिन्छ।

| पुरुष | भाषा | भूत | वर्तमान | भविष्यत |
|---|---|---|---|---|
| प्रथम | नेपाली | खाएँ/खायौँ | खान्छु/खान्छौं | खानेछु/खानेछौँ |
| | मैथिली | खअलहुँ/खइलहुँ | खाइत अछि/छी | खाइब/खाइब |
| द्वितीय | नेपाली | खाइस्/खायौ | खान्छस्/खान्छौ | खानेछस्/खानेछौ |
| | मैथिली | खअलहुँ/खअलीह | खाइत छी | खायब |
| तृतीय | नेपाली | आयो/खाए | खान्छ/खान्छन् | खानेछ/खानेछन् |
| | मैथिली | खेलक/खेलक | खाइत अछि/छथि | खअताह/खअताह |

सामान्यपक्षको क्रियाको वाक्यमा प्रयोग कालको सन्दर्भमा देखाइ सकिएको छ।

### ५.३.२ अपूर्ण पक्ष :

अपूर्ण पक्षले क्रियाले गर्ने कुनै कार्यको कथन समयमा अपूर्णता वा निरन्तरतालाई जनाउने/बुझाउँदछ। यो पक्ष क्रियाको तिनवटै कालमा रहेको देखिन्छ। नेपालीमा तै/दै -तो/दो) र रह रुपलागि अपूर्ण पक्षको क्रियापद निष्पन्न भएको हुन्छ भन्ने मैथिलीमा भाषाका वाक्यमा वर्तमान कालको अपूर्ण पक्ष अन्तर्गतको क्रियाको मूल धातु इत र सहायक धातु अछि मा इ, हिँ/एँ, ह, ए, इ, थि रुपको योग हुने गरेको तथा भूतकालको अपूर्ण पक्ष अन्तर्गतको क्रियाको धातुमा कृदन्तीय इत, प्रत्यय र आधार प्रत्यय ल सँग हुँ, हि, एँ, ह, क, नि, आहु -अकर्मकमा) रुपमको योग हुने गरेको पाइन्छ। जसको सहायताले क्रियाको कार्यको अपूर्णता, निरन्तरता व्यक्त भएको छ। यसरी तल तालिकामा तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ।

| पुरुष | भाषा | भूत | वर्तमान | भविष्यत |
|---|---|---|---|---|
| प्रथम | नेपाली | लेखदै थिए | लखदै छु | लेख्दै हुनेछु |
| | मैथिली | लिखैत छलहुँ | लिखैत छी | लिखैत रहब |
| द्वितीय | नेपाली | लेखदै थिइस | लेखदैछस | लेखदै हुनेछ |
| | मैथिली | लिखैत छलीहं | लिखैत अछि | लिखैत रहत |
| तृतीय | नेपाली | लेखदै थियो | लेखदै छ | लेख्दै हुनेछ |
| | मैथिली | लिखैत छल | लिखैत अछि | लिखैत रहत |

तलिका अनुसार निम्न वाक्यहरु उदाहरणमा प्रस्तुत गरिन्छ ।

नेपाली मैथिली

क) म लेखदैछु । हम लिखैत छी/लिखइत छी ।

ख) तिमी लेखदै थियौं । तौँ लिखैत छलह ।

ग) उ लेखदै हुनेछ । ओ लिखैत रहताह ।

घ) उनीहरु लेखदैहुनेछन् । ओसभ लिखैत रहताह ।

माथिको उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छ :

**क)** नेपाली पक्ष जनाउने धातुमा तै/दै रुप प्रत्येक पुरुष र कालमा प्रयोग भएको पाइन्छ र मैथलीमा पनि क्रियासँग क्रिदन्तीय प्रत्यय 'इत' प्रत्येक पुरुषसँग प्रयोग भएको पाइन्छ ।

**ख)** कालका रुप समान नेपाली भाषामा वचन र लिङ्गकै भेद समान रुपले पाइन्छ तर मैथिली भाषामा कालका रुपसमान वचन र लिङ्ग भेद समान रुपले पाइँदैन ।

### ५.३.३ पूर्णपक्ष

क्रियाको पूर्णता वा सिद्ध बुझाउने पक्ष पूर्ण पक्ष हो । कथन समयमा कार्यले पूर्णता पाइसकेको जनाउने रुपहरु पूर्ण पक्षका रुपहरु हुन् । नेपाली भाषामा पूर्ण पक्ष जनाउने रुप लिङ्ग र वचन अनुसार एको, एका, एकी जस्ता रुपहरु पाइन्छन् भने मैथिली भाषाको वाक्यमा वर्तमानकालको पूर्णपक्ष अन्तर्गतको कृतन्दीय क्रिया र चुकल भनि आधार प्रत्यय छ मा इ, छिँ, एँ, ह, ए, इ, थि, आदि रुपको योग हुने र भूतकालको पूर्ण पक्षअन्तर्गतको कृदन्तीय क्रिया र चुकल सँग रहब आधार प्रत्यय भाइ वक्ता र स्रोतको श्रेणी व्यक्त भएको पाइन्छ ।

यसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| पुरुष | भाषा | भूत | वर्तमान | भविष्यत |
|---|---|---|---|---|
| प्रथम | नेपाली | पढेको थिएँ | पढेको छु | पढेको हुनेछ |
| | मैथिली | पढ़ने छलहुँ | पढि चुकल छी | पढि चुकल रहब |
| द्वितीय | नेपाली | पढेको थिइस् | पढेको छस् | पढेको हुनेछस् |
| | मैथिली | पढि चुकल छलौं/छलहिँ | पढि चुकल छी | पढिचुकल रहब |
| तृतीय | नेपाली | पढेको थियो | पढेको छ | पढेको हुनेछ |
| | मैथिली | पढि चुकल छल | पढि चुकल छअ | पढि चुकल रहताह |

माथिको तलिकाअनुसार निम्न वाक्यहरु प्रयोग गरेर देखाइन्छ ।

| **नेपाली** | **मैथिली** |
|---|---|
| मैले पढेको छु । | हम पढि चुकल छी । |
| हामीले पढेका छौं । | हमस सभ पढि चुकल छी । |
| तैले पढेको थिइस् । | तुँ पढ़ने छलहेँ । |
| तिमीहरुले पढेका थियौ । | तो सभ पढि चुकल छह । |
| उसले पढेको हुनेछ । | ओ पढि चुकल रहत । |
| उनीहरुले पढेका हुनेछन् । | ओसभ पढि चुकल रहत । |

माथिको उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छ ।

क. नेपाली र मैथिलीमा पूर्ण पक्ष जनाउने क्रियारुप भिन्न भिन्न पाइन्छ र पूर्ण पक्ष दर्शाउने प्रक्रिया पनि समान रहेको पाइन्छ ।

ख. नेपालीमा 'एको' रुपले पूर्ण पक्ष जनाउँछ भने मैथिलीमा 'चुकल' रुपले पूर्ण पक्ष जनाउँछ । नेपालीमा 'एको' रुपका लिङ्ग र वचन अनुसार 'एका' र 'एकी' रुपहरु पाइन्छन् भने मैथिलीमा यस्तो व्यवस्था पाइँदैन ।

ग. लिङ्ग वचन, पुरुष, आदर आदिको लागि पनि 'चुकल' रुपको नै प्रयोग भएको पाइन्छ, मैथिली भाषामा पूर्ण पक्ष जनाउने 'चुकुल' जसले यी दुई भाषाको भिन्नतालाई जनाउँछ ।

घ. यी दुई भाषाको भिन्नतालाई जनाउँछ ।

ङ. मैथिली भाषामा भविष्यकालिक पर्ण पक्ष जनाउन कृदन्तीय क्रिया 'पढी' र चुकल रुपसँग रही छुटै सापेक्षिक क्रिया वा रुप जोडिएर आउँछ ।

### ५.३.४ अभ्यस्त पक्ष

कुनै कार्यको आवृत्ति वा अभ्यस्त स्वभाव जनाउने पक्षलाई अभ्यस्त भनिन्छ अर्थात बितेको समयमा बानी वा अभ्यासका रुपमा दोहोरिने अवस्थालाई अभ्यस्त पक्ष भनिन्छ । यो भूतकालसँग मात्र सम्बन्धित पक्ष हो । यसलै यसलाई अभ्यासबोधक भूत पनि भन्निछ । साथै यसले वितेको समयमा कुनै कार्य निरन्तर रुपमा गर्ने गरेको तर पछि खण्डित भएको भावबोध गराउँदछ । त्यसैले यसलाई अपूर्ण भूत र पूर्ण भूत बीचको पक्षका रुपमा लिने गरिन्छ । यसको बोध गराउन नेपालीमा थो, थ्यौ, थिस, थ्यौ, नुहुन्थ्यो, थ्यो, थी, थे, थिन् जस्ता रुपहरु प्रयोग भएको पाइन्छ । त्यसैगरी मैथिलीमा यस किसिमको छुट्टै क्रियारुप पाइँदैन र अपूर्ण भूतमा झैँ इत प्रत्यय र आधार प्रत्यय 'ल' सँग, हुँ, हि, एँ, ह, क, नि आदि जस्ता रुपहरुको प्रयोग भएको पाइन्छ । जस्तैः

| नेपाली | मैथिली |
|---|---|
| म सधै पढ्नेगर्थैं । | हम सभदिन पढैत छलहुँ । |
| हामी धेरै पढ्थ्यौं । | हमसभ खुब पढैत छलहुँ । |
| तिमी धेरै पढ्थ्यौ । | तौं खुब पढैत छलह । |
| तपाइँ धेरै पढ्नुहुन्थ्यो । | अहाँ/अपने खुब पढैत छलहुँ । |
| उ सधैं परीक्षामा प्रथम हुन्थ्यो । | ओ सभदिन परीक्षामे प्रथम होइत छल । |
| म हिडँदै/खेल्दै हुन्थो (अपूर्ण) । | हम चलैत/खेलैत रहैत छलहुँ । |

माथिका वाक्यबाट निम्न तथ्य स्पष्ट हुन्छन् :

क. नेपाली भाषामा अभ्यस्त रुप देखाउने छुट्टै प्रत्ययको अस्त्वित पाइन्छ भने मैथिली भाषामा छुट्टै प्रत्ययको अस्तित्व पाइँदैन ।

ख) नेपालीमा थो, थ्यो, थिस्, थ्यौ, नुहुन्थ्यो, थ्यो, थी, थे, थिन आदि भूतकालिक प्रंत्यय क्रियारुपसँग आउँछ भने मैलिलीमा देखिने क्रियाको मूल धातुमा जोडिने कृतन्तीय 'इत' प्रत्यय र आधार प्रत्यय 'ल' सँग हुँ, हिँ, ए, ह क, नि रुपले अभ्यस्त जनाउँछ जुन अपूर्ण भूतसँग पुरै मेल खान्छ ।

### ५.३.५ अज्ञात पक्ष

पहिले थाहा नभई पछि मात्र थाहा भएको क्रियाको अवथा जनाउनेलाई अज्ञात पक्षको विशेषता हो । नेपाली भाषामा अज्ञात भूतको क्रियाको रुप हेर्दा कृदन्तीए 'ए' प्रत्यय लागेको मुख्यक्रिया र वर्तमानकालिक सहायक क्रिया 'छ' को प्रयोग भएको पाइन्छ । नेपाली भाषामा जस्तै मैथिली भाषामा यस किसिमको छुट्टै क्रियारुप पाइँदैन ।

| नेपाली | मैथिली |
|---|---|
| मैले पढेछु । | हम पढ्ने छी । |
| तैले पढेछस् /पढिछेस् । | तो पढ्ने छह/छैं । |
| तिमीले पढेछौ/पढिछ्यौ । | तोसभ पढ्ने छह/छिहिक । |
| यसले पढेछ । | ई पढ्ने अछि । |
| तिनीहरुले पढेछन् । | ओ पढ्ने छथि । |
| ऊ पास भएको छ । | ओ पास भ चुकल अछि । |

माथिको वाक्यांशहरुबाट निम्न तथ्य स्पष्ट हुन्छ :

क. नेपालीमा झै मैथिलीमा अज्ञात पक्षको छुट्टै व्यवस्था नभएकोले पूर्ण पक्षको क्रियारुपले नै अज्ञात पक्षको क्रियारुपलाई जनाएको छ ।

ख. नेपाली र मैथिली भाषाको पक्ष व्यवस्थालाई नियाँल्दा नेपालीमा पाँचवटा पक्षहरुको स्पष्ट भेद देखिन्छ तर मैथिलीमा लिखित पाँच मध्ये तीनवटा पक्षहरुको मात्र स्पष्ट भेद पाइन्छ ।

ग. नेपाली भाषामा पक्षको व्यवस्थाका रुपहरुमा लिङ्ग, वचन पाइन्छ भने मैथिलीमा यसको अभाव देखिन्छ तर भूतकालिक सामान्य पक्षमा यसको स्थिति कतै कतै पाइन्छ ।

## ५.४ भाव

यो क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो । यसले वक्ताको आश्य वा अर्थ वा अभिप्राय वा कृतिलाई बुझाउँदछ । यहाँ यी अर्थात कृति भनेको पनि पद हो । यस सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्नो मत प्रस्तुत गरेका छन् ।

"वक्ताको मनोभाव वा मनसायलाई व्यक्त गर्ने क्रियाको रुप तत्व वा संरचनालाई क्रियाको भाव भनिन्छ" पोखरेल (२०४९: ५९) ।

"भाव क्रियासँग सम्बद्ध व्याकरण व्याकरणिक कोटि हो र यसको सम्बद्ध पुरै वाक्यसँग रहन्छ" बन्धु (२०५३: ८७) ।

"अर्थ भनेको वक्ताको मनोभावको भिन्नता हो । यसलाई भाव वा वृत्ति पनि भन्दछन्" आचार्य (२०५८: १००) ।

यसप्रकार यी परिभाषाहरुलाई नियाल्दा भाव भन्नाले वक्ताको अभिप्राय वा आशय हो भन्ने बुझिन्छ । नेपाली भाषामा भाव कतिवटा छन् भन्नेमा स्पष्टता देखिँदैन । यस सन्दर्भमा बन्धु (२०५३: ७) ले निश्चयार्थक, आज्ञार्थक, सङ्केतार्थक र प्रेरणार्थक गरी चार प्रकार देखाएका छन् । यसैगरी आचार्य (२०५८: १००) ले निश्चय, आज्ञा, इच्छा, सम्भावना र सङ्केतार्थक गरी पाँच भेद देखाएका छन् । यादव र रेग्मी (२०५९: २०८) ले भावलाई सामान्यार्थक, प्रश्नार्थक, आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक, अनुमेयार्थक, दायित्वार्थ र सङ्केतार्थक गरी आठ प्रकारको देखाएका छन् ।

यसरी यी भावको वर्गीकरणको सन्दर्भमा रहेको विविधतालाई चिर्दै यस शोधपत्रमा सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ गरी पाँच वर्गमा भावलाई चर्चा गरिएको छ ।

### ५.४.१ सामान्यार्थ

वक्ता वा लेखकको सामान्य अर्थ, वृति वा अशय वा निश्चय बुझाउने क्रियारुपलाई सामान्यार्थक भनिन्छ । यसको क्रियाले निश्चितताको भाव व्यक्त गर्ने हुनाले यसलाई निश्यार्थ पनि भनिन्छ । सामान्यर्थको अभिव्यक्ति करण, अकरण र प्रश्नसूचक क्रिया भएको वाक्यमा पनि हुन्छ । प्रश्न सूचकको रुपमा प्रयुक्त हुदा निश्चित वा अर्थको बोध गराउने क्रिया रहेको पाइन्छ । यसका उदाहरणहरु कालसम्बन्धी चर्चाको सन्दर्भमा दिइएको छ ।

### ५.४.२ इच्छार्थ

क्रियापदको माध्यमबाट वक्ताको वा लेखकको अनुरोध, अनुनय, बिन्ती, प्रार्थना, इच्छा आशीर्वाद आदि वृत्ति बुझाउने भावलाई इच्छार्थक भनिन्छ । नेपालीका सबै पुरुष र वचनमा यस भावको क्रियाको प्रयोग भएको पाइन्छ भने मैथिलीमा पनि सबै पुरुष र वचनमा यस भावको क्रियाको प्रयोग भएको पाइन्छ तर पुरुष र आदर (श्रेणी) अनुरुप क्रिया रुपायित भए पनि लिङ्ग र वचनअनुरुप क्रिया रुपायित भएको पाइँदैन । अर्थात् पुरुषद्वारा वचन छुट्टिएपनि क्रियाका वचन नछुट्टिई एकै रुप वा समान रुप प्रयुक्त हुने गर्दछ । तालिकामा इच्छार्थक क्रियाका रुपहरु:

| पुरुष | आदर | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|---|
| | | नेपाली | मैथिली | नेपाली | मैथिली |
| प्रथम | | पढँ | पढी | पढौं | पढी ……… |
| द्वितीय | रहित | पढेस | पढहिँ | पढे | पढिह |
| | सामान्य | पढे | पढह | पढे | पढिह |
| | उच्च | पढ्नुहोस | पढह | पढे | पढह |
| तृतीय | रहित | पढोस | पढय | पढुन | पढ्य |
| | सामान्य | पढून् | पढ्य | पढून् | पढ्य |

यो क्रियारुपलाई वाक्यमा प्रयोग गरेर देखाइन्छ :

| नेपाली | मैथिली |
|---|---|
| म पढूँ । | हम पढू । |
| हामी पुस्तक पढौं । | हमरा लोकिन पुस्तक पढूँ । |
| तिमी सधैं पढें । | तो सभदिन पढीहें । |
| तपाँई धेरै पढ्नुहोस् । | अहाँ बहुते पढू । |
| उनीहरु पढुन् । | अहाँ'सभ पढ़थि । |

माथि दिइएका तालिका र उदाहरणबाट निम्न तथ्यहरु स्पष्ट हुन्छ ।

क. माथिका दुबै भाषामा इच्छार्थकमा लिङ्ग भेद देखिँदैन ।

ख. नेपाली भाषाको इच्छार्थकमा आदरभेद, वचनभेद र पूरुष भेद पाइन्छ भने मैथिलीको इच्छार्थकमा पुरुषभेद, आदरभेद पाइएता पनि वचनभेद पाइदैंन ।

ग. इच्छार्थकको निम्ति नेपालीमा उँ, औं, एस, ए, ओस., ऊन आदि विभक्ति चिन्हको प्रयोग गरिन्छ भने मैथिलीमा इ, हिँ, ह, थ, थि जस्ता विभक्ति रुपहरु छन् ।

### ५.४.३ आज्ञार्थ

वक्ता वा लेखकको आज्ञा, आदेश, हुकुम, अनुरोध आदि भाव क्रियाको माध्यमबाट बुझाउने वा व्यक्त हुने क्रियारुपलाई आज्ञार्थक भनिन्छ । यो वक्ता र स्रोताको बीच प्रत्यक्ष सम्पर्क हुने भाव भएकोले यसमा कर्ता नरहन पनि सक्छ । त्यसैले यसको प्रयोग द्वितीय पूरुष एकवचन र बहुवचनमा मात्र हुन्छ । मैथिलीमा पनि यस्ता क्रियाको भाव वा अर्थबोध गराउने प्रक्रिया पाइन्छ ।

आज्ञार्थक रुपलाई तालिकामा देखाउँदाः

| पुरुष | आदर | एकवचन | | बहुवचन | |
|---|---|---|---|---|---|
| | | नेपाली | मैथिली | नेपाली | मैथिली |
| प्रथम | ……….. | पढू | पढउ | पढ | पढू |
| द्वितीय | रहित | पढ | पढ | पढ्नु | पढहि |
| | सामान्य | पढ्नु/पढ् | पढू/पढह | पढ्नु | पढह |
| | उच्च | पढ्नुहोस | पढू/पढउ | पढ्नुहोस | पढूँ/पढथु |
| तृतीय | सामान्य | ………. | पढथु | ……….. | पढथु |

यी क्रियारुपहरुलाई वाक्यमा प्रयोग गरेर देखाइन्छ :-

| नेपाली | मैथिली |
|---|---|
| तँ पढ् । | तु पढ़/पढहि । |
| तिमी पढ्/पढ्नु । | तो पढह । |
| तपाँई पढ्नुहोस् । | अहाँ/अपने पढूँ । |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छ ।

क. आज्ञार्थ जनाउन नेपालीमा अ/नू, नुहोस, ऊ आदि प्रत्यय लागेको पाईन्छ भने मैथिलीमा $\varnothing$ अ, ह, हि, ऊ रुप प्रयोग भएको पाइन्छ ।

ख. दुबै भाषामा आज्ञार्थ भाव बोध गराउने छुट्टा-छुट्टै क्रियाको रुप र लिङ्ग भेद पाइँदैन ।

ग. दुबै भाषामा आज्ञार्थक क्रियामा आदरका तीन तह देखिन्छन् र कर्ताको प्रयोग वैकल्पिक देखिन्छ ।

घ. नेपालीमा वचनअनुसार छुट्टै रुपायक प्रत्ययको प्रयोग भएको पाईन्छ तर मैथिलीमा यसको अभाव देखिँन्छ ।

**५.४.४ सम्भावनार्थ**

क्रियाको कार्यव्यापारले निश्चित नभइसकेको सम्भावना, अनुकुल, सन्देह आदिको बोध गराउने सम्भावनार्थ हो । नेपालीमा यसको लागि क्रियाको भिन्न भिन्न रुपको प्रयोग भएको पाइन्छ । यसले अभूतकाल अन्तर्गत भविष्यत्मा हुने कार्यलाई जनाउँछ । यस भावको अभिव्यक्ति करण र अकरण दुबैमा हुने देखिन्छ । मैथिलिमा पनि यस्ता क्रियाको भाव वा अथगृबोध गराउने प्रकृया पाइन्छ जस्तै :

| नेपाली | मैथिली |
|---|---|
| म पढुँला/जाउँला । | हम पढब /जायब । |

| | |
|---|---|
| हामी पढौँला । | हमसभ पढब । |
| त पढलास/पढलिस । | तुँ पढबहिँ/पढबो । |
| तिमी पढौला/पढौली । | तो पढबह । |
| पानी पर्ला । | पानि परत । |
| कतै बुबा आउनुहुन्छ होला । | कहिँ बाबु औथिन्ह की । |

माथिको  उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क) नेपाली भाषामा सम्भावनार्थ भाव जनाउने क्रियाको विभिन्न रुपहरु पाइन्छ भने मैथिलिमा भविष्यत्कालिक क्रियारुपका साथै इच्छार्थक रुपायक प्रत्यय देखिनु यसको ( मैथिलीको) आफ्नै विशेषता हो र नेपाली भाषासँगको व्येतिरेकी पनि हो ।

ख) नेपाली रुपहरु लिङ, वचन, पुरुष अनुसार फरक फरक पाइन्छ भने मैथिलीमा पुरुष र आदर अनुसार क्रियारुपहरु फरक देखिन्छ ।

ग) मैथिलीमा सामान्यकालिक क्रियाका साथमा सम्भावना जनाउने शब्दहरुको प्रयोग भएको पाइन्छ ।

**५.४.५ सङ्केतार्थ :**

करण र कार्य जनाउने क्रियाद्वारा व्यक्त हुने भावलाई सङ्केतार्थ भनिन्छ । अथवा क्रियाहरुका बीचमा अनुमानात्मक वा काल्पनिक कारण र कार्यको स्थिति रहेमा सङ्केतार्थ व्यक्त हुन्छ । यस्तो भाव जनाउने क्रियाहरु असमापिका र समापिका गरी आउने गर्दछन् । एक भन्दा बढी क्रियाहरु संलग्न रहने हुनाले यसमा दुई उपवाक्यहरु निहित हुनछन । नेपाली र मैथिली दुबै भाषामा सङ्केतार्थक वाक्यहरुको प्रयोग यस प्रकार पाइन्छ ।

| नेपाली | मैथिली |
|---|---|
| क) त्यो आए म जान्थे | ओ अबैत तं हम जैतहुँ । |
| ख) उसले बोलायो भने म जाउँला । | ओ बजाबैत तँ हम जाएब । |
| ग) यदि वर्षा भयो भने धान उब्जला । | अदि वर्षा होयत तँ धान उबजत |
| घ) उसले पास गरी भने राम्रो हुन्छ । | ओ जँ पास करत तँ निकै रहत । |
| ङ) समय भेट्यो भने गाउँ जाउँला । | समय मिलत तँ गाम जाएब |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन्

क) दुबै भाषाका सङ्तेको लागि दुईवटा क्रियाहरुको प्रयोग गरेको देखिन्छ ।

ख) नेपालीमा यी क्रियाहरु समापिका वा असमापिका दुबै हुने गरेको देखिन्छ भने मैथिलीमा असमापिकाको स्थिति देखा पर्दैन ।

ग) नेपाली वाक्यहरुमा भयो, उब्जला, भेट्यो, जाउँला, आए, जान्थे आदि समापिका र असमापिका क्रियाबाट सङ्केतार्थको बोध भएको देखिन्छ भने मैथिली भाषाका वाक्यहरुमा होयत, उपजत, मिलत, जाएब, आवैत र जैतहुँ समापिका क्रियाहरु हुन् जसले कार्यको निश्चितता नबताई त्यसको सम्भावना अथवा अर्को कार्यमाथिको निर्भरता बुझाउँछ ।

घ) नेपाली भाषामा समापिका क्रियाको प्रयोग हुँदा पुरुष अनुसार वचन र लिङ्ग भेद पनि पाइन्छ भने मैथिली भाषामा समापिका प्रयोग हुँदा पुरुष र आदरको आधारमा मात्र क्रियाको रुपावली पाइन्छ ।

**५.५ वाच्य :**

वाक्यमा कर्ता, कर्म र भाव मध्ये कुनै एउटालाई मुख्य मानेर त्यसको आधारमा क्रियापदको रुपायत गर्ने तकिरालाई वाच्य भनिन्छ । यो एउटा क्रियाको व्याकरणात्मक कोटि मात्र नभई वाक्यात्मक व्यवस्था पनि हो । क्रियाको विभिन्न रुप प्रयोग गरेर वाच्य परिवर्तन गर्न सकिन्छ । वाच्यका बारेमा विभिन्न विद्वानहरुको भनाई यस प्रकार छन् :

"क्रियाको अन्तिम प्रत्यय वाक्यमा वाचक हुन्छ, त्यससँग मेल राख्ने नाम नै वाच्य हो । यसरी क्रियको अन्तिम प्रत्ययले कर्ता बुझायो भने कर्तुवाच्य, कर्म बुझायो भने कर्मवाच्य, र दुबै बुझाएनन् भने भाववाच्य हुन्छ" । पोरखेल (२०४९: पृ. ५३) ।

"वाच्य क्रियासँग सम्बन्धित व्याकरणिक कोटि हो । वाच्यले के सङ्केत गर्छ भने वाक्य भित्रको कर्ताको रुपमा रहेको पानी अथवा वस्तुद्वारा कुनै काम सम्पादित भएको छ वा त्यो कामबाट प्रभावित भएको छ । नेपालीमा वाच्य सामान्यतयाः तीन छन् : कर्तुवाच्य, कर्मवाच्य, भाववाच्य" बन्धु (२०५३: पृ. ८६) ।

"वाच्य शब्दले जनाउने सामान्य अर्थ भनाई वा विषय हो । नेपालीमा वाच्यले वाक्यमा प्रमुख क्रियाको भनाई वा विषय कर्ता, कर्म, अथवा भाव मध्ये कुन हो भन्ने बुझाउँछ । शर्मा, (२०६१: पृ. २२२) ।

माथिको परिभाषालाई नियाल्दा वाच्यलाई क्रियाको अर्थसँग सम्बन्धित व्याकरणिक कोटिका रुपमा प्रस्तुत गरेको पाइन्छ । यसै गरी वाच्यको संख्या पनि कतृवाच्य, कर्मवाच्य र भाववाच्य गरी तीन वटा निर्धारण गरिएको देखिन्छ । यसरी मैथिलीमा पनि यस किसिमको

वाच्यहरु पाइन्छन् । नेपाली भाषाका यिनै तीन किमिसका वाच्यका आधारमा मैथिली भाषाको वाच्यलाई पनि वर्गीकरण गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ५.५.१ कर्तृवाच्य :

वाक्यमा कर्ताप्रधान वा मुख्य भई क्रियापदको प्रयोग गरिने कथन कर्तुवाच्य हो । कर्तृवाच्यको प्रयोग अर्कमक र सकर्मक दुबै क्रियाहरुमा हुन्छ । यसमा कर्तापदसँग क्रियाको अनिवति मिलाइन्छ । यो सामान्य वाक्य जस्तो हुन्छ मैथिलिमा पनि यस वाच्यको प्रयोग पाइन्छ । जस्तै :

| नेपाली | मैथिली | क्रिया |
|---|---|---|
| क) सीताले गीत गाइन । | सीता गीत गओलन्हि । | सकर्मक |
| ख) मैलै मिठाई किने । | हम मिठाइ किनलहुँ । | सकर्मक |
| ग) राम कुर्सिमा बस्यो । | राम कुर्सीमै बैसलाह । | अकर्मक |
| घ) रीता आउँदै छ । | रीता अबैत अछि । | अकर्मक |
| ङ) सबै व्यक्ति सभामा उपस्थित भए | सभलोकिन सभामे उपस्थित भेलाह | सकर्मक |
| च) श्याम हाँस्दै छ | श्याम हंसैत अछि | अकर्मक |

माथिका उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छ ।

क) नेपाली भाषामा कर्ताको लिङ्ग, वचन, पुरुष अनुसार क्रियाको मेल गराएको देखिन्छ भने मैथिली भाषामा पनि कर्ताको पुरुष, आदर र भुतकालिक क्रियामा ऐच्छिक रुपमा लिङ्ग अनुसार पनि मैल भएको देखिन्छ ।

ख) कर्तृवाच्यका क्रिया अचिन्हित प्रकृतिका छन् ।

### ५.५.२ कर्मवाच्य :

कर्मलाई प्रमुखतामा राखी क्रियाको अन्विति मिलाइएको वाक्यलाई कर्मवाच्य भनिन्छ। यस वाच्यको उद्देश्य कर्म हुने हुँदा वाक्यमा यसले सकर्मक धाुत लिएर मा आउँछ । यस वाच्यमा कर्मको लिङ्ग, वचन, पुरुष अनुसार क्रियाको सङ्गति कायम हुनछ। यस्ता वाकयहरुमा क्रियाको फल र कार्यव्यापार दुबै कर्मले नै लिन्छ। वाक्यमा कर्ता समावेश गर्नु परेको खण्डमा वा कर्तृवाच्यको वाक्यलाइ कमवाच्य बनाउँदा कर्तामा तृतीय विभक्ति लगाइन्छ वा करण कारकमा राखिन्छ । नेपाली मैथिली भाषाको कर्मवाच्यका उदाहरण यस प्रंकारका छन् :

| नेपाली | मैथिली |
|---|---|
| हरिद्वारा पत्रिका पढिन्छ । | हरिसँ पत्रिका पढल जाइत अछि । |
| हरिद्वारा पत्रिका च्यातिन्छ/च्यातिनेछ/च्यातियो | हरिसँ पत्रिका फाडल जाइत अछि/गेल/जायत । |
| हरिद्वारा पत्रिका पढिँदैछ/थियो/हुनेछ | हरिसँ पत्रिका पढल जाइत अछि/छल/रहत । |
| हरिद्वारा पत्रिका पढिएको छ/थियो/हुनेछ | हरिसँ पत्रिका पढल गेल अछि/छल/रहत । |

माथिका वाक्यबाट निम्न लिति निष्कर्ष निस्कन्छः

क. दुबै भाषामा कर्तृवाच्यको कर्ता लोप हुनपनि सक्ने स्थिति पाईन्छ ।

ख. नेपाली भाषामा कर्तृवाच्यको वाक्यलाई कर्मवाच्य बनाउँदा कर्तामा तृतीय वा करण विभक्ति(द्वारा) लगाइन्छ भने मैथिली भाषामा पनि करण विभक्ति (सँ) जोडिन्छ ।

ग. नेपालीमा कर्मवाच्यको क्रियाको धातुमा कर्मवाच्य चिन्हक 'इ' प्रत्यय लागि कर्मअनुरुप लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति भएको छ भने मैथिलीमा 'जा' सहायक धातुका भिन्न भिन्न रुप लगाएको पाइन्छ र कतिपय स्थानमा हो अथवा 'रह' धातुको सहायता लिएको पाइन्छ ।

### ५.५.३ भाव-कर्मवाच्य

सकर्मक वाक्यबाट विभक्ति नहट्ने वाच्य र भाव कर्मवाच्य हो । यस किसिमको नेपाली र मैथिली दुबै भाषाको वाच्यमा कर्म र क्रियाका बीच सङ्गति पाइँदैन । यस्ता वाक्यलाई नेपाली व्याकरण परम्परामा भाव-कर्मवाच्य भनिएको छ । निम्न वाक्यलाई उदाहरणार्थ दिइएको छ ।

| नेपाली | मैथिली |
|---|---|
| क. भाइलाई पिटियो । | भाइके मारलक । |
| ख. भाइहरुलाई पिटियो । | भाइसबके मारलक । |
| ग. बहिनीलाई बोलाइयो । | बहिनके बजाओल गेल । |

माथिको उदाहरणबाट निम्न तथ्य स्प्ष्ट हुन्छन् ।

क. नेपाली वाक्यको कर्ममा रहेको 'लाई' विभक्तिबाट भाव कर्मवाच्य बन्दछन् भने मैथिलीमा पनि 'के' विभक्ति कर्मसँग संयुक्त रहेको पाइन्छ ।

#### ५.५.४ भाववाच्य

क्रियाको प्रधानता रहने वाक्यात्मक संरचना भाव वाच्य हो । भाव भनेको धातुको अर्थ वा व्यापार हो र यस वाच्यमा कर्ता वा कर्मको नभई भावको (क्रियाको अर्थ वा व्यापारको) प्रधानाता हुन्छ । त्यसैले यो क्रियाको व्यापार र फल दुबैको असर प्रभावमा निहित रहन्छ । भाव वाच्यमा अकर्मक यो क्रिया हुन्छ र त्यो प्रत्येक स्थितिमा पुलिङ्ग, एकवचन र तृतीय पुरुषमा हुन्छ । जस्तैः

| नेपाली | मैथिली |
|---|---|
| क. आज त मज्जाले सुतियो । | आय तँ मनसँ सुतलहुँ । |
| ख. बिहान सबेरै हिडिन्छ । | काल्हि बडका भोरे निकैल जाइब । |
| ग. यहाँ कति दिन बसिएला । | एतय कतेकदिन रहल जेतैक । |
| घ. आँफू त रातिमा हिडिन्छ । | हम त राति मे जाइत छी । |

माथिको उदाहरणबाट निम्न तथ्य स्पष्ट हुन्छन् ।

क. नेपालीमा अकर्मक क्रिया प्रत्येक स्थितिमा एकवचन, पुलिङ्गी, तृतीय पुरुष अनादरमा रहेको पाइन्छ भने मैथिलीमा असर पर्ने वाला फलभागी सँग क्रियाको मेल रहेको देखिन्छ ।

ख. मैथिलीमा भाववाच्यको क्रिया स्थुल प्रकृतिमा सहायक र मुख्य छन् भने नेपालीमा संयुक्त प्रकृतिका छन् ।

ग. नेपाली भाषामा क्रियाले कर्ता र कर्मसँग सङ्गति राखेको देखिँदैन तर मैथिलीमा कर्ताको आदर अनुसार क्रियारुपवालीले फरक सङ्गति राखेको पाइन्छ ।

घ. मैथिली भाषामा 'जा' सहायक धातुको भिन्न भिन्न रुप प्रयोगमा आउँदछ ।

### ५.६ ध्रुवीयता (करण/अकरण)

वाक्यमा क्रियाले दिने अर्थ सकारात्मक वा नकारात्मक के स्थितिमा छ भन्ने आधारमा ध्रुवीयता निर्धारण गरिन्छ । क्रियाले सकारात्मक अर्थ दिएमा करण हुन्छ र नकारात्मक अर्थ दिएमा अकरण हुन्छ । ध्रुवीयतालाई चिनाउने विद्वानहरुका विभिन्न मत् यस प्रकार छन् ।

"न सँग जोडिएर निषेध बुझाउने रुपावलीलाई अकरण (निगेटिभ) भनिन्छ । जन् शब्द वा पदमा निशेषध 'न' सँग जोडिएको छैन त्यस्ता रुपावलीलाई करण (एफरमेटिभ) भन्ने चलन छ" पोखरेल (२०४९: पृ. ६१) ।

"अकरण भनेको वाक्यबाट प्रकट हुने निषेधात्मक कार्य व्यापारा हो । करण वाक्यलाई अकरण बनाउनु पर्दा त्यसको क्रियालाई बदल्नु पर्दछ" आचार्य (२०५८ १४०) ।

"क्रियापदबाट निषेधात्मक कार्य जनाउने युक्तिलाई अकरण भनिन्छ । निषेध नबुझाउनेलाई करण भनिन्छ" अधिकारी (२०६१: २२९) ।

विभिन्न विद्वानहरुको परिभाषाबाट पनि सकारात्मक अर्थ बुझाउने क्रिया क्रियापदहरु प्रयोग भएका वाक्यहरू करण र नकारात्मक वा निषेध अर्थ बुझाउने क्रिया प्रयोग भएका वाक्यहरू अकरण हुन् भने कुरा प्रमाणित हुन्छ ।

नेपाली र मैथिली दुबै भाषामा यस किसिमका वाक्य फरक फरक ढङ्गलबाट अकरण बन्दछ । नेपालीमा अकरण जनाउने 'न' रुप पदादि, पदमध्ये र पदान्तमा प्रयोग हुन्छ भने मैथिलीमा क्रियापद भन्दा अगाडि पट्टि मात्र आउँछ । जस्तैः

करण

| नेपाली | मैथिली |
|---|---|
| उसले तरकारी खायो । | ओ तरकारी खेलक । |
| साँझमा पानी पर्ला । | साँझमे पानि परत । |
| तिमी एकलै हिँड । | तौँ असगरे चलह । |
| मेरो पैसा देऊ । | हमर पैसा दिअ । |
| ऊ हामीसँग बस्थ्यो । | ओ हमरसभ संगे बैसैत छल । |

अकरण

| नेपाली | मैथिली |
|---|---|
| उसले तरकारी खाएन । | ओ तरकारी नहि खेलक । |
| साझमा पानी नपर्ला । | साझमे पानि नहि परत । |
| तिमी एक्लै नहिँड । | तौँ असगेर नहि जाह । |
| मेरो पेसा नदेऊ । | हमर पैसा नहि दिअ । |
| ऊ हामीसँग बस्दैनथ्यो । | ओ हमरासभ संगे नहि बैठैत छल । |

माथिको उदाहरणबाट निम्न तथ्य स्पटिन्छन् ।

क नेपालीमा 'न' सर्ग जोडेर करणलाई अकरण वाक्यमा परिवतर्न गरेको देखिन्छ भने मैथिलीमा 'नइ' सँर्ग जोडिन्छ ।

ख. नेपालीमा सामान्यतः क्रियाको अन्त्यमा 'न' प्रत्यय जोडिन्छ भने मैथिलीमा क्रियापदभन्दा अगाडि 'नइ' सर्ग जोडिन्छ ।

ग. नेपालीमा अकरण बुझाउने 'न' सर्ग क्रियाको आदि मध्ये अनत्य तीनै स्थानमा प्रयोग हुन्छ भने मैथिलीमा क्रियाको वा मुख्य क्रियाको आदिमा मात्र प्रयोग हुन्छ ।

घ. नेपालीमा क्रिया अकरणमा रुपान्तरण हुँदा रुप पनि परिवर्तन भएको छ भने मैथिलीमा केवल 'नाइ' प्रत्यय मात्र थपिन्छ रुप परिवर्तन हुँदैन ।

**५.७ निष्कर्ष**

क. नेपाली र मैथिलीमा तीनवटा काल व्यवस्था रहेको पाइन्छ भत्, वर्तमान र भविष्यत । जसलाई भूत र अभूत गरी पनि देखाउन सकिन्छ तर यहाँ तीन काल व्यवस्था नै देखाईएको छ ।

ख. नेपाली भाषाको भूतकालको द्वितीय पुरुष सामान्य आदारमा लिङ्ग भेद छैन भने मैथिलीमा अन्य पुरुष (तृतीय पुरुष)मा ऐच्छिक रुपमा बाहेक अन्य पुरुषमा लिङ्गभेद नछुट्टीने देखिन्छ ।

ग. नेपाली भाषाको वर्तमान कालको प्रथम पुरुषमा लिङ्ग भेद पाईंदैन र अन्य द्वितीय पुरुषको उच्च आदर बाहेक सबै पुरुषका रुपहरुमा लिङ्ग भेद गरिन्छ भने मैथिली भाषामा अन्य पुरुष (तृतीय पुरुष) बाहेक अरुमा लिङ्ग भेद गरिदैन ।

घ. वर्तमान कालको द्वितीय पुरुष उच्च आदरको रुपमा दुबै भाषामा लिङ्ग भेद रुप पाइँदैन ।

ङ. नेपाली र मैथिली दुबै भाषामा वर्तमान काल सरह भविष्यत कालमा पनि समानता रहेको पाइदैन वा आ-आफ्नै किसिमको व्यवस्था छ ।

च. नेपाली र मैथिली भाषामा पक्ष व्यवस्था फरक फरक नेपालीमा पाँच वटा पक्ष व्यवस्था देखिन्छ, एसै आधारमा मैथिलीको पक्ष व्यवस्थालाई नियाँल्दा तीनवटा पक्षहरुको प्रचलन पाइन्छ ।

छ. नेपाली र मैथिली दुबै भाषामा पाँच पाँचवटा भावहरुको प्रचलन देखिन्छ ।

ज. इच्छार्थक वाक्यहरु हेर्दा दुबे भाषामा लिङ्ग भेद गरेको देखिँदैन । नेपाली भाषाको इच्छार्थकमा आदरभेद, वचनभेद र पुरुष भेद पाइन्छ भने मैथिलीको इच्छार्थकमा पुरुषभेद, आदरभेद पाइए तापनि वचनभेद पाइँदैन ।

झ. दुबै भाषामा आज्ञार्थक बनाउँदा मूल धातु नै क्रियाको रुपमा आएका देखिन्छन् । यी दुबै भाषामा आज्ञार्थक वाक्यहरुमा लिङ्ग भेद देखिदैन । यस भावका दुवै भाषाको वाक्यहरु हेर्दा कर्ताको उपस्थित पनि वैकल्पिक देखिन्छ ।

ञ. सम्भावनार्थ भावको प्रयोग गर्दा नेपालीमा मुख्य क्रिया सम्भावनार्थक रुपको प्रयोग गरिएको पाइन्छ भने मैथिलीमा भविष्यत्कालिक तथा सम्भावनार्थ क्रियारुप एउटै प्रयोग भएको पाइन्छ ।

ट. सङ्केतार्थक वाक्य निर्माणका क्रममा नेपाली भाषामा समापिका र असमापिका क्रियाको संयुक्त कार्यबाट सङ्केतार्थको बोध भएको देखिन्छ भने मैथिलीमा समापिका क्रियाले कार्यको निश्चितता नबताई त्यसको सम्भावना अथवा अर्को कार्यमाथि त्यसको निर्भरता बुझाएको पाइन्छ र नेपालीमा जस्तो मैथिलीमा असमापिका क्रियाको स्थिति देखापर्दैन ।

ठ. नेपाली र मैथिली दुबै भाषामा तीनवटा वाच्य व्यवस्था रहेको पाइन्छ, कतृवाच्य, कर्मवाच्य र भाववाच्य ।

ड. नेपाली भाषामा कर्मवाच्य र भावावच्य बनाउँदा क्रियासँग इ प्रत्यय जोडिन्छ भने मैथिली भाषामा कर्मवाच्य र भाववाच्य बनाउँदा 'जा' सहायक धातुको भिन्न भिन्न रुप प्रयोगमा गरेको पाइन्छ र कुनै कुनै स्थानमा हो अथवा 'रह' धातुको सहायता पनि लिने गरिएको पाइन्छ ।

ढ. नेपाली र मैथिली भाषामा करण र अकरण वाक्य व्यवस्था समान रुपले प्रयोग भएको देखिन्छ तर नेपालीमा अकरण बोधी 'न' प्रत्यय क्रियाको आदि, मध्ये र अन्त्य मध्ये कुनै पनि स्थानमा आउन सक्छ भने मैथिली भाषामा 'नइ' प्रत्यय क्रियाभन्दा अगाडि मात्रै प्रयोग हुने गर्दछ ।

# अध्याय छ

## उपसंहार तथा निष्कर्ष

नेपाली र मैथिली भाषाको व्याकरणिक कोटिहरूको तुलनात्मक अध्ययन गर्ने उद्देश्यले तयार गरिएको यस शोधपत्रको पहिलो अध्याय वा अध्यायमा शोध परिचय एवम् अध्ययन विधि प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा नेपाली र मैथिली भाषाको सामान्य परिचय दिइएको छ । यस क्रममा नेपाली र मैथिली दुबै भाषाको पारिवारिक सम्बन्ध, भौगोलिक विस्तर र भाषिकाहरू, सामाजिक भूमिका, साहित्यिक रूपरेखा एवम् पारस्परिक सम्बन्ध प्रस्तुत गरिएको छ । नेपालमा वा मैथिली भाषाको छिमेकमा रहेको अन्य भाषाका शब्द सम्पदा र मैथिली भाषाको शब्द सम्पदाको उल्लेख गरिएको छ ।

तेस्रो अध्यायमा नेपाली भाषा र मैथिली भाषाका व्यारणिक शब्दवर्गको परिचय दिई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । तुलनाको क्रममा दुबै भाषाका नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधकका उदाहरणहरू प्रस्तुत गरी तिनीहरूको तुलना गरिएको छ । चौथो अध्यायमा नेपाली र मैथिली दुबै भाषाका नामिक पदका व्याकरणिक कोटिहरूको परिचयदिई उदाहरणसहित तुलना गरिएको छ । तुलनाका क्रममा लिंग, वचन, पुरुष, आदर र कारकका दुबै भाषाका उदाहरणहरू प्रस्तुत गरी तिनीहरूको तुलना गरिएको छ । त्यसैगरी पाचौँ अध्यायमा नेपाली

र मैथिली दुबै भाषाका क्रियापदको व्याकरणिक कोटिहरूको परिचय दिई तुलना गरिएको छ । तुलनाको क्रममा क्रियापदका व्यारणिक कोटिहरू काल, पक्ष, भाव, वाच्य र ध्रुवीयताका दुबै भाषाका उदाहरणहरू प्रस्तुत गरी तिनीहरूको तुलना गरिएको छ ।

नेपाली भाषा नेपालको सरकारी कामकाजको, सञ्चारमाध्यम र अभिलेखीकरण आदि कार्यमा प्रयोग भएको पाइन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको पठनपाठनमा यस भाषाको प्रयोग भएको देखिन्छ । यस भाषाका विभिन्न भाषिक एवम् स्थानीय भेदहरू पाइन्छन् । यस भाषाको शब्दकोष लेख्न, व्याकरण लेखन, साहित्यिक लेखन आदि कार्यहरू पनि प्रशस्त भएको पाइन्छ । अध्ययनमा क्रममा यस भाषाको विविध पक्षको बारेमा अध्ययन अनुसन्धानहरू पनि भएको देखिन्छ । यस भाषाका वक्ता आजको संसारमा नेपालभित्र मात्र नभई नेपालबाहिर नेपालीहरू रहेका हरेक देश देशान्तरसम्म फैलिएको पाइन्छ । आज यो भाषा नेपालभित्र बसोबास गर्ने विविध भाषाका वक्ताहरूबीच सम्पर्क भाषाको रूपमा स्थापित भई प्रयोग भएको पाइन्छ ।

मैथिली भाषा पनि नेपालमा नेपाली भाषा जस्तै सबै वर्ग र जातजातिले प्रयोग गर्ने भाषाको रूपमा स्थापित भएको भाषा हो । यो भाषा पनि हिन्दू, क्रिश्चियन, बौद्ध, मुस्लिम सबै धर्मावलम्बीहरूले प्रयोग गर्ने भाषा हो । मैथिली भाष एउटा निश्चित भूगोलभित्र बसोबास गर्ने जनताहरूले बोल्ने भाषा हो । आज विश्व परिवेशमा पनि १६ औं स्थानमा रहेको यो भाषा औपचारिक सरकारी कामकाज बाहेक अन्य सञ्चार माध्यम अभिलेख आदिमा प्रयोग भएको पाइन्छ । विद्यालय तहदेखि पठनपाठनमा ऐच्छिक विषयको रूपमा पठनपाठन कार्य भइरहेको  यस भाषामा उच्च शिक्षाको लागि पनि विश्वविद्यालय स्थापना भई उच्च शिक्षा हाँशिल भइरहेको स्थिति छ । यस भाषाको शब्दकोष, व्याकरण, साहित्य आदिको लेखन कार्यहरू पनि भइसकेका छन् । यस भाषाको विविध पक्षका बारेमा अध्यनय अनुसन्धानहरू पनि भएको तथ्यको बारेमा जानकारी पनि पाइन्छ । मैथिली भाषाको मुख्य प्रयोग क्षेत्र नेपाल र भारत रहेको छ ।

आज नेपाली भाषा र मैथिली भाषाका प्रयोग क्षेत्र आ-आफ्नै रहे तापनि नेपाली भाषा जुन रूपमा व्याक परिवेशमा विकसित भएको छ । सोही रूपमा मैथिली भाषा व्याक परिवेशमा विकसित बन्न सकेको छैन । नेपालभित्र नेपाली भाषाको व्याकपतामा भारतमा हिन्दी भाषाको व्यापकता र अन्य देशमा सोही देशको भाषाको व्यापकतामा रुमलिएको यो मैथिली भाषा सुस्तरी नेपालको तराई जिल्लामा आमसम्पर्कको भाषा पनि बन्दै गएको

पाइन्छ तर नेपाली भाषाको व्यापकतामा यो भाषा फस्टाउन सकेको छैन । यसरी सुस्तरी वर्तमान परिप्रेक्ष्यमा केही संस्था, संघ, प्रतिष्ठान, मञ्च आदिका माध्यम र केही भाषा सेवीका यन्त्रले यो भाषा विकसित गतिमा अग्रसर बन्दैछ ।

नेपाली र मैथिली भाषा एउटै परिवारका दुई भिन्न शाखाबाट विकसित भएको पाइन्छ । दुबै भाषा शब्दभण्डारका दृष्टिले समान देखिन्छन् । दुबै भाषाका नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपात आदिको समान व्यवस्था पाइन्छ तर ध्वन्यात्मक परिवर्तन भने निकै देखिन्छ ।

नेपाली र मैथिली दुबै भाषामा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुईवटा लिङ्ग छ तर लिङ्ग संगति फरक रहेको पाइन्छ । नेपाली र मैथिलीमा मानवीय र मानवेतर रूपमा पनि लिङ्ग व्यवस्था समान रहेको छ तर मैथिलीमा अन्य पुरुषमा बाहेक अरु पुरुषमा लिङ्ग भेद नछुटिने देखिन्छ । नेपाली भाषाका स्वामित्व जनाउने पदमा लिङ्ग भेद गर्ने गरेको भए पनि मैथिली भाषामा यस्तो पाइदैन ।

नेपाली र मैथिली दुबै भाषामा एकवचन र बहुवचन गरी दुईवटा वचन रहेका छन् । नेपाली भाषामा नाम, सर्वनाम, विशेषण र क्रियामा वचन भेद गरिने प्रक्रिया छ भने मैथिली भाषामा वचन भेद यस किसिमको देखिएको छैन र वचन भेद देखाउनको लागि एकवचनमा ‘लोकिन’ तथा सभ/सब जोडिएको पाइन्छ । नेपाली भाषामा वचन भिन्नताको कारण शब्दको रूपमा परिवर्तन आएको पाइन्छ तर मैथिलीमा देखिँदैन । नेपाली भाषामा नाम एकवचन भए पनि क्रिया बहुवचनको प्रयोग गरेर बहुवचन बनाउन सकिन्छ तर मैथिलीमा नामको एकवचनमा सभ/लोकिन जोडेर मात्र अनि क्रियामा कुनै परिवर्तन नगरि बहुवचन बनाउन सकिन्छ ।

नेपाली र मैथिली दुबै भाषामा पुरुष व्यवस्थाको निरूपण गर्दा तीन किसिमको पुरुष भएको पाइन्छ । पुरुष मूलतः सर्वनामको व्याकरणिक अभिलक्षण भए तापनि यसले दुवै भाषामा क्रियापदको रूपलाई समेत प्रभावित पारेको छ ।

नेपालीमा चार तहमा देखिएको आदर मैथिली भाषामा पनि देखिन्छ । नेपालीमा दरबारी आदरार्थी र उच्च आदरार्थीको क्रियामा लिङ्ग संगति पाइँदैन तर मध्य र सामान्य वा निम्न आदरार्थीको क्रियामा लिंग संगति देखिन्छ भने मैथिली भाषामा उच्चतम, उच्च, मध्यम आदरार्थीको क्रियाको रूपहरूमा लिंग संगति पाइँदैन र त्यसैगरी वक्ताको स्तरले पनि आदरलाई प्रभावित पारेको देखिन्छ ।

नेपाली भाषाको वाक्यात्मक प्रयोगमा कर्ता र क्रिया बीचको सम्बन्ध स्थापित गर्न आउने व्याकरणात्मक कोटिको रूपमा रहेको कारकको प्रयोग मैथिली भाषामा पनि देखिन्छ । दुवै भाषामा कारकको सरल र तिर्यक रूपको प्रयोग प्रचलनमा देखिन्छ । तिर्यक कारकमा दुवै भाषामा अलग अलग कारकलाई बुझाउन अलग अलग विभक्तिको प्रयोग भएको पाइन्छ । तर कर्ता कारकमा विभक्तिको प्रयोग देखिँदैन वा शून्य अवस्था छ ।

नेपाली र मैथिली दुवै भाषामा काल व्यवस्था भूत, वर्तमान र भविष्यत गरी तीनवटा रहेका छन् । नेपाली काल व्यवस्थामा भूतकालको लागि 'यो' रूप र वर्तमान र भविष्यतकालको लागि 'छ' रूप प्रयोग गरिन्छ भने मैथिली भाषामा कर्ताको श्रेणी अनुसार धातुमा जोडिने प्रत्यय र रूप फरक फरक जस्तो भूतकालमा 'ल' आधार प्रत्ययसँग ई, हुँ, छि, ए, क, छथि आदि वर्तमान कालमा इत सँग आधार प्रत्यय छ सँग ई, हिँ/ए, यि आदि र भविष्यतकालमा आधार प्रत्यय 'ब'/'त' सँग औँ, हिँ/एँ, इ, आदि रूपको प्रयोग भएको पाइन्छ । दुबै भाषामा तीनवटै कालमा प्रथम पुरुषमा लिङ्गभेद पाइँदैन भने नेपाली भाषाका द्वितीय र तृतीय पुरुषको सकर्मक र अकर्मक दुवै क्रियाको लिङ्गभेद भएको पाइन्छ भने मैथिली भाषाको अन्य पुरुष वा तृतीय पुरुषको अकर्मक क्रियाको भूतकालमा मात्र लिङ्ग भेद पाइन्छ ।

नेपाली र मैथिली भाषाको पक्ष व्यवस्थालाई नियाल्दा नेपालीमा पाँचवटा पक्षहरूको स्पष्ट भेदहरू देखिन्छ भने मैथिली भाषामा रहेको पक्ष व्यवस्थालाई नेपाली भाषाको पक्ष व्यवस्थासँग सापेक्षिक रूपमा हेर्दा तीनवटा पक्षहरूको स्पष्ट व्यवस्था पाइन्छ । नेपाली र मैथिली भाषाको पक्ष व्यवस्थालाई नियाल्दा रूपहरूमा समान रूपले लिङ्ग व्यवस्था रहेको पाइँदैन । नेपालीमा पक्ष व्यवस्थाको रूपहरूमा लिङ्ग व्यवस्था रहेको पाइन्छ भने मैथिलीमा यसको अभाव देखिन्छ । अज्ञात र अभ्यस्त पक्षहरूमा नेपालमिा छुट्टाछुट्टै रूपहरूको प्रयोग देखिन्छ भने मैथिलीमा पूर्ण पक्षको र अपूर्ण पक्षको क्रियापदले नै यसको अर्थ व्यक्त गरेको पाइन्छ ।

नेपाली र मैथिलीमा पाँचपाँचवटा भावहरूको प्रयोग देखिन्छ । इच्छार्थक वाक्यहरू हेर्दा दुबै भाषामा लिङ्ग भेद पाइँदैन । नेपाली भाषामा आदरभेद, वचनभेद र पुरुषभेद पाइन्छ भने मैथिलीमा आदरभेद, वचनभेद र पुरुषभेद पाइन्छ भने क्रियारूपमा बचनभेद पाइँदैन । त्यसैगरी आज्ञार्थक वाक्यहरूलाई हेर्दा कर्ताको उपस्थिति पनि वैकल्पिक पाइन्छ । यसैगरी वाक्यमा सम्भावनार्थक क्रियाको प्रयोग गरेर सम्भावनार्थ वाक्य निर्माण गरेको देखिन्छ तर

यस क्रममा नेपाली भाषामा लिङ्ग, वचन, पुरुष र आदर अनुसार क्रियामा भेद देखिन्छ भने मैथिलीमा पुरुष र आदर अनुसार मात्र क्रियारूपहरू फरक फरक देखिन्छ । सङ्केतार्थक वाक्य निर्माण गर्दा समापिका र असमापिका दुवै क्रियाको प्रयोग दुवै भाषामा हुने गरेको पाइन्छ । समापिका क्रियाको प्रयोग हुँदा हुँदै भाषामा संयोजक प्रयोग गरेको पाइन्छ भने नेपाली भाषामा असमापिका क्रियाको प्रयोगमा संयोजक प्रयोग देखिँदैन । समापिका क्रियाको प्रयोगमा नेपाली भाषामा लिंग भेद देखिन्छ तर मैथिली भाषामा देखिँदैन र नेपाली भाषामा असमापिका क्रियामा यो भेद देखिँदैन भने मैथिली भाषामा पनि यो भेद भूतकालको तृतीय पुरुषमा देखिन्छ । संकेतार्थक वाक्यहरूमा वचन भेद देखिँदैन तर पुरुष र आदरार्थी भेद भने देखिन्छ ।

नेपाली र मैथिली दुवै भाषामा कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य गरी तीन वाच्यको व्यवस्था पाइन्छन् । नेपालीमा जुनसुकै काल पक्षका कर्तृवाच्यका वाक्यहरू कर्मवाच्यमा परिवर्तन भए जस्तै मैथिलीमा पनि जुनसुकै काल पक्षको कर्तृवाच्यका वाक्यहरू कर्मवाच्यमा परवर्तन हुन्छन् । नेपाली र मैथिली दुवै भाषामा कर्मवाच्यमा वाक्यहरूमा कर्मअनुरूपको क्रियारूपहरूको प्रयोग स्पष्ट देखिन्छ । भाववाच्यको प्रयोगमा क्रिया तृतीय पुरुष एकवचनमा दुवै भाषामा रहेको पाइन्छ ।

नेपाली भाषामा अकरण बनाउँदा क्रियापदमा 'न' सर्गको रूपमा जोडिएको देखिन्छ । यसक्रममा 'न' को प्रयोग क्रियापदको आदि, मध्य र अन्त्यमा भएको पाइन्छ भने मैथिली भाषामा 'नइ' रूप प्रयोग गरी अकरण वनाएको पाइन्छ । अकरण बोधक 'नइ' रूप क्रियापदको भन्दा अगाडि पट्टि मात्रै आउँछ ।

समग्र रूपमा नियाल्दा मैथिली भाषा पनि भारोपेली परिवारको आधुनिक आर्य भाषाको रूपमा विकसित भएको र मागधी प्रकृतबाट विकसित मैथिली भाषा नेपाली, अवधि, हिन्दी, भोजपुरी आदि भाषाको बीचमा आफ्नो अलग अस्तित्वको साथ रहेको पाइन्छ । मैथिली भाषाले व्याकरणिक प्रभावहरू आफ्नो निकटतम भाषाबाट ग्रहण गर्न थालेको विश्लेषणको क्रममा देखिए तापनि व्याकरणिक लिंग भेद समाप्त हुँदै गएको पाइन्छ । नेपाली र मैथिली भाषाको व्याकरणात्मक कोटीहरु तात्विक रुपमा कतै समान र कतै भिन्न रहेको पाइन्छ । आज यो भाषा अन्य भाषासक्गाको सन्निकटताको कारण वा नेपाली भाषासँगको निकटताको कारणले यसको शब्द भण्डार र साहित्यिक रचनाहरूको माध्यमबाट यो भाषा उन्नत भइरहेको अवस्थामा पाइन्छ ।

## ६.१ सम्भाव्य शोध शीर्षक

मैथिली भाषाका बारेमा कोलब्रुक र ग्रियर्सनकै पालादेखि धेर-थोर अध्ययन हुँदै आइरहेको पाइन्छ । तर पनि यस भाषासँग तुलनात्मक अध्ययन गर्ने क्रममा त्यति धेरै कार्य भएको छैन । यस शोधकार्यमा मैथिली भाषामा बोलचालका क्रममा देखिएका व्याकरणगत भिन्नताका आधारमा व्याकरण कोटिहरूको नेपाली भाषाका व्याकरणात्मक कोटिहरूसँग तुलना गरिएको छ । यस भन्दा बाहेक मैथिली भाषासँग सम्बन्धित धेरै अध्ययनहरू बाँकी रहको छन् । ती मध्ये भावी अध्ययनका केही पक्षहरू निम्नअनुसार रहेका छन् :

(क) मैथिली भाषाका ध्वनि तात्विक/अर्थतात्विक/वाक्यतात्विक अध्ययन ।

(ख) मैथिली भाषाको समाज भाषा वैज्ञानिक अध्ययन ।

(ग) नेपाली र मैथिली भाषाको एक अर्कामा परेको प्रभाव ।

## सन्दर्भसामग्रीसूची


अधिकारी, हेमाङ्गराज (२०६३), **समसामयिक नेपाली व्याकरण,** दो.सं., विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद (२०६४), **भाषाविज्ञान,** कीर्तिपुरः क्षितिज प्रकाशन ।

आचार्य, व्रतराज (२०४०), **हाम्रो भाषा,** ललितपुर, सुन्धार प्रिन्टिङ प्रेस ।

उपाध्याय, शैलेशकुमार (२०६६), **नेपाली र भोजपुरी भाषाका व्याकरणात्मक कोटिहरुको तुलनात्मक अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

गडेरी, सत्यनारायण (२०५४), **नेपाली र मैथिली भाषाका पदसंगतिको तुलना,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

गिरि जिवेन्द्रदेव (२०६३), **नेपाली भाषा परिचय,** काठमाडौंः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०४९), **नेपाली भाषा परिचय,** काठमाडौंः साझा प्रकाशन ।

झा, पं गोविन्द (सन् १९६९), **उच्चतर मैथिली व्याकरण,** पटनाः मैथिली अकादमी ।

झा, दिनबन्धु (सन् १९४६), **मैथिली भाषा विद्यालय,** दरभंगाः मैथिली भाषापरिवार ।

झा, युगेश्वर (सन् १९७९), **मैथिली व्याकरण,** आओर रचना, पटनाः भारती भवन ।

झा 'व्यथित', डा. बाल गोविन्द (सन् १९७६), **आधुनिक मैथिली व्याकरण,** ओ रचना, दरभंगा, भारती प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), **भाषाविज्ञानको रुपरेखा,** धराजः नेपाल बुक डिपो ।

नेपाल अधिराज्यको संविधान (२०४६), **कानुन किताब व्यवस्था समिति,** बबरमहल, काठमाडौं ।

नेपालको अन्तरिम संविधान (२०६३), **कानुन किताब व्यवस्था समिति,** बबरमहल, काठमाडौं ।

पण्डित हेमराज (२०५१), **चन्द्रिका,** दो.सं. काठमाडौंः साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (२०५५), **राष्ट्रभाषा,** दो.सं., काठमाडौंः साझा प्रकाशन ।

पोखरेल, माधवप्रसाद, “नेपाली भाषामा लिङ्ग व्यवस्था”, **पाठ्यक्रम विकास,** (८ः १८, २०४२) पृ. ४१-५०) ।

बन्धु, चुडामणि (२०५२), **नेपाली भाषाको उत्पत्ति,** काठमाडौंः साझा प्रकाशन ।

- - - (सन् १९७४), **मैथिली भाषाका विकास,** पटनाः बिहार हिन्दी ग्रन्थ अकादमी ।

- - - “मैथिली भाषा पृष्ठभूमि र विशेषता” **सयपत्री,** मैथिली भाषाविशेषाङ्कः १, २०५५ ।

यादव, योगेन्द्र प्रसाद (सन् २००३), **पपुलेसन मोनोग्राफ अफ नेपाल,** भोल्भसी बी.एस. एण्ड न्यू एन.एफ. वी.ए, पीपी-१३२-१७२ ।

यादव, योगेन्द्र प्रसाद र यादव, देवनारायण, “मैथिली भाषा विशेषाङ्क”, **गरिमा,** २०५५ः पृ. १०१ ।

शर्मा, मोहनराज (२०५३), **शब्दरचना र वर्णविन्यास वाक्य तत्व र अभिव्यक्ति,** काठमाडौं ।

स्टास्टिकल पकेट बुक (सन् २००८), **सेन्ट्रल व्युरो अफ स्टाटिस्टिक,** काठमाडौंः थापाथली ।

सिग्द्याल, सोमनाथ (२०५५), **मध्यचन्द्रिका,** काठमाडौंः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०६४), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, न.सं., काठमाडौं ।

श्रेष्ठ, दयाराम (२०६१), **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ,** काठमाडौंः त्रिकोण प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०६०), **नेपाली कविता भाग चार,** चौ.सं. ललितपुर, साझा प्रकाशन ।

**पत्र-पत्रिकाहरु**

- - - (२०५८), **आधारभूत नेपाली व्याकरण तथा रचना,** काठमाडौंः साझा प्रकाशन ।

- - - (२०५३), **भाषाविज्ञान,** सा.सं., काठमाडौं, साझा प्रकाशन ।

- - - “नेपाली बाच्य”, **मधुपर्क,** (२५ः १, २०४९), पृ. ५३-५४ ।

- - - “नेपाली क्रियाको भाव”, **मधुपर्क**, (२५ः २, २०४९), पृ. ५९ ।

- - - “नेपाली क्रियाको काल”, **मधुपर्क,** (२५ः ३, २०४९), पृ. ६१ ।

- - - “नेपाली क्रियाको काल वा पक्ष”, **मधुपर्क,** (२५ः ५, २०४९), ६०-६२ ।

- - - “नेपाली भाषामा वचन व्यवस्था”, **मधुपर्क,** (२६: १, २०५०), पृ. ५४-५५ ।

- - - “नेपाली भाषामा पुरुष व्यवस्था”, **मधुपर्क,** (२६: २, २०५०), पृ. ३९-४० ।

- - - “नेपाली भाषाका कारक”, **मधुपर्क,** (२६:३: २०५०), पृ. ३५-३६ ।

- - - “नेपालीको लिङ्ग”, **मधुपर्क,** (२६: ४, २०५०), पृ. ४९-५० ।

- - - “२०५४), **नेपाली वाक्य व्याकरण,** काठमाडौंः एकता बुक्स ।

- - - (२०५५), **नेपाली भाषाको उत्पत्ति,** काठमाडौंः साझा प्रकाशन ।

- - - (२०५२), **नेपाली कारक व्याकरण,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

- - - (सन् १९९९), **रिडिङ्स इन मैथिली ल्याङ्वेज,** लिटरेचर एण्ड कल्चर, काठमाडौंः रोयल नेपाल एकेडेमी ।